# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

बिहीबार, वैशाख ६, २०७५ | Thursday, April 19, 2018 | www.newsofnepal.com | नेसं ११३८ बछालाथ्व ४ | वर्ष २४, अंक ९९ | पृष्ठ १२ | मूल्य रू १०/–



HONDA
The Power of Dreams

सम्बन्ध हर्ष उल्लासको
सम्बन्ध नयाँ आगमनको
सम्बन्ध पहिचानको
सम्बन्ध नौलोपनको
सम्बन्ध जिम्मेवारीको
सम्बन्ध सहजताको
सम्बन्ध गर्वको
सम्बन्ध इतिहासको
सम्बन्ध भरोसाको
सम्बन्ध उत्तरदायित्वको
सम्बन्ध आत्मनिर्भरताको

सम्बन्ध ५० वर्षको

JYOTI
Syakar
Trading Company Pvt. Ltd.


HONDA
The Power of Dreams
सम्बन्ध हर्ष उल्लास
सम्बन्ध नयाँ आगमन
सम्बन्ध पहिचान
सम्बन्ध नौलोपन
न्ध जिम्मेवारी
म्बन्ध सहजता
सम्बन्ध गर्वको
सम्बन्ध इतिहासको
सम्बन्ध भरोसा
सम्बन्ध उत्तरदायित्वको
सम्बन्ध आत्मनि
HONDA
CELEBRATING
50
YEARS
IN NEPAL
तपाईं र हामी बीचको यात्राले
आज पूरा गरेको छ
सम्बन्ध ५० वर्षको !
स्याकार परिवार गर्व गर्दछ, तपाईंसँग
सम्बन्ध गाँस्न पाएकोमा ! ५० वर्षको यस
यात्रामा तपाईंहरुले हामी प्रति देखाउनु भएको
भरोसा र विश्वासको हामी मनैदेखि कदर
गर्दछौं र यस सम्बन्धलाई अझ कसिलो
बनाउन आगामी दिनहरुमा हामी अझ
मेहनतका साथ उत्कृष्ट रुपमा प्रस्तुत हुनेछौं ।
JYOTI
Syakar
Trading Company Pvt. Ltd.
1960
1970
1980
2002
2008
2017
CT 90
The first model imported by Jyoti Group in Nepal.
CG 125
One of the most loved Honda motorcycle in Nepal.
XL 185
The most popular and durable off-road motorcycle in Nepal.
Dio
The highest selling unisex scooter in Nepal.
Shine
The most reliable 125cc motorcycle in Nepal.
CBR1000RR Fireblade
One of the most loved Honda's super sports motorcycle in Nepal.

नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA
बिहीबार, वैशाख ६, २०७५ | Thursday, April 19, 2018 | www.newsofnepal.com | नेसं ११३८ बछलाथ्व ४ | वर्ष २४, अंक ९९ | पृष्ठ १२ | मूल्य रू १०/–

## नन्दप्रसादले अझै मुक्ति पाएनन्

# ४३ महिनादेखि शव अलपत्र

फाइल तस्वीर





गंगा बराल, काठमाडौं

न्यायका लागि अनशन बस्दा मृत्यु भएका गोरखा फुजेल-७ का नन्दप्रसाद अधिकारीको शव त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा ४३ महिनादेखि अलपत्र छ।

कान्छो छोरा कृष्णप्रसादको हत्यामा संलग्नलाई कारबाहीको माग गर्दै काठमाडौंको वीर अस्पतालमा अनशन बसिरहेका बेला ३ सय २९ दिनमा २०७१ असोज ६ गते नन्दप्रसादको निधन भएको हो। नन्दप्रसादकी श्रीमती गंगामाया भने अस्पतालमै अनशनरत हुनुहुन्छ,। दुवैले सँगै अनशन शुरू गर्नुभएको थियो। घटनाका दोषीलाई कानुनी कारबाही नभएको भन्दै परिवारले अझैसम्म शव उठाउन मानेको छैन।

शवको दाहसंस्कार नहुँदा काजकिरिया पनि भएको छैन। वीरमा अनशनरत गंगामायाले पनि दोषीलाई कारबाही नगरिएसम्म अनशन नतोड्ने अडान राख्नुभएको छ। कृष्णप्रसादको २०६१ साल जेठ २४ गते माओवादीले हत्या गरेको थियो। एसएलसी परीक्षा सकेर चितवन हजुरआमाका घरमा आएका बेला माओवादी कार्यकर्ताले अपहरण गरी लगेका थिए। भाइको हत्या भए पनि दोषीले उन्मुक्ति नपाओस् भनेर संघर्ष गर्दागर्दै एक मात्र दाजु नूरप्रसाद पनि केही वर्षदेखि बेपत्ता हुनुहुन्छ।

हत्यामा संलग्न भएका भनिएका छविलाल पौडेल, भीमसेन पौडेल, कालिप्रसाद अधिकारी, सीता अधिकारी, रामप्रसाद अधिकारी, सुभद्रा अधिकारी, परशुराम पौडेल, हिमलाल अधिकारी, मेघनाथ पौडेल, रामप्रसाद अधिकारी, जानुका पौडेल, विष्णुप्रसाद तिवारी र रुद्र आचार्यले चितवन जिल्ला अदालतमा बयान दिइसकेका छन्। सर्वोच्च अदालतले २०७२ साल पुस ६ गते छविलाललाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखी कारबाही गर्नु भनेर आदेश दिए पनि छविलाल त्यसपछि बेपत्ता हुनुहुन्छ। छविलालबाहेक अरूले तारेख धाइरहेका छन्।

२०७० चैत ३० गते सरकारी वकिलको कार्यालय चितवनमा अभियोग दर्ता भएको थियो। सुशील कोइराला प्रधानमन्त्री भएका बेला अन्तिम सुनुवाइ भएर बहस नोटसमेत झिकाइसकेपछि पनि कुनै प्रक्रिया अघि बढेको थिएन। तत्कालीन जिल्ला न्यायाधीश टेकबहादुर कुँवर हुनुहुन्थ्यो भने त्यसपछि कविराज न्यौपाने र कुलप्रसाद शर्मा आइसक्नुभएको छ।

यो घटनालाई नजिकबाट हेर्दै आउनुभएका नेपाल मानव अधिकार संगठनका अध्यक्ष इन्द्रप्रसाद अर्यालले सरकारले चाहेमा मात्र कारबाही हुने तर कारबाही गर्नुपर्छ भन्ने पक्षमा राजनीतिक नेतृत्व उदार नभएको बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

## कोटेश्वरमा जामको सास्ती

# कहिले बन्छ सुरुङ मार्ग ?

मधुसूदन रायमाझी, काठमाडौं

जडिबुटी-कोटेश्वर हुँदै आवतजावत गर्ने यात्रु दैनिक आधा घण्टादेखि डेढ घण्टासम्म ट्राफिक जाममा पर्छन्। तीनकुने-सूर्यविनायक सडक ६ लेनको भए पनि सवारीसाधनको चापका कारण दैनिकरूपमा कोटेश्वरमा पनि घण्टौं जाम हुने गरेको छ।

कोटेश्वरको जाम छिचोल्ने यात्रु पैदल यात्रा गर्नसमेत बाध्य भएका छन्। मुग्लिन-नारायणगढ सडकखण्ड निर्माण भइरहेका कारण पूर्वबाट नागढुंगा हुँदै राजधानी भित्रिने यातायात बीपी राजमार्ग हुँदै काटेश्वरबाट काठमाडौं भित्रिने गरेका छन्।

कोटेश्वर-जडिबुटी सडक खण्डमा सर्भिस ट्र्याक नहुँदा ट्राफिक जाम हुने गरेको छ। बीपी राजमार्ग र अरनिको राजमार्ग हुँदै दैनिकरूपमा सात हजारभन्दा बढी सवारीसाधन कोटेश्वर हुँदै आवतजावत गर्ने गरेका महानगरीय ट्राफिक महाशाखाले बताएको छ। सडक साँघुरो हुँदा दैनिकरूपमा यात्रुले सास्ती बेहोर्दै आएका छन्। पेप्सीकोलाबाट बागबजार हिँड्नुभएकी राधा पौडेल दैनिक जाम हुन थालेपछि जडिबुटीबाट काटेश्वरसम्म हिँडेर गाडी चढ्ने गरेको बताउनुहुन्छ।

'दैनिक ट्राफिक जाम हुन्छ, समयमा नै कार्यालय नपुगे गाली खानुपर्छ, पेप्सीकोलाबाट जडिबुटीसम्म गाडीमा आउँछु, त्यसपछि हिँड्दै कोटेश्वर चोकमा आएर अर्को गाडी चढेर कार्यालय जान्छु।' सर्वसाधारण यात्रु मात्र होइनन्, कोटेश्वर-जडिबुटी सडकमा एम्बुलेन्ससमेत जाममा पर्ने गरेका छन्। ट्राफिक प्रहरीले जामलाई न्यूनीकरण गर्न कोसिस गरे पनि अत्यधिक सवारी साधनको कारण व्यवस्थापन गर्न सकिरहेको छैन।

काठमाडौं भित्रिने मुख्य नाका कलंकीमा अन्डरपास निर्माण भए पनि कोटेश्वर चोकमा आकाशे पुल र अन्डरपास निर्माणको प्रक्रिया अझै अगाडि बढ्न सकेको छैन। सरकारले यस आर्थिक वर्षभित्र तीनकुनेबाट जडिबुटी आसपासको क्षेत्रसँग जोड्न सुरुङ मार्ग गर्ने विषयलाई नीति तथा कार्यक्रममा नै सहभागी गरायो तर अझै प्रक्रिया अगाडि बढ्न सकेको छैन।

- पैदल यात्रीलाई बाटो क्रस गर्न नै मुस्किल
- सवारीको अत्यधिक चाप, आकाशे पुल नहुँदा सधैं समस्या
- विमानस्थलमुनिबाट सुरुङमार्गको अध्ययन हुँदै

कोटेश्वर-जडिबुटी सडकको दायाँबायाँ नै नागरिक उड्डयन प्राधिकरणको जग्गा पर्छ। सरकारले अहिले तीनकुनेको मुनि भैरवथानबाट जडिबुटी हुँदै मनहरा खोलापारि जोड्ने सुरुङ मार्ग निर्माणका लागि अध्ययन कार्य अगाडि बढाएको छ।

सडक विभाग वैदेशिक समन्वय महाशाखाका प्रमुख सञ्जय श्रेष्ठले तीनकुनेदेखि जडिबुटीसम्म अन्डरपास निर्माणका लागि अध्ययन कार्य भइरहेको बताउनुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'अन्डरपास बनाउन अध्ययन भइरहेको छ, विमानस्थल मुनिबाट अन्डरपास बनाउने गरी अध्ययन भइरहेको छ केही समयभित्र नै डीपीआर तयार हुन्छ।'

उहाँका अनुसार अन्डरपास निर्माणका लागि जापान सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

भक्तपुर क्षेत्र नम्बर २ का सांसद महेश बस्तेनले तीनकुने-जडिबुटी सुरुङ मार्गको काम तत्काल अगाडि बढाउनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'कोटेश्वरमा अत्यधिक जाम हुने गरेको छ, सडकको दायाँबायाँ सर्भिस ट्र्याक नहुँदा समस्या छ, तत्काल सर्भिस ट्र्याक सञ्चालन गर्नुपर्छ।'

उहाँले कोटेश्वरको भैरवमन्दिरदेखि विमानस्थलमुनि हुँदै पेप्सीकोलासम्म वैकल्पिक सुरुङ मार्ग बनाउनुको कुनै विकल्प नभएको बताउनुभयो। राजधानीबाट भक्तपुर हुँदै पूर्वी जिल्लामा जाने यातायातको व्यवस्थापन गर्ने वैकल्पिक मार्ग बनाउदा सुरुङ मार्ग आधुनिक र भरपर्दो विकल्प भएको उहाँले बताउनुभयो।

सरकारले तत्काल सर्भिस ट्र्याक सञ्चालनमा ल्याउने हो भने पनि कोटेश्वरको बढ्दो ट्राफिक जाम न्यूनीकरण हुनेछ। कोटेश्वरमा बढ्दो ट्राफिक जामको कारण पैदल यात्रीलाई समेत सडक क्रस गर्न कठिनाइ हुने गरेको छ।

१० अर्बमा बन्दैछन् त्रिविका भवन
पृष्ठ ९

हामी नेपालहरुमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ।
नयाँ प्रविधि र नयाँ क्षेत्रहरुमा हामी जानैपर्छ।
मुख्यतः हामीमा प्रतिबद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग




# पदाधिकारी मनोनित गर्दै देउवा

रामकृष्ण चापागाईं, काठमाडौं

कांग्रेस सभापति शेरबहादुर देउवाले जारी बैठकमै पदाधिकारी मनोनित गर्ने गृहकार्य गरेसँगै असन्तुष्ट पक्षले विधानलाई देखाएर ढिलो मनोनित पदाधिकारीलाई नमान्ने भनि विरोध गर्ने तयारी गरेका छन्।

कांग्रेस विधानमा सभापतिले निर्वाचित केन्द्रीय सदस्यहरूमध्येबाट एक उपसभापति, एक महामन्त्री र एक सहमहामन्त्री मनोनित गर्ने व्यवस्था छ।

सभापति देउवाले उपसभापतिमा विमलेन्द्र निधि, महामन्त्रीमा पूर्णबहादुर खड्का र सहमहामन्त्रीमा डा. प्रकाशशरण महतलाई मनोनित गर्ने तयारी गरेको देउवा निकट स्रोतले *नेपाल समाचारपत्र*लाई जानकारी दिएको छ। उपसभापतिमा निधिलाई मनोनित गर्ने छनक पाएका देउवा निकट नेता गोपालमान श्रेष्ठले समेत आफ्नो दाबीलाई अझ कसिलो बनाउँदै लगेका छन्।

'उपसभापतिको प्रमुख दाबेदार म नै हुँ, मलाई सबै पक्षले स्वीकार्छन् पनि', श्रेष्ठले भन्नुभएको छ- 'सिनियरको हिसाबले पनि सभापति देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेल पछि म नै हो। आफूलाई उपसभापति मनोनित गरे केन्द्रीय समितिमा विरोध नहुने उहाँले दाबी गर्नुभएको छ।'

तर, देउवाले भने निधिलाई नै उपसभापति मनोनित गर्ने निष्कर्षमा पुगिसकेको बताइएको छ। निधिलाई उपसभापतिमा मनोनित गर्ने लक्षणका साथ सभापति देउवाले यसअघि कार्यवाहक सभापतिको जिम्मेवारीसमेत सुम्पिनुभएको थियो।

विधानअनुसार २ महिनाभित्र मनोनित गरिसक्नुपर्ने पदाधिकारी दुईवर्ष बितिसक्दा समेत मनोनित नगरेको भन्दै सभापति देउवाको चर्को आलोचना भइरहेको छ।



'उपसभापतिको प्रमुख दाबेदार र सबै पक्षले स्वीकार्ने मलाई नै हो। म देउवा र पौडेलपछिको सिनियर नेता भएकाले मेरो नाम सर्वसम्मत रूपमा अनुमोदन हुन्छ।'

महामन्त्रीमा खड्कालाई मनोनित गर्दा खुमबहादुर खड्का पक्षधरका सबै नेता समेटिने सभापति देउवाको ठम्याइ रहेको छ। खुमबहादुर खड्काको निधनपछि उहाँ पक्षधरको नेतृत्व पूर्णबहादुर खड्काले गर्ने चर्चा चलिरहेको थियो। सहमहामन्त्रीमा डा. प्रकाशशरण महतलाई मनोनित गर्दा पौडेल पक्षका केही नेताहरूको समेत समर्थन रहने देउवा निकट नेताले बताएका छन्।

मनोनित पदाधिकारीलाई निर्वाचित केन्द्रीय सदस्यहरूको बैठकले अनुमोदन गर्नुपर्छ। खुमबहादुर खड्का पक्षधरका केन्द्रीय सदस्यहरूको समर्थन भएपछि सभापति देउवालाई मनोनित पदाधिकारी अनुमोदन गराउन सजिलो हुनेछ।

निर्वाचित केन्द्रीय समितिमा देउवा पक्षको बहुमत भएपछि पौडेल पक्षले विधानको कुरा उठाएर विरोध गर्ने भएका छन्। 'विधानमा दुई महिनाभित्र पदाधिकारी मनोनित गर्ने उल्लेख छ। दुई वर्षपछि गरिएको मनोनितलाई मानिँदैन।' केन्द्रीय सदस्य डा. शेखर कोइरालाले भन्नुभयो।

निर्वाचनको विस्तृत समीक्षा गर्न चैत ९ गतेदेखि जारी कांग्रेस केन्द्रीय समिति बैठक खुमबहादुर खड्काको निधनपछि स्थगित भएको थियो।

यो बैठक शुक्रबारदेखि पुनः बस्दै छ। बैठक तीन दिनभित्र टुंग्याउने र निष्कर्ष निकाल्ने तयारी भइरहेको कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभएको छ। सभापति देउवाले बैठकको अन्तिम दिन पदाधिकारी मनोनित बारे जानकारी दिने र केन्द्रीय बैठक सकिएको तीन/चार दिनपछि निर्वाचित केन्द्रीय सदस्यहरूको बैठक आह्वान गरी अनुमोदन गराउने तयारी गर्नुभएको छ।



# विचार

अस्वस्थ कल्पनाले मानिस पागल हुन्छ, स्वस्थ कल्पनाले हुन्छ कवि।
– लक्ष्मी प्रसाद देवकोटा

आफैले भन्दा राम्रो सल्लाह तिमीलाई अरु कसैले दिन सक्दैन।
– अज्ञात

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# सार्वजनिक यातायात व्यवस्थित हुने अपेक्षा

यातायात व्यवसायीहरूको सिन्डिकेटविरुद्ध सरकार कडारूपमा उत्रिएको छ। यातायात व्यवसायीका सबै समिति भंग गर्दै कम्पनीका रूपमा दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्ने नियम ल्याउन लागेसँगै सिन्डिकेट प्रथाको अन्त्य हुने आशा गरिएको छ । गैरसरकारी संस्थाको रूपमा जिल्ला प्रशासन कार्यालयमा सीमित समिति दर्ता गरी यातायात सञ्चालन हुँदा सार्वजनिक यातायातमा यात्रा गर्ने यात्रुहरू मर्कामा परेका थिए। कम्पनी ऐनअनुसार दर्ता गरी यातायात सञ्चालन गर्दा नाफा–घाटा स्पष्ट देखिने र सरकारको राजस्वमा समेत वृद्धि हुनेछ भने आमनागरिकले सार्वजनिक यातायातमा यात्रा गर्न सहज हुने अनुमान पनि गरिएको छ ।

सरकारको यो निर्णयविरुद्ध यातायात व्यवसायीहरूले चर्को आन्दोलन गर्ने घोषणा गरेका छन् । आन्दोलनबाटै सरकारलाई घुँडा टेकाउने रणनीति अपनाए पनि सरकार कुनै पनि हालतमा घुँडा टेक्ने पक्षमा देखिँदैन। कम्पनीका रूपमा दर्ता मापदण्ड पुगेको यातायात जुनसुकै रुटमा जसले पनि सञ्चालन गर्न पाउने नियम बनेपछि यात्रुहरूले गुणस्तरीय सेवा पाउने अपेक्षा गरिएको छ। रुट परमिटको नाममा चर्को शुल्क लिएर यातायात समितिहरूले अन्य सुविधा सम्पन्न कुनै पनि सवारीसाधन सञ्चालन गर्न नदिएपछि यातायात समितिहरूको सिन्डिकेटविरुद्ध चर्को जनदबाब बढेको थियो । पछिल्लो समय मयुर यातायात र साझा बसले अरनिको राजमार्ग हुँदै काठमाडौंबाट बनेपा, धुलिखेल र पनौतीसम्म सुविधा सम्पन्न बस सञ्चालन गरेपछि सिन्डिकेटविरुद्ध कडारूपमा उत्रन सरकारलाई जनदबाब बढेको थियो ।

यातायात समितिहरूको सिन्डिकेटले यात्रुहरू असुरक्षितसमेत बनेका थिए । साथै तोकिएको भाडादरभन्दा बढी भाडा तिर्न पनि बाध्य बनाइएको थियो । पुराना र थोत्रा बसमा कठिन यात्रा गर्नुपर्ने बाध्यता थियो । मुलुकभर क्यान्सरको रूपमा देखिएको सिन्डिकेट प्रथालाई हटाउन सरकारले उठाएको कदम सराहनीय छ। असारभित्रै सबै ऐन नियम बनाई आर्थिक वर्षको शुरूवातदेखि नै मुलुकभर कम्पनीका रूपमा दर्ता गरेर यातायात सञ्चालन गर्न सरकारले अहिलेदेखि नै गृहकार्यलाई तीव्रता दिनुपर्छ । साथै शहरी क्षेत्रमा मात्र हैन ग्रामीण क्षेत्रमा पनि सम्भव भएसम्म सहज ढंगले यातायात सञ्चालन गरी सर्वसाधारणलाई सेवा उपलब्ध गराउनुपर्छ। यातायात व्यवसायीहरूले लाद्दै आएको सिन्डिकेट प्रथा हटाउन सरकारले गरेको निर्णयले सार्वजनिक यातायातको सेवा थप व्यवस्थित हुने अपेक्षा पनि गरिएको छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# भ्रष्टाचार र विकासको सहसम्बन्ध



दामोदर पौडेल

चीनमा साम्यवादी दलले एक दलीय शासन गरेको करिब ७० वर्ष भयो। माओत्सेतुङको जीवनभर उनी चीनको राजनीतिको हिरो नै रहे। उनी चीनको विकासको आइकोन नै रहे भनेजस्तो भयो। त्यस समयमा चीनको विकास भने हुन सकेन। त्यसै समयमा सांस्कृतिक क्रान्ति र लग मार्च ताकासमेत गरेर कमसेकम २ करोड मानिस मारिएको चीनकै कम्युनिस्ट पार्टीका माओविरोधी नेता वाङ्ग विङ्गले 'माओका १० राष्ट्रिय र ५ अन्तर्राष्ट्रिय अपराध' नामक पुस्तकमा लेखेका छन्। माओको समयमा चीनमा सैनिक र सैन्य सामग्रीको भने अभूतपूर्व विकास भएको हो। माओ कहिल्यै सरकारी उच्च पदमा नरहे पनि कम्युनिस्ट पार्टीको आजीवन अध्यक्ष बने। पहिला भनाइ पनि चल्ने गर्दथ्यो कि देशको हरेक क्षेत्रलाई कम्युनिस्ट संगठनको स्थानीय तहले पकड कायम गरेको हुन्छ। त्यसपछि माथिका पार्टी निकायले तल्लो निकायलाई पकड कायम गर्दै केन्द्रीय समितिलाई पोलिट ब्युरो र पोलिट ब्युरोलाई महसचिव (चीनको सन्दर्भमा अध्यक्ष) ले पूर्णरूपमा आफ्नो मातहतमा राखेको पाइएको थियो।

माओको देहावसानपछि उनी जिउँदो हुँदा सताइएका नेता तेग स्याओ पिग चीनमा शक्तिशाली भए। त्यति बेलादेखि नै माओको मान गर्ने तर माओका विचार र कामलाई अस्वीकार गर्ने काम भयो। उनका सहयोगीलाई अस्वीकार गरियो। माओले वैचारिक हिसाबले करिब उन्मूलन गरेको निजी सम्पत्तिलाई तेगले उल्ट्याए र निजी सम्पत्ति राख्न पाउने व्यवस्था गरे। यो साम्यवादी विचारको उल्टो यात्रा नै हो। तर तेग र उनका सहयोगीले लोकतन्त्र पक्षधरलाई पनि रुचाएनन्। १९९० को तेनमेन चोक आन्दोलनसमेतका लोकतन्त्रका पक्षधर आन्दोलनहरू दबाउने काम तेगकै निर्देशनमा भए।

> निजी सम्पत्तिको अवधारणा पुनर्स्थापित भएपछि चीनमा विकासले राम्रो गति लियो। गरिबीले पिल्सिएको माओको समयको चिनियाँ समाजमा भ्रष्टाचारका घटना सुनिदैनथे। तर तेगको समयबाट चीन विश्वको दोस्रो धनी देश हो र भ्रष्टाचार पनि व्यापक छ। यसले के देखाएको छ भने, भ्रष्टाचार र सम्पन्नता एक-अर्काका पूरक हुन् कि ?

निजी सम्पत्तिको अवधारणा पुनर्स्थापित भएपछि चीनमा विकासले राम्रो गति लियो। गरिबीले पिल्सिएको माओको समयको चिनियाँ समाजमा भ्रष्टाचारका घटना सुनिदैनथे। तर तेगको समयबाट चीन विश्वको दोस्रो धनी देश हो र भ्रष्टाचार पनि व्यापक छ। यसले के देखाएको छ भने, भ्रष्टाचार र सम्पन्नता एक-अर्काका पूरक हुन् कि ? तर अमेरिका, बेलायतजस्ता देशमा भ्रष्टाचार त्यति व्यापक छैन। अर्कोतर्फ छिमेकी भारतमा पनि हुने गरेका भ्रष्टाचार चीनमा भन्दा कम सुनिदैन।

तेगले चीनमा राष्ट्रपति २ कार्यकालभन्दा बढी हुन नपाइने व्यवस्था गरे। वर्तमान राष्ट्रपति सी जिङ्ग पिङ्गले त्यो व्यवस्थालाई उल्ट्याएर उनी आजीवन राष्ट्रपति बन्ने बाटो खोलेका छन्। भौतिकतालाई नै सर्वोपरि मान्ने साम्यवादी विचार विपरीत सीले अध्यात्मलाई जोड दिएका छन्। आध्यात्म र पूर्वीय संकृतिको सम्मानको बारेमा उनले आधिकारिक दस्ताबेजमा नै लेखेका छन्। उनी प्राविधिकरूपमा माओभन्दा पनि शक्तिशाली हुन्। माओले कम्युनिस्ट पार्टीको अध्यक्ष पद मात्र लिएका थिए, सीले भने दलको अध्यक्ष र राष्ट्रपति दुवै पद सम्हालेका छन्।

व्यवहारमा भने त्यसो भन्न सकिँदैन। भन्ने गरिन्छ कि जब मानिसको सम्पत्ति हुँदैन तब उसको ९० प्रतिशत व्यक्तित्व र स्वतन्त्रता पनि अपहरण हुन्छ। त्यस्तै जब मानिसको बहुवादमा आधारित लोकतान्त्रिक अधिकारको अन्त्य हुन्छ उसको बाँकी १० प्रतिशत व्यक्तित्व पनि अन्त्य हुन्छ। राज्यमा शक्ति सम्हालेकाहरू मात्रै शक्तिशाली हुन्छन्। यो अनुमानमा आधारित प्रतिशत हुनुपर्दछ। तर मानिस हातमुख जोर्नको लागि नै राज्यको पूर्ण भरोसामा रहनुपर्ने अवस्था आएमा मानिसको व्यक्तिगत धारणाको हैसियतको विलय हुँदै भने जान्छ। फरक राजनीतिक अधिकारको अन्त्यले मानिसले संगठित भएर राज्यले गरेका गलत कार्यको विमति जनाउने अधिकारको अन्त्य गरिदिन्छ। त्यस कारण राजनीति र आर्थिक केन्द्रीकरणले मानिसलाई मेसिनवत् बनाउने सम्भावना बढी हुन्छ।

सी निजी सम्पत्ति भएको देशको एकदलीय सत्ताको निर्विकल्प सर्वोच्च व्यक्तित्व हुन्। उनी सम्भवत: विश्वको सबैभन्दा शक्तिशाली राजनेता पनि हुन्। माओभन्दा पनि शक्तिशाली हुन्। तर मनोविज्ञानले भन्दछ कि उनको देशमा अब निजी सम्पत्तिको अधिकार धेरै छ। जनताले बिहान-बेलुका पेट भर्नको लागि सरकारका संयन्त्रहरूको मुख ताक्नुपर्दैन। यसकारण उनी माओ जत्तिको शक्तिशाली बन्दुककै आधारमा भने हुन सक्दैनन्। उनले विरोधीहरूलाई बिरालोलाई जस्तो झ्याल खोलेर लाठी हान्न सक्छन्। झ्यालढोका थुनी जनतालाई तर्साएर शक्तिलाई जथाभावी आफ्नो विचार लाद्नको लागि प्रयोग गर्न खोजे भने उनी पनि जोखिमभन्दा बाहिर रहनेछैनन्।

भ्रष्टाचारको विषय पनि यस्तो लाग्दछ कि निजी सम्पत्ति नहुँदा शक्तिमा हुनेले जति नै गलत गरे पनि भ्रष्टाचारको आर्थिक मापदण्ड नै नहुनाले भ्रष्टाचार प्रकट गर्ने अधार हुँदैन। यस अर्थमा भ्रष्टाचार मापन गर्ने आधार पनि निजी सम्पत्ति रहेछ। निजी सम्पत्ति नभएमा भ्रष्टाचार मापदण्डरहित हुने हुँदा भ्रष्टाचारको कुरा नआई शक्तिको आधारमा बढी सुविधा प्रयोग गर्ने स्वाभाविकतामा परिणत हुन पुग्दो रहेछ।

भ्रष्टाचारलाई न्यून गर्ने एक महत्वपूर्ण आधार आध्यात्म हुन सक्दछ। सबैको आत्मा उस्तै हो। आखिर मर्नै पर्दछ। मरेपछि केही लग्ने होइन। आनन्द सम्पत्तिमा मात्र होइन बरु विकास र आत्मसन्तुष्टिको समायोजनबाट नै प्राप्त हुन्छ। र, त्यसैबाट शान्ति हुन्छ भन्ने जस्ता विषयलाई सीले जोड दिन खोजेमा चीन धनी र सुखी मात्र नभएर भ्रष्टाचारबाट मुक्त देश हुन सक्दछ। बुद्ध, कन्फ्युसस, तावोवाद आदिबाट प्रभावित चीनले ती शिक्षाका वर्तमानमा उपयोगी विषयलाई जनतामा दिन सके र चीनको समग्र विकास एवम् सुख सुनिश्चित हुने तथ्यलाई सीले पूरा गर्न सके चीन विश्वको लागि नै उदाहरणीय हुन सक्दछ।

चीनले पूर्वीय मान्यतालाई आत्मसात् गर्ने सीको भनाइमा हाम्रो लागि पनि उल्लेखनीय छ। त्यस्तै भनाइ केही वर्षपहिला रुसी राष्ट्रपति म्लाद्मिर पुटिनले पनि राखेका थिए। रुस अर्थडक्स कृश्चियनहरू धेरै रहेको देश हो भने चीन बुद्धका उपदेशलाई जीवन पद्धति मान्ने स्वभाव भएकाहरू धेरै भएको देश हो। ती दुवै देशले पश्चिमी कृश्चियन प्रभावलाई अस्वीकार गरेको देखिन्छ। त्यसो भन्नुको अर्थ अमेरिकालाई चेतावनी र चुनौतीसम्म दिएको पनि अर्थ लाग्न सक्छ।

नेपालमा भने त्यस्तो अवस्था रहेन। हाम्रा नेताहरूलाई पूर्वीय आध्यात्मको बारेमा भन्दा पश्चिमीहरूको डलरमा आधारित धार्मिक प्रभाव परेको छ भन्ने गरिन्छ। नेपालमा गरिबीको कारणले जनतालाई जीवनको जोहोको लागि परम्परा आदि छोड्न परे पनि छोड्न सक्ने अवस्था रहेको छ। भ्रष्टाचारमा देश अगाडि छ। हाम्रो बजेट विदेशीको सहयोगले मात्रै बनाउन सक्दछौं। अन्यथा हामीसँग राजस्वले कर्मचारीकै तलब र विभिन्न भत्ता बाँड्न कठिन छ, तर हामी अझै स्वाभिमानी छौं। हाम्रा पूर्वउपराष्ट्रपति परमानन्द झाले नेपालीहरू भिखारीजस्ता भएको भन्दा हामीलाई चित्त दुख्यो। त्यो विषयको विभिन्न प्रकारले विमति आयो, यो प्रशंसनीय छ। हामीले मागेर नै काम चलाएका छौं। तर माग्ने भनिन रुचाउँदैनौं। हामीले जे गर्नु नपर्ने हो र चाहिरहेका छैनौं, त्यो बाध्य भएर गरिरहेका छौं। त्यसमा हामीलाई पीडा छ र अरूले भनिदिँदा पीडा अझै बल्झन्छ। यो नै हाम्रो सम्पत्ति हो।

नेपालीमा रहेको अर्थात् लुकेर रहेको स्वाभिमानलाई बाहिर ल्याउनु अहिलेको सरकारको दायित्व हो। जनतालाई सक्षम र आत्मनिर्भर बनाएर स्वाभिमानी रहने इच्छालाई सम्मान गर्न सक्नुपर्दछ। चिनियाँ नेताहरूले जस्तै आफ्नो समाजमा रहेको आध्यात्म र विकासको सम्भावनालाई उजागर गरेर नै देशलाई अगाडि बढाउन सकिन्छ। हामी अन्य मुलुकको सहयोगमा भ्रष्टाचार गर्दछौं तर चीनमा आफ्नै सम्पत्तिमा भ्रष्टाचार भएको होला र त उनीहरूले हामीलाई समेत सहयोग गरिरहेका छन्।

स्वतन्त्रतालाई स्वच्छन्दतामा बदलिएको महसुस गर्नु र त्यसको निराकरण गर्नु राज्य र जनताका लागि आवश्यक छ। अर्कोतर्फ लोकतन्त्रमा आफूलाई मात्र ठीक हुने परिभाषा खोज्नु पनि समस्या भएको छ। नेपाली यी समस्याको हल र आत्मनिर्भरताका साथ स्वाभिमानी बन्न चाहन्छन् भन्ने सरकार र सबै दलहरूले बुझ्न आवश्यक छ। चिनियाँहरूले जस्तै सम्पन्नता, आध्यात्म, आफ्नो पन र स्वाभिमानलाई एकाकार गरेर समानता र शान्तिको अपेक्षा नेपालीले गरिरहेका पनि छन्।

## पाठक पत्र

### पर्यटन प्रवर्द्धनलाई प्राथमिकता देऊ

स्थानीय तहले जनप्रतिनिधि पाएपछि अहिले गाउँ-गाउँमा विकास निर्माणको कामले तीव्रता पाउन थालेको छ। कस्तुरीले आफ्नै सुगन्धको महत्व नबुझ्जेजस्तै गाउँमा आर्थिक स्रोत प्रशस्त रहे पनि त्यसको परिचालन हुन सकेको थिएन। तर स्थानीय तहले जनप्रतिनिधि पाएपछि उनीहरूले गाउँघरको विकासका लागि रचनात्मक काम गर्न थालेका छन्। आर्थिक उपार्जनको महत्वपूर्ण कडीको रूपमा रहेको पर्यटन क्षेत्र पनि अहिले तङ्ग्रिन थालेको छ।

गाउँ-ठाउँमा भएका पर्यटकीय क्षेत्रको विकासमा ध्यान जान नसक्दा हिजो ओझेलमा परेका पर्यटकीय क्षेत्रमा विकासका पूर्वाधार निर्माण गर्न थालेपछि आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल हुन थालेको छ। हरेक स्थानीय तहका जनप्रतिनिधिले पर्यटन क्षेत्रलाई अझ उच्च महत्व दिन जरुरी छ। स्थानीय तह सञ्चालन गर्ने महत्वपूर्ण माध्यम पर्यटन क्षेत्र बनाउन सकेमा दिगो आर्थिक वृद्धि हुनेछ।

*- दिलीप केसी, पोखरा*

### सुरक्षित मातृत्वमा गम्भीरताको खाँचो

सरकारले प्रतिवर्ष ६ लाख ४३ हजार ३ सय ३७ महिला सुत्केरी हुने अनुमान गरेको छ। जसमध्ये वार्षिक करिब ३ लाख गर्भवतीले स्वास्थ्य संस्थाबाहिरै बच्चा जन्माउने गरेको पाइएको छ। स्वास्थ्यकर्मीको सहयोगविना नै बच्चा जन्माउने गरेको सरकारी तथ्यांकले सुरक्षित मातृत्व कार्यक्रमलाई पटाक्षेप गरेको छ। नेपालको पछिल्लो जनगणनाअनुसार कुल २ करोड ९० लाख २४ हजार ६ सय १४ जनसंख्यामध्ये प्रतिवर्ष ६ लाख ४३ हजार ३ सय ३७ महिलाले बच्चा जन्माउने गरेको तथ्यांक छ । नेपालमा सन् २००१ यता महिलाले गर्भवती सेवा दक्ष स्वास्थ्यकर्मीबाट लिने क्रम बढे पनि अझै ठूलो संख्यामा गर्भवती स्वास्थ्यकर्मीको पहुँचबाहिर छन्। स्वास्थ्य मन्त्रालयले एक वर्षको अवधिमा २ लाख ७७ हजार २ सय ४४ गर्भवती महिलाले असुरक्षितरूपमा बच्चा जन्माउने गरेको तथ्यांक सार्वजनिक गरेको छ। स्वास्थ्यकर्मीको सहयोगविना नै सुत्केरी गराउँदा मातृ तथा शिशु मृत्युदर अपेक्षाकृत ढंगले न्यूनीकरण हुन सकेको छैन।

असुरक्षित तबरले घरमै सुत्केरी गराउँदा आमा र बच्चा दुवैको स्वास्थ्य जोखिममा रहँदै आएको छ। असाधारण तबरले सुत्केरी गराउनुपर्ने अवस्थामा थुप्रै गर्भवती आमाले ज्यान गुमाएका छन्। एक वर्षको अवधिमा मातृ मृत्युदर ५९ प्रतिशत रहेको पाइएको छ। यो विकराल स्थिति हो। यो अवधिमा ५ हजार ९ सय ५८ नवजात शिशुको जन्मँदै मृत्यु भएको छ। सरकारले बर्सेनि ७ लाख ५८ हजार ६ सय ५२ महिला गर्भवती हुने अनुमान गरेको छ। जसमध्ये १० प्रतिशत गर्भपतन वा गर्भ तुहिने समस्या हुने गरेको छ। सरकारले सुरक्षित मातृत्व अभियानअन्तर्गत सुत्केरी सेवा प्रदान गर्दै आएको भनिए पनि आवश्यकताअनुसार स्वास्थ्यकर्मी र कर्मचारीको परिपूर्ति हुन सकेको छैन। अहिले २० हजार तालिमप्राप्त प्रसूति गराउने स्वास्थ्यकर्मीको आवश्यकता रहेकोमा ८ हजार ६ सयले मात्रै सेवा दिइरहेका छन्। प्रसूति गराउने तालिमप्राप्त स्वास्थ्यकर्मीको अभावमा मातृ तथा शिशु मृत्युदर अपेक्षाकृत घट्न सकेको छैन ।

अहिले देशभर ५१ हजारभन्दा बढी संख्यामा महिला स्वयंसेविका परिचालित भएका छन्। देशभर ३२ सय जिल्ला अस्पताल र त्यसभन्दा तलका स्वास्थ्य संस्थामा प्रसूति गराउने दक्ष जनशक्ति छ। तर, ८ हजार ६ सय तालिमप्राप्त जनशक्ति भनिए पनि आधाले पनि काम गर्न सकेका छैनन्। सीमित मात्रामा भएका तालिमप्राप्त स्वास्थ्यकर्मीका कारण एक दक्ष स्वास्थ्यकर्मीले ७५ जना गर्भवतीलाई सुत्केरी गराउनुपर्ने बाध्यता छ।

देश स्थानीय तहमा गए पनि जनशक्ति थप नहुँदा स्वास्थ्यकर्मीले अतिरिक्त समय काम गर्नुपरेको छ। एकातिर जनशक्तिको अभाव र अर्कोतिर भौगोलिक विकटताका कारण गर्भवती महिलाको अवस्था जोखिमपूर्ण बन्दै गएको छ। नेपालले सहस्राब्दी विकास लक्ष्य पूरा गर्न नवजात शिशुको मृत्युदर १७ मा झार्नुपर्ने हुन्छ। १० वर्षअघि प्रतिहजार जन्ममा ३३ रहेको नवजात शिशु मृत्युदर अहिले २१ मा झरेको छ। तर, सुरक्षित मातृत्व कार्यक्रम कर्मचारी अभावकै कारण चुनौतीपूर्ण बन्न पुगेको छ। सरकारले नवजात शिशुको जीवनरक्षाका लागि मातृ र शिशुकेन्द्रित कार्यक्रम अझै प्रभावकारी ढंगले सञ्चालन गर्नु जरुरी देखिन्छ।

*- सञ्चिता सुनार, खोटाङ*

### व्यावहारिक शिक्षाको आवश्यकता

विद्यार्थी काँचो माटो हुन्, जस्तो खालको ज्ञान र सीप आर्जन गर्ने वातावरण दियो सोही वातावरणमा उनीहरू घुलमिल हुन सक्छन् र भोलिको सुन्दर भविष्य निर्माण गर्न सहज हुन्छ। यस्ता उखानहरू समाजमा धेरै सुन्नमा आउँछन्। शैक्षिक क्षेत्र पनि यस्तै धेरै उखानहरूकै आधारमा धेरै वर्षदेखि चलिरहेको छ।

समाजभित्रको आर्थिक र सामाजिक पक्षसँगै धेरै कुराहरू जोडिँदै जाँदा विद्यालय उमेरका अधिकांश बालबालिका विद्यालय छोड्न बाध्य हुनुपरेको छ। विद्यालय छोडेपछि उनिहरूको भविष्य अन्धकार त हुन्छ नै, पछि गएर त्यस्ता व्यक्तिबाट जन्मिएका बालबच्चाको समेत अवस्था दयनीय हुँदै जान्छ। यस्तै प्रकारका समस्याले गरिबीको रेखा चुलिँदै जाने गर्दछ। विभिन्न अभावमा जन्मिएका बालबालिकाले आवश्यकताअनुसार पोषिलो खानेकुरा खान नपाएपछि उनीहरूको शारीरिक र मानसिक वृद्धिमा समस्या हुन्छ अनि कुपोषणजन्य रोगहरूबाट एउटा बालक ग्रसित हुन पुग्दछ।

विद्यालयमा हुने पठनपाठनका विषयहरूमा गाउँमै उत्पादन हुने कृषिउपजको उपभोगका लागि कृषि शिक्षा अनिवार्य गर्नुपर्ने देखिएको छ भने नैतिक शिक्षाको पनि अहिले निकै आवश्यकता खड्किएको छ।

विद्यार्थीले व्यावहारिक ज्ञानका लागि उत्पादन गरेको तरकारी वा अन्य कृषिसम्बन्धी जानकारी घरमा अभिभावकहरूसँग शेयर गरी मिलेर काम गर्न थालेमा यसले पक्कै पनि पोषणमा राम्रो प्रभाव पार्ने देखिन्छ।

*- सुशान्त केसी, दैलेख*

## सामाजिक सञ्जाल



मानिसको शरीरको सबैभन्दा सुन्दर वस्तु नै मन हो, यदि त्यही मन सफा छैन भने सुन्दर मुहारको अर्थ हुँदैन।

**Sagar Y.Yatri**
**@Yakal_Yatri27**



नेपालमा कपाल काट्ने नाई, मिठाई बनाउने मिस्त्री, प्लम्बिङ, प्लास्टर, रंगरोगन गर्नेसहित सडक बनाउने कामदार, कार्पेन्टरदेखि स्वरोजगारको धेरै क्षेत्रमा भारतीय नागरिकको वर्चश्व देख्छु। तिनलाई 'श्रमिक परिचयपत्र' वितरण गरेर करको दायरामा ल्याउन सकिन्न ?

**Ganess Paudel**
**@ganesspaudel**

# नेपाल

दुई देशका परराष्ट्रमन्त्रीबीच काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग बारे पनि छलफल भएको बेइजिङस्थित नेपाली राजदूतावासद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। दुबै पक्ष सकेसम्म चाँडो द्विपक्षीय संयन्त्रको बैठक गर्न तथा सम्झौताका सर्तहरूलाई अन्तिम रूप दिन सहमत भएको बताइएको छ।

# लहना पत्रकारिता पुरस्कार प्रदान



नेपाल समाचारपत्र

काठमाडौं

नेपाल भाषाको साप्ताहिक लहना ४ वर्ष पूरा भई पाँचौ वर्ष प्रवेश गरेको अवसरमा विविध पत्रकारिता पुरस्कार प्रदान गरियो।

राजधानीमा आयोजित एक समारोहका बीच १० हजार रूपियाँ नगद राशि रहेको लहना-धर्म मोति पत्रकारिता पुरस्कार नेपाल टेलिभिजनका शोभा श्रेष्ठलाई, १० हजार रूपियाँ नगद राशि रहेको लहना- सुर सम्मान वरिष्ठ निर्देशक आर्यम नकर्मी र लहना - मोहिनी पत्रकारिता पुरस्कार मेट्रो एफएमका उद्यन न्हुसायमीलाई प्रदान गरियो। सो पुरस्कारका दाताहरू क्रमश: उद्यमी लक्ष्मण गमाल, सुरबहादुर श्रेष्ठ र मोहिनी श्रेष्ठ हुनुहुन्छ। त्यस्तै कृष्णवदन मातृभाषा पत्रकारिता पुरस्कार रेडियो नेपालका रचना श्रेष्ठ र न्यु जेनिथ शिक्षा पुरस्कार कान्तिपुर दैनिकका संवाददाता प्रशान्त मालीलाई प्रदान गरियो। न्युजेनिज इंग्लिस स्कुलका प्रधानाध्यापक राजु महर्जनले स्थापना गर्नुभएको सो पुरस्कार १० हजार नगद राशिको रहेको छ। त्यसै गरी लहना पञ्चवीरसिहं पुरस्कार नेवार आन्दोलनका अगुवा एवं बुद्धिजीवी डा. महेशमान प्रधानलाई प्रदान गरियो। पञ्चवीरसिहं तुलाधरद्वारा स्थापित सो पुरस्कारको नगद राशि रु २० हजार २ सय २२ रहेको छ।

सो अवसरमा वाङ्मय शताब्दी पुरुष एवं वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीले नेपाल भाषाको पत्रकारिताको विकास र विस्तारका लागि दक्ष जनशक्तिसंगै उचित बजार र व्यावसायिकताको खाँचो औंल्याउनुभयो। नेपाल भाषाको ब्रोडसिट दैनिक निकाल्नुपर्ने समयको माग रहेको बताउँदै उहाँले मातृभाषाको पत्रकारिताले समावेशी सञ्चार अवधारणालाई पूर्ण रूपमा कार्यान्वयन गर्ने पनि धारणा राख्नुभयो।

सो अवसरमा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले पत्रकारिताले समाजमा सकारात्मक परिर्वतन ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै आफ्नो कार्यकालमा प्रहरी प्रशासनप्रति सबैको अपनत्व दिलाएर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

वर्ल्ड नेवा: अर्गनाइजेसनका केन्द्रीय अध्यक्ष सिजन श्रेष्ठले नेपाल भाषामा बोर्डसिट दैनिक निकाल्नुपर्नै बताउँदै यसमा सबैले साथ दिने विश्वास व्यक्त गर्नुभयो।

जनकवि दुर्गालाल श्रेष्ठले जातीय समानता र सामाजिक न्यायको संघर्षमा सबैभन्दा बाधक भनेको पिछडिएका वर्ग र समुदायमा व्याप्त रहेको दास मनोवृत्ति रहेको धारणा राख्नुभयो। जातीय अधिकार, भार्षिक समानता र सांस्कृतिक अधिकार प्राप्तिको लडाइँका लागि सबैभन्दा ठूलो हतियार भनेको जातीय गौरव र स्वाभिमान रहेको उल्लेख गर्दै स्वाभिमान रहेसम्म कसैले कसैलाई पनि सहजतापूर्वक दमन गर्न नसकिने बताउँदै जनकवि श्रेष्ठले स्वाभिमानी बन्न आग्रह गर्नुभयो।

सो अवसरमा लहना साप्ताहिकका प्रकाशक नृपेन्द्रलाल श्रेष्ठ, सम्पादक जुजुमान महर्जन र व्यवस्थापक सुरेन्द्रभक्त श्रेष्ठले मातृभाषाको पत्रकारिता विकास र विस्तारको गर्ने उद्देश्य लहना साप्ताहिकले लिएको बताउँदै मातृभाषाको पत्रकारिता व्यावसायिक बनाउनुपर्ने खाँचो रहेकोमा केन्द्रित गर्दै आ-आफ्नो धारणा राख्नुभयो। कार्यक्रमपछि विविध सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गरिएको थियो।

# ज्ञवाली–यीबीच भेटवार्ता

काठमाडौं, (नेस)

चीन भ्रमणमा रहनुभएका परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली र उहाँका चिनियाँ समकक्षी वाङ यीबीच बुधबार बेइजिङमा भेटवार्ता भएको छ। उहाँहरूबीच केरुङ-काठमाडौंसम्मको नेपाल-चीन सीमापार रेलमार्गको सम्भाव्यता अध्ययन तथा डीपीआरको तयारीका विषयमा छलफल भएको छ।

२ देशका परराष्ट्र मन्त्रीबीच काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग बारे पनि छलफल भएको बेइजिङस्थित नेपाली राजदूतावासद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। दुबै पक्ष सकेसम्म चाँडो द्विपक्षीय संयन्त्रको बैठक गर्न तथा सम्झौताका सर्तहरूलाई अन्तिम रूप दिन सहमत भएको बताइएको छ। यसैबीच मन्त्री ज्ञवालीले बुधबार बिहानै चिनियाँ उपराष्ट्रपति वाङ क्विसानसँग भेट गर्नुभएको थियो। सो भेटमा नेपालले राष्ट्रपति सी जिनपिङको मानवतासम्बन्धी दृष्टिकोणको सराहाना गरेको बताउँदै बेल्ट एन्ड रोड इनिसिएटिभ्स (बीआरआई) अन्तर्गत राष्ट्रहरूबीच सहकार्य बढाउने चीनको चाहनाप्रति समर्थन जनाउनुभएको थियो। उपराष्ट्रपति क्विसानले नेपाल र चीनको मित्रता प्रगाढ रहेको बताउँदै द्विपक्षीय सम्बन्धको भरपुर फाइदा उठाउनुपर्नेमा पनि जोड दिनुभएको थियो। वार्तामा दुबै पक्षले आपसी प्रगाढ सम्बन्धलाई निरन्तरता दिन उच्चस्तरीय कूटनीतिक आदानप्रदान जारी राखिनुपर्ने बताएका थिए। ज्ञवालीले विनम्रता, मेलमिलाप, आपसी हित र सहभागितामा आधारित चीनको छिमेक कूटनीतिको सराहना गर्नुभएको थियो।

चीनको सहयोगमा निर्माण हुने परियोजनाहरूलाई प्रभावकारी रूपमा लागू गर्न १ साझा संयन्त्र बनाउन दुबै पक्ष सहमत भएको पनि राजदूतावासले जारी गरेको विज्ञप्तिमा बताइएको छ।

# प्रमद्वारा अभिभावकत्व ग्रहण

काठमाडौं, (नेस)

प्रधानमन्त्री केपी शर्मा ओलीले सिराहाका २ दलित विद्यार्थीको अभिभावकत्व ग्रहण गर्नुभएको छ।

विद्यालय भर्ना अभियान २०७५ अन्तर्गत बुधबार सिराहाको कल्याणपुरस्थित रामदुलारी माविमा आयोजित १ कार्यक्रममा प्रधानमन्त्री ओली रूपाकुमारी खत्बे र पवन मरिक डुमको अभिभावकत्व ग्रहण गर्दै ती विद्यार्थीलाई शैक्षिक सामग्रीसमेत प्रदान गर्नुभयो।

त्यसै गरी सांसद कृष्णगोपाल श्रेष्ठले बालबोध माध्यमिक विद्यालय नागार्जुन नगरपालिका भीमढुंगाका ५ वर्षीय उत्सव मग्रातीलाई १ कक्षामा भर्ना गरी अभिभावकत्व ग्रहण गर्नुभएको छ। साथै सांसद विना श्रेष्ठले पनि चन्द्रागिरी नगरपालिका-१ का ४ वर्षीया खुसी खानलाई श्रीकृष्ण माविको कक्षा १ मा गराई माध्यमिक तहसम्म पढाउने गरी अभिभावकत्व ग्रहण गर्नुभएको छ।


प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
**शंखरापुर पोलिटेक्निक इन्ष्टिच्युट**
सांखु, काठमाण्डौ । फोन नं: ०१४४५०९५२,९८५१२४००९३,९८५१२०१३७५

**सेवा करार सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः२०७५।१।६

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत संचालित यस पोलिटेक्निक इन्ष्टिच्युटमा देहायका पदहरुमा अर्को निर्णय नभएसम्मको लागि सेवा करारमा कामकाज गर्न योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफुले प्राप्त गरेको शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रतिलिपि सहित यस इन्ष्टिच्युटको प्रशासन शाखामा रु.१० को टिकट टाँस गरि निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र. सं | पद तथा श्रेणी | आवश्यक संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता | परिक्षाको किसिम | परिक्षा हुने मिति |
|---|---|---|---|---|---|
| १ | जियोमेटिक्स् प्रशिक्षक (अधिकृत स्तर तृतिय श्रेणी प्रा.) | १ | मान्यता प्राप्त शिक्षण । संस्थाबाट जियोमेटिक्स् इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण । | लिखित, प्रयोगात्मक र अन्र्तवार्ता | २०७५।१।२३ गते । |
| २ | निमार्ण प्रशिक्षक (अधिकृत स्तर तृतिय श्रेणी प्रा.) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा स्नातक तह वा सो सरह उत्तिर्ण । | लिखित,, प्रयोगात्मक र अन्र्तवार्ता | २०७५।१।२४ गते । |

प्रमुख


# अबैध सुनसहित तीन पक्राउ

काठमाडौं, (नेस)

वैदेशिक रोजगारीको सिलसिलामा कतारबाट फर्किएका कामदारहरूलाई प्रयोग गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार छली सुनका गरगहनाहरू तस्करी गर्ने ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-१७ ठहिटी बस्ने रतनलाल श्रेष्ठ, काठमाडौं महानगरपालिका-६ बौद्ध बस्ने उदयपुर त्रियुगा नगरपालिका-१६ घर भएका लिलाकुमारी श्रेष्ठ र सिराहा लहान नगरपालिका-१५ बस्ने इन्द्र सदे रहेका छन्।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार छली सुनका गरगहनाहरू मोटरसाइकलमा राखी लैजादै गरेको सूचना प्राप्त भएपछि महानगरीय प्रहरी प्रभाग कोटेश्वरबाट खटिएको प्रहरी टोलीले मंगलबार कोटेश्वर चोकनजिक चेकप्वाइन्टमा राखी सवारी साधनहरू चेक गर्दा स२प ४०२८ नम्बरको पल्सर मोटरसाइकलमा २ जनाले सुनको चुरा ५० ग्रामको ४ वटा र तत्काल मोटरसाइकलमा सवार व्यक्तिको सम्पर्कमा आएका व्यक्तिको साथबाट ५० ग्रामको १ वटा चुरा गरी ५ वटाको २ सय ५० ग्राम बरामद भएको थियो।


नेपाल सरकार
सहरी विकास मन्त्रालय
काठमाण्डौं उपत्यका विकास प्राधिकरण
**इचंगुनारायण (रानिवन) जग्गा एकिकरण आयोजना (दोश्रो)**
प्रकाशित मिति २०७५/०१/०६

यस आयोजना क्षेत्र भित्रको १५ वटा विकसित घडेरी विक्री सम्बन्धी मिति २०७४/१२/२९ को कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार वोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति २०७५/१/१९ गतेसम्म र दर्ता गर्ने अन्तिम मिति २०७५/१/२० गते दिनको १२ बजेसम्म रहेको व्यहोरा जानकारीका लागी यो सूचना पून: प्रकाशित गरिएको छ ।

सम्पर्क नं ४८८१०८९, ४७७१०५१



**Pokhara-Lekhnath Metropoitan City Office**
**Office of Munical Executive**
New Road, Pokhara

**Invitation for Bids for the Construction of Hostel Building and Training Center of Shukraraj Secondary School, Pokhara Lekhnath-22, Kaski**

IFB No: 18/PLMC/074-075
Contract Identification No: 42/PLMC/NCB/W/074-075
Date of publication: 19-04-2018 (2075/01/06)

1. Pokhara-Lekhnath Metropolitan City Office invites electronic bids from eligible bidders for the Construction of Hostel Building and Training Center of Shukraraj Secondary School, Pokhara Lekhnath-22, Kaski under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 3,35,00,000.00
   - Minimum Work experience of similar size and nature with contract of at least NRs. 2,25,00,000 as specified in the bidding document.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Pokhara-Lekhnath Metropoitan City Office, Pokhara, Pokhara, Kaski, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents is available in PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document of NRs. 5,000.00 in account as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Rastriya Banijya Bank Ltd. , Prithvichowk ,Pokhara, Kaski
   Name of the Office: Pokhara-Lekhnath Metropoitan City Office
   Office Account no: 3020304018106
4. Pre-bid meeting shall be held at Pokhara-Lekhnath Metropoitan City Office Pokhara, Kaski at 09-05-2018 at 12:00 hours.
5. Electronic bids must be submitted through the PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hrs on 21-05-2018. Bids received after this deadline will be rejected.
6. The bids will be opened immediately after submission deadline in the presence of Bidders' representatives who choose to attend at 21-05-2018 at the office of Pokhara-Lekhnath Metropolitan City Office, Pokhara, Kaski.
7. Bids must be valid for a period of minimum upto 19-08-2018 and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 7,00,000.00 which shall be valid minimum upto18-09-2018.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



## सिनेमा कर्नर

TODAYS MOVIES
Baaghi 2 8:20, 11:20 2:20, 5:20
Raid 8:20, 11:20 2:20, 5:20
Timi Sanga 8:20, 11:20 2:20, 5:20
Lilly Billy 8:20, 11:20 2:20, 5:20
नेप्टे 8:20, 11:20 2:20, 5:20
शत्रु गते 8:20, 11:20 2:20, 5:20
Gaja Baja 8:20, 11:20 2:20, 5:20

Gopi Krihsna Movies
Dolby Digital, DTS Surround Sound — Massage Chair
Luxurios & Pusgback Seats — Children's Comer
Extraordinary Picture Quality — Coffee Joints
Comfort Lounge — Rhythm Room
Comfy Cabins Serving Food on order — In-theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छाना मुनी ८ सिनेमा हल

कान्छी
Lilly Billy
Timi Sanga
Mangalam
पञ्चेबाजा
नेप्टे
Baaghi 2
शत्रुगते




information SMS"smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं ९८५१०३०४६२, ९८४१६८०२०६






**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )



**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, सुख-शान्ति, आत्मसन्तुष्टि।
**वृष** : अन्न लाभ, उत्तम भोजन, कार्य सफल, उपहार प्राप्ति।
**मिथुन** : धननाश, रोगव्याधि, अनावश्यक खर्च, वादविवाद।
**कर्कट** : विविध लाभ, प्रसन्नता, पैसा प्राप्तिको सम्भावना।
**सिंह** : कार्य सिद्धी, सुख-शान्ति, वस्तु वा सेवा प्राप्ति, निरोगिता।
**कन्या** : राज्यबाट लाभ, शुभ यात्रा, यश, मान-प्रतिष्ठा।
**तुला** : रोग, कष्ट, धनहानि स्वास्थ्य बाधा, कार्य बाधा।
**वृश्चिक** : धनलाभ, प्रेम सम्बन्धमा प्रगाढता, समस्या समाधान।
**धनु** : आर्थिक लाभ, विजय, पारिवारिक सुख-शान्ति।
**मकर** : कार्य सिद्धि, सन्तान-सुख, धन प्राप्ति।
**कुम्भ** : पाचनमा समस्या, दिनचर्या अस्तव्यस्त, अनिद्रा, दौडधुप।
**मीन** : आर्थिक लाभ, पराक्रम, उन्नति, मान-प्रतिष्ठा वृद्धि।

2018, APR Thursday 19



# प्रदेश-३



उनले नयाँ बन्ने पार्टीको विधानमा जनयुद्ध र जनआन्दोलनलाई कसरी प्रस्तुत गर्ने, निर्वाचन चिह्न के राख्ने र एकताको मोडइलटी के हुने ? भन्ने विषयमा प्रधानमन्त्री केपी शर्मा ओली र आफ्नो बीचमा भोलि नै गम्भीररुपमा छलफल हुने बताए।

## चितवन राष्ट्रिय निकुञ्जमा सहजै देखिन्छ एकसिंगे गैंडा

कृष्ण आचार्य, चितवन

चितवन राष्ट्रिय निकुञ्ज दुर्लभ एकसिंगे गैंडाको राम्रो बासस्थान भएको निकुञ्जका रूपमा परिचित छ। यस निकुञ्जमा घाँसेमैदानदेखि पानीको राम्रो व्यवस्था भएपछि गैंडाको संख्या पनि बढ्दै गइरहेको छ। आइतबार निकुञ्जको पश्चिम सेक्टर सुखीभार क्षेत्रमा पुग्दा एक दर्जनको हाराहारीमा गैंडा भेटिए।

आन्तरिक तथा बाह्य पर्यटकहरू गैंडा देखेर रमाए। निकुञ्जको सुखीभार क्षेत्र विशेष गरी गैंडाको लागि राम्रो बासस्थान भएको क्षेत्र हो। अहिलेको समयमा सहजरूपमा गैंडा देख्न सकिन्छ। निकुञ्जका सहायक संरक्षण अधिकृत नुरेन्द्र अर्यालले सुकेभार क्षेत्रमा धेरै गैंडा रहेकाले सहजै देख्न सकिने बताउनुभयो। 'सुकेभारमा घाँसेमैदान र पानीको राम्रो व्यवस्था छ, यहाँ धेरै गैंडाहरू रहेका छन्' -सहायक प्रमुख संरक्षण अधिकृत अर्यालले भन्नुभयो। उहाँले घाँसेमैदान र पानीको संरक्षण गर्नु चुनौती नै रहेको बताउनुभयो।

सन् २०१५ मा गरिएको गणनामा नेपालमा ६ सय ४५ गैंडा रहेको तथ्यांक छ। जसमध्ये चितवन राष्ट्रिय निकुञ्जमा मात्रै ६ सय २ रहेका छन्। चितवनमा अघिल्लो सन् २०११ को गैंडा गणनाभन्दा अहिले १ सय २ वटा गैंडा बढेको थियो। पछिल्लो समय केही गैंडा काल गति र ३ वटा बाढीले मरेका छन् भने एउटा गैंडा मात्रै चोरी शिकारीबाट मारिएको छ। सन् १९९७ देखि हालसम्म १ सय ७६ वटा गैंडा तस्कारले मारेका छन्। गतवर्ष चैत २६ गते एउटा गैंडा तस्करले मारेको थियो। त्यसयता गैंडा चोरी शिकारीबाट मरेका छैनन्। निकुञ्जले फेरि एकपटक शून्य चोरी शिकार वर्ष मनाएको छ।

अंग्रेजी वर्षको नोभेम्बर महिनादेखि मे महिनासम्ममा धेरैजसो गैंडाको चोरी शिकारी हुने गरेको छ। यस समयमा जंगलमा डढेलो लाग्ने र सहजरूपमै गैंडालाई देख्न सकिने भएकाले चोरी शिकारी बढी हुने गरेको छ। जसका कारण अहिले गैंडा चोरी शिकारी हुन नदिन विशेष अभियान चलाइरहेको छ।



निकुञ्जका प्रमुख संरक्षण अधिकृत वेदकुमार ढकालले चोरी शिकारीबाट धेरै कम गैंडा मर्ने गरे पनि प्राकृतिकरूपमा नै गैंडा मर्नेको संख्या बढ्दै जानु चुनौती रहेको बताउनुभयो। उहाँले गैंडाको धेरै संख्या भएको क्षेत्र चितवन मात्रै भएकाले गैंडा मर्नुको कारणबारे अनुसन्धान गरी समाधानको उपाय खोज्ने बेला आएको बताउनुभयो।

प्रमुख संरक्षण अधिकृत ढकालले भन्नुभयो- 'अहिलेकै तथ्यांक हेर्ने हो भने गैंडा मर्नेको संख्या प्राकृतिक नै हो, तर तथ्यांक बढ्यो भने राम्रोसँग हेर्न सकिएन भने कुनै समस्या आउन सक्छ, हामी सचेत छौं।' उहाँले समयमै सचेत हुन भेटेनरी डाक्टरदेखि लिएर गैंडाको विज्ञहरूसँग छलफल अघि बढाइरहेको बताउनुभयो। प्रमुख संरक्षण अधिकृत ढकालले भाले पोथी गैंडा आफैं जुधेर पनि कतिपय मर्ने गरेकाले समस्या भएको बताउनुभयो।

हाल चितवन राष्ट्रिय निकुञ्जको श्री बटुकदल गणले संरक्षण गरिरहेको छ। गैंडाको संरक्षणमा अहिले बटुक दल गण लागिपरेको छ। गैंडा चोरी शिकारी हुन नदिन रातदिन गस्ती थालिएको गणका प्रमुख कर्णेल समुद्र थापाले बताउनुभयो। चितवन राष्ट्रिय निकुञ्ज प्रदेश ३ को चितवन, मकवानपुर, प्रदेश २ को पर्सा र प्रदेश ४ र ५ को नवलपुर र नवलपरासी जिल्लाको भू-भागमा फैलिएको छ। यो निकुञ्ज नेपालकै पहिलो हो। चितवन राष्ट्रिय निकुञ्ज ९५२.६३ वर्ग किमि क्षेत्रफलमा फैलिएको छ।

यस निकुञ्जमा गैंडा, पाटे बाघ, सोंस, गौरीगाई, काठे भालु, चितुवा, रतुवा, चित्तल, लगुना, जरायो, चौसिंगे, बाँदर र लंगुरलगायत ६० भन्दा बढी किसिमका स्तनधारी जंगली जनावर पाइन्छन्। चितवन राष्ट्रिय निकुञ्जमा वर्षेनी हजारौं विदेशी तथा आन्तरिक पर्यटक अवलोकन गर्न आउने गरेका छन्।


डिस्प्ले





## ९ गते नै पार्टी एकता सम्भव छैन : प्रचण्ड

नेपाल समाचारपत्र

चितवन

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले वैशाख ९ गते नै पार्टी एकता गर्न सम्भव नभएको स्पष्ट पारेका छन्। प्रेस चौतारी र प्रेस सेन्टर चितवनले आज भरतपुर विमानस्थलमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै प्रचण्डले तयारी पूरा नभएकाले वैशाख ९ गते पार्टी एकीकरण हुने सम्भावना टरेको बताए। उनले भने- 'गृहमन्त्रीको नेतृत्वमा बनेको कार्यदलले बुझाएको प्रतिवेदनमाथि हिजोबाट मात्रै गम्भीर छलफल शुरू भएकाले ९ गते नै सबै टुंगिदैनकी भन्ने हाम्रो ठम्याइ हो।' प्रचण्डले सञ्चारमाध्यममा आएजस्तो चुनाव चिह्न, सिद्धान्त र पदका विषयमा टुंगो लागिनसकेको स्पष्ट पारे।




उनले नयाँ बन्ने पार्टीको विधानमा जनयुद्ध र जनआन्दोलनलाई कसरी प्रस्तुत गर्ने, निर्वाचन चिह्न के राख्ने र एकताको मोडालिटी के हुने ? भन्ने विषयमा प्रधानमन्त्री केपी शर्मा ओली र आफ्नो बीचमा भोलि नै गम्भीररूपमा छलफल हुने बताए। उनले पार्टी एकता हुँदैन कि भन्ने आशंका नगर्न सबैलाई आग्रहसमेत गरे। प्रचण्डले वैशाख महिनाभित्रै एकता टुंगिने दाबी गरे।

अर्को प्रसंगमा प्रधानमन्त्री केपी शर्मा ओलीमै निर्णयको सर्वाधिकार भए पनि समन्वय नमिलेकाले माओवादीका मन्त्रीहरूले प्रश्न उठाएको बताए। संयुक्त सरकार भएकाले आन्तरिक सल्लाहबाट मात्रै अघि बढ्दा उपयुक्त हुने सुझाव प्रधानमन्त्रीलाई दिएको उनले स्पष्ट पारे। प्रचण्ड विद्यार्थी भर्ना अभियानका लागि चितवन आएका हुन्। उनले चितवनको मेघौलीस्थित साझापुर माध्यमिक विद्यालयमा अल्पसंख्यक समुदायका दुई बालबालिकालाई भर्ना गर्ने कार्यक्रम रहेको छ।

यसैबीच सोही पत्रकार सम्मेलनमा बोल्दै गृहमन्त्री रामबहादुर थापा 'बादल'ले यातायात क्षेत्रको सिन्डिकेट पुनः ब्युँतिन नसक्ने दाबी गरे। उनले अवरोध गर्ने व्यवसायीका गाडी कब्जारमा लिएर भए पनि जनतालाई सहजता प्रदान गर्ने बताए। देशका अन्य क्षेत्रमा पनि सिन्डिकेट भएको उल्लेख गर्दै गृहमन्त्री थापाले भने- 'यो शुभारम्भ हो, क्रमशः अन्य क्षेत्रमा पनि जान्छौं।'

## राज्यमन्त्री बास्कोटा सीमान्तकृतका अभिभावक

नेपाल समाचारपत्र

बालुवा, पाँचखाल

सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्री गोकुल बास्कोटा सीमान्तकृत समुदायका अभिभावक बनेका छन्। बुधबार आजाद माध्यमिक विद्यालय पाँचखालमा सीमान्तकृत समुदायका बालक रिजन दनुवारलाई भर्ना गराउँदै बास्कोटा अभिभावक बनेका हुन्।

विद्यालयका प्रधानाध्यापक प्रह्लाद तिमल्सिना र रिजनकी आमा माया दनुवारलाई रिजनलाई आवश्यक पर्ने शैक्षिक सामग्री हस्तान्तरणपछि भर्ना गराउँदै राज्यमन्त्री बास्कोटा अभिभावक बनेका हुन्। आजाद माध्यमिक विद्यालयमा आदिवासी, जनजाति र सीमान्तकृत समुदायमा जन्मिएर आर्थिक विपन्नता भएका परिवारका सदस्य रिजनको राज्यमन्त्री बास्कोटा अभिभावक बनेका हुन्। जिल्लाका विभिन्न स्थानीय सरकारमा निर्वाचित जनप्रतिनिधि अभिभावक बन्दै




बालबालिकाहरूलाई नयाँ भर्ना गराएका छन्। बुधबार आयोजित कार्यक्रममा राज्यमन्त्री बास्कोटाले एक कार्यक्रमको आयोजना गरी रिजनको अभिभावक बन्ने घोषणा गरेका थिए।

रिजनलाई वर्षभरि आवश्यक पर्ने विद्यालयका २ जोर पोसाक, २ जोर जुत्ता, मोजा, ब्याग र जाडो यामका लागि २ वटा स्वीटर, स्टेसनरी, कापी, पेन्सिल, इरेजर, स्कुलको पोसाकबाहेक घरमा बस्दा लगाउने २ जोर कपडा, विद्यालय अंग्रेजी माध्यममा भएकाले निजी पब्लिकेसन हाउसका केही किताब किन्न आवश्यक रकम, टिफिन बाकस, पानीको बोतल, वर्षादी, छातालगायतका सामग्री हस्तान्तरण गरेका छन्। कार्यक्रममा बोल्दै राज्यमन्त्री बास्कोटाले नागरिकद्वारा नागरिकको उत्तरदायित्व बहन गर्नुपर्ने बताउँदै सक्नेले नसक्नेलाई सहयोग गर्नुपर्ने बताए। 'सक्षम लाखौंले असक्षम लाखौंलाई सहयोग गर्नुपर्छ' -राज्यमन्त्री बास्कोटाले भने।

## हराएको चालिस दिनपछि शव भेटियो

नुवाकोट, (नेस)

रसुवाको उत्तरगया गाउँपालिका-२ डाँडागाउँका चोक्ता तामाङ हराएको ४० दिनपछि मृतावस्थामा नुवाकोटमा भेटिएका छन्। विदुर नगरपालिका-७ तुप्चेस्थित त्रिशूली जलविद्युत् केन्द्रको बाँधस्थित त्रिशूली नदीमा मंगलबार अपराह्न ४ बजे भेटिएको शव फागुन २४ गतेदेखि हराएका तामाङकै भएको पहिचान खुलेको जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रहरी निरीक्षक लालबाबु शाहले जानकारी दिनुभयो।

शवको जिल्ला अस्पताल त्रिशूलीमा परीक्षण गरी परिवारलाई जिम्मा लगाइएको प्रहरीले जनाएको छ। ५७ वर्षीय तामाङ मकै पिस्न गाउँकै घट्टमा गएको समयमा हराएका थिए। उनको मृत्युको कारण खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ। घटनाको थप अनुसनन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ।


## वर्गीकृत विज्ञापन

### डिप्रेशन र माईग्रेनको सफल उपचार !!!

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
**नारायणी पेट्रोल पम्प**
**रिङरोड, बाफल**
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

### मर्मत

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

### चाहियो

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

### बाथ तथा दमको अचुक उपचार

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३,४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३६५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर (गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्युनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२११७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेसनरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६१५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मलः स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

काम गरिरहेका र काम गर्न सक्ने कर्मचारीलाई स्वैच्छिक अवकाश दिने पक्षमा सरकार नभएको उहाँको भनाइ थियो।

# संगठित अपराधमा संलग्न नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्यसहित ५ पक्राउ

**यमलाल भुसाल, बुटवल**

कुख्यात अपराधि मनोज पुनसँगको संगठित अपराधमा संलग्न रहेको अभियोगमा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्यसहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ।

युवासंघका तत्कालीन जिल्ला अध्यक्ष दुर्गा तिवारी तथा नेता वसन्त पौडेल (बलु) को हत्याका मुख्य योजनाकार मनोज पुनलाई सूचना दिने, पैसा असुलीका लागि व्यक्तिगत विवरण उपलब्ध गराउने र असुली भएको पैसाको व्यवस्थापन गर्नेलगायतका काममा संलग्न रहेको अभियोगमा उनीहरू पक्राउ परेका हुन्।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीले नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य देवदह नगरपालिका-४ का लेखनाथ न्यौपाने, एमालेको भ्रातृ संगठन युवा संघका लुम्बिनी अञ्चल सदस्य तथा मदन भण्डारी स्पोर्टस एकेडेमीका प्रदेश सदस्य बुटवल ७ का उत्तम आचार्य, माओवादी केन्द्रका देवदह-५ बस्ने तुलसी न्यौपाने, देवदह-६ का रोशन खड्कालाई मंगलबार रूपन्देहीका विभिन्न स्थानबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रमुख प्रहरी उपरीक्षक श्यामलाल ज्ञवालीले जानकारी दिनुभयो।



त्यस्तै स्याङ्जा पुतलीबजार-४ घर भई हाल बुटवल-४ बस्ने मदिरा उद्योगी हरिप्रसाद श्रेष्ठलाई आफ्नै बिजनेस पार्टनरलाई हत्या गर्न संगठित अपराधमा संलग्न व्यक्तिहरूलाई प्रयोग गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय रूपन्देहीले बुधबार इलाका प्रहरी कार्यालय बुटवलमा पत्रकार सम्मेलन गरी उनीहरूलाई सार्वजनिक गरेको हो।

प्रहरीका अनुसार दुर्गा तिवारी तथा वसन्त पौडेलको हत्यापछि युवासंघ र प्रहरीको गोप्य बैठकमा समेत उत्तमको उपस्थिति हुने र हत्यामा संलग्नलाई पक्राउ गर्नका लागि चर्को दबाब दिने गरेका थिए। तर बाहिरी आवरणमा प्रहरीलाई दबाब दिएजस्तो गरे पनि भित्रीरूपमा उत्तमले यहाँ भएका सबै सूचनाहरू मनोज पुनलाई दिने गरेको र मनोज पुनको इन्काउन्टर हुनुभन्दा केही दिन अगाडिसम्म यहाँको सूचना मनोजसँम्म पुगेको भेटिएको प्रहरी उपरीक्षक ज्ञवालीले बताउनुभयो।

रूपन्देही तथा आसपासका जिल्लाका व्यक्ति विवरण पठाउने र असुली भएको पैसाको समेत व्यवस्थापन गर्ने काम उत्तम तथा लेखनाथले गर्ने गरेका थिए। यहाँका व्यापारी व्यवसायीसँग फिरौती असुलीका लागि भारतीय नागरिकसमेत संलग्न रहेको र उनीहरूको व्यवस्थापन लेखनाथले गरेको प्रहरी उपरीक्षक ज्ञवालीले बताउनुभयो। दुर्गा तिवारीको हत्यालगत्तै प्रहरीले उत्तमलाई पक्राउ गरे पनि तत्कालै छाडेको थियो।

रूपन्देहीको देवदह नगरपालिका भलुहीमा सञ्चालित मोहिनी हाइजिन मदिरा उद्योगका सञ्चालक श्रेष्ठले सोही उद्योगका सञ्चालक अर्जुन श्रेष्ठ र उद्योगका प्रमुख कार्यकारी अधिकृत डिलाराम आचार्यको हत्या गराउनका लागि मनोज पुनको संगठित अपराधमा लागेका व्यक्तिलाई २ लाख रुपियाँको सम्झौता गरी ९० हजार रुपियाँ पेस्की दिएका थिए।

तर २०७२ कात्तिक २२ गते बुटवल वडा नं. ७ निवासी नारायणबाबु बस्नेतलाई गोही प्रहार गरी हत्या प्रयासमा संलग्न भएको अभियोगमा उनीहरू समातिए। प्रहरीले गिरफ्तार गरेपछि मदिरा उद्योगी श्रेष्ठले लगाएको काम अर्जुन र डिलाराम हत्या योजना योजनामै सीमित रह्यो।

हरि श्रेष्ठ र अर्जुन श्रेष्ठको संयुक्त लगानीमा मोहीनी हाइजिन मदिरा उद्योग सञ्चालनमा थियो। तर करिब २ वर्ष अगाडि दुई जनाबीच मनमुटाव भएपछि हरि श्रेष्ठले उक्त उद्योगबाट लगानी फिर्ता लिएर एकलरूपमा अर्जुनले सञ्चालन गर्दै आएका छन्। यता हरिले आफ्नै छोरी ज्वाइँको नाममा गुराँस डिस्टिलरी सञ्चालन गरेका छन्। मोहिनी हाइजिनसँगको व्यवसायिक प्रतिस्पर्धा अन्त्यका लागि हरिले अर्जुन र डिलाराममलाई समाप्त पार्ने योजना बुनेको हुनसक्ने प्रहरीको अनुमान छ।

पक्राउ परेका उनीहरूलाई संगठित अपराधअन्तर्गत कर्तव्य ज्यान, जबरजस्ती असुली, हातहतियार तथा खरखजना मुद्दामा कारबाही अगाडि बढाइने प्रहरी उपरीक्षक ज्ञवालीले बताउनुभयो।

# राष्ट्रिय विद्यार्थी भर्ना अभियानले आरक्षपीडितका बालबालिकालाई छोएन

**हरकसिंह धामी, कञ्चनपुर**

आइतबारदेखि देशभर राष्ट्रिय विद्यार्थी भर्ना अभियान शुरू भएको छ। विद्यार्थी भर्ना अभियानको दोस्रो दिन सोमबार कञ्चनपुरका विभिन्न स्थानीय तहका सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अभियान निरन्तर जारी रह्यो। जिल्लामा ९ वटै स्थानीय तहबाट विद्यार्थी भर्ना अभियानबारे औपचारिक कार्यक्रम नगरिए तापनि सामुदायिक विद्यालयले कार्यतालिकाअनुसार विद्यार्थी भर्ना गरिरहेका छन्।

गाउँ-गाउँमा विद्यार्थी भर्ना अभियान शुरू भए तापनि आरक्षपीडितका बालबालिका विद्यार्थी भर्ना अभियानमा सहभागी भएका छैनन्। अन्य विभिन्न गाउँका अभिभावकले आफ्ना बालबालिकालाई विद्यालयमा भर्ना गरे पनि आरक्षपीडितका अभिभावकले आफ्ना बालबालिकालाई विद्यालयमा भर्ना गरेनन्। पीडितका अभिभावकले राष्ट्रिय विद्यार्थी भर्ना अभियानबारे अनविज्ञता प्रकट गरेका छन्।

विस्थापित भएको झन्डै डेढदशक समयदेखि पीडितका बालबालिकाले पढ्न पाएका छैनन्। आरक्षपीडित संघर्ष समितिका अध्यक्ष हीरासिंह भण्डारीले १७ वर्षदेखि पीडितका बालबालिका विद्यालय जानबाट वञ्चित भएको बताए। उनका अनुसार विसं २०५८ सालमा विस्थापित गर्दा हजारौं बालबालिकाले बीचमै विद्यालय छाडेका थिए । '२०५८ देखियता आरक्षपीडित विभिन्न शिविरमा बस्दै आएका छन्', उनले भने- 'शिविरमा बस्दा कसरी दैनिक छाक टार्ने सोच हुन्छ, छोराछोरीलाई विद्यालय पढाउने वातावरण नै भएन।'

बीचमै विद्यालय छाडेका पीडितका सन्तान अहिले स्वदेश तथा विदेशमा तल्लोस्तरको श्रम गर्न बाध्य भएका छन्। 'पढ्ने उमेरमा विद्यालय जान पाएनन्', अध्यक्ष भण्डारीले भने- 'पेट पाल्नका लागि बालबालिका श्रम गर्न बाध्य भए।' अध्यक्ष भण्डारीले चार वर्षपहिले शिक्षा कार्यालय कञ्चनपुरबाट प्राप्त बालविकास केन्द्र पनि बन्द भएको बताउँदै शिविरको चारैतिर जंगल र विद्यालय टाढा भएका कारण पीडितका बालबालिका विद्यालय जानबाट वञ्चित भएको बताए। 'पहिले सानासाना बालबालिका बाल विकास केन्द्रमै पढ्थे', अध्यक्ष भण्डारीले भने- 'शिक्षिका केन्द्रमा आउन छाडेपछि विद्यार्थी पनि घट्दै गए।' पीडितको बस्तीमै आधारभूत विद्यालय नदिएका कारण पीडितका बालबालिका विद्यालयबाट वञ्चित भएको उनको दुःखेसो छ। 'साना-साना नानी टाढा जान सक्दैनन्', उनले भने- 'पीडितको बस्तीमै एक विद्यालय आवश्यक छ।'

बाल विकास केन्द्रमा विद्यार्थी चाँन्देव गएर अध्ययन गर्न लागेको बताउँदै अध्यक्ष भण्डारीले केही आफन्तको घरमा बसेर पढ्न लागेको बताए। शिविरमा बस्दै आएका ६ सय परिवारका झण्डै १ हजार २ सय बालबालिका भने शिक्षाबाट वञ्चित भएको उनको भनाइ छ। अध्यक्ष भण्डारीले सरकारले पीडितकै बस्तीमा विद्यालय स्थापना गरेमात्रै पीडितका बालबालिका विद्यालय जान पाउने बताए। जिल्ला शिक्षा कार्यालय कञ्चनपुरले विद्यार्थी भर्ना अभियानका लागि स्थानीय तहसँग समन्वय गर्ने जनाएको छ। शिक्षा कार्यालय कञ्चनपुरको तथ्यांकअनुसार गतवर्ष ६ सय ४० जना विद्यालयबाहिर थिए।

# कर्मचारी स्वैच्छिक अवकाश स्थगित

विराटनगर, (नेस)

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले कर्मचारी स्वैच्छिक अवकाश हाललाई स्थगित गरिएको बताउनुभएको छ। विराटनगर विमानस्थलमा बुधबार पत्रकारहरूसँग कुरा गर्दै मन्त्री पण्डितले तीन तहमा कर्मचारी खटाउनुपर्ने भएकाले स्वैच्छिक अवकाश हाललाई स्थगित गरिएको बताउनुभएको हो।

उहाँले अब सबै कर्मचारीले खटाएको ठाउँमा गएर काम गर्नुपर्ने बताउनुभयो। मन्त्री पण्डितले आर्थिक समृद्धिको अभियानमा मुलुक अगाडि बढिसकेकाले अनुभवी र क्रियाशील कर्मचारीको खाँचो रहेको जानकारी पनि दिनुभयो। काम गरिरहेका र काम गर्न सक्ने कर्मचारीलाई स्वैच्छिक अवकाश दिने पक्षमा सरकार नभएको उहाँको भनाइ थियो। उहाँले स्वैच्छिक अवकाश रोकेर सरकारले कर्मचारीको इच्छाबमोजिमको कार्यालय र घरपायक हुने गरी काम गर्ने वातावरण मिलाउने तयारी गरिरहेको बताउनुभयो।

# तालाबन्दी खुल्यो

बैतडी, (नेस) । बैतडीको सुर्नया गाउँपालिका-१ मा विगत ८ दिनदेखि गरिएको तालाबन्दी बुधबार खोलिएको छ। सुनर्या गाउँपालिका वडा नं.१ ले तयार गरेका योजनाप्रति असन्तुष्टि जनाउँदै केही राजनीतिक दलका स्थानीय प्रतिनिधिले विज्ञप्ति जारी गर्दै गत चैत २७ गते तालाबन्दी गरेका थिए।

साविकको हटैराज गाविसका पूर्वअध्यक्ष गजेन्द्रबहादुर चन्दको अध्यक्षतामा बसेको बैठकले अबउपरान्त योजना निर्माणका काममा बाधा नपुर्‍याउने तथा निर्माणका काम सुचारु गर्ने सहमति भएको वडाअध्यक्ष कलशबहादुर चन्दले जानकारी दिनुभयो।

# खानेपानी महसुलमा सय रुपियाँ अनुदान

पाल्पा, (नेस)

तानसेन नगरपालिकाले यहाँको खानेपानी उपभोक्ता समितिलाई २५ लाख रुपियाँ अनुदान दिएपछि खानेपानी उपभोक्तताहरूले अब खानेपानी महसुलमा राहत पाउने भएका छन्।

तानसेन नगर सरकारले जनतालाई १ सय रुपियाँ अनुदान दिने भएपछि राहत पाउने भएका हुन्। यसअघि उपभोक्ताले १ हजार लिटरको १ सय ३० रुपियाँ तिर्दै आएकोमा अब ३० रुपियाँ मात्र तिरे पुग्ने खानेपानी उपभोक्ता समितिले जनाएको छ।

१० हजार लिटर पानी उपभोग गर्ने उपभोक्ताले अब ३ सय रुपियाँ मात्र तिरे पुग्ने भएको हो। नगरपालिकाले अनुदान दिएर १ सय रुपियाँ मूल्य घटाउने समझदारीमा हस्ताक्षर गरेको छ। सम्झौतामा नगरपालिकाले एकमुष्ठ २५ लाख रुपियाँ प्रदान गर्ने र ग्राहक सदस्यलाई १ सय रुपियाँ कम गर्ने उल्लेख छ।

पत्रकार सम्मेलन गरेर सम्झौतामा हस्ताक्षर गर्दै तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले जनताको आवश्यकताअनुसार महसुल सस्तो गराउने गरी सहमति गरिएको बताए।

# पुस्तक वितरण दिवस मनाइयो

बैतडी, (नेस)

बैतडीमा बुधबार पुस्तक वितरण दिवस मनाइएको छ। जिल्ला शिक्षा कार्यालयको आयोजनामा बैतडीको देहीमाडौंमा रहेको निंगलाशैनी माध्यमिक विद्यालयमा एक कार्यक्रमको आयोजना गरी पुस्तक वितरण दिवस मनाइएको हो।

पुस्तक वितरण दिवसको अवसरमा उक्त विद्यालयमा अध्ययन बालबालिकालाई निमित्त जिल्ला शिक्षा अधिकारी शंकरदत्त भट्टले पुस्तक वितरण गर्नुका साथै नयाँ भर्ना आउने विद्यार्थीलाई स्वागत गरेका थिए। उक्त कार्यक्रममा निमित्त जिल्ला शिक्षा अधिकारी शंकरदत्त भट्ट, जिल्ला समन्वय समितिका सदस्य रमेश बोहरा, दशरथचन्द नगरपालिका वडा नं २ का अध्यक्ष रनबहादुर बोहरालगायतको उपस्थिति रहेको थियो।

नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
सिंहदरवार, काठमाडौं

**प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति : २०७५/०१/०६

यस मन्त्रालयको प्रस्तावपत्र सूचना नं. MoFSC–03/074/75 अनुसार Mid-Term Monitoring and Evaluation of National Biodiversity Strategy and Action Plan (2014-2020) गर्नका लागि मिति २०७४/११/२३ मा प्रस्तावपत्र सूचना प्रकाशन गरिएबमोजिम पर्न आएका प्रस्तावपत्रहरुको परीक्षण एवं मूल्याङ्कन गर्दा सारभूतरुपमा प्रभावग्राही प्रस्तावपत्रहरु मध्ये सबैभन्दा कम रकम कबोल गर्ने प्रस्तावदाता श्री लुम्बिनी इन्भारोमेण्ट सर्भिस प्रा.लि. र वातावरणीय सुसान कार्य समुह, काठमाडौंको प्रस्तावपत्र स्वीकृत भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

**काठमाण्डौ जिल्ला अदालतबाट जारी भएको काठमाण्डौ जिल्ला कपन गा.वि.स. वडा नं.७ को हाल का.जि.का.म.न.पा.वडा नं.८ जयबागेश्वरी स्थित नेपाल पावर ईन्जीनियरिङ कम्पनी प्रा.लि. का संचालक का.जि.का.म.न.पा.वडा नं.८ बस्ने आलोक बडालका नामको ३५ (पैतिस) दिने म्याद सूचना (मुद्दा नं. विगो ३७५/११३२ फाँट तहसिल-२)................**

उप्रान्त वादी बैजनाथ साह प्रतिवादी तपाई समेत भएको ०७०-PC-३८२३ को चेक अनादर मुद्दामा यस अदालतबाट मिति २०७२/३/१३ एवं उच्च अदालत पाटनको मिति २०७३/९/८ मा भएको फैसला बमोजिम वादीले तपाइबाट भरी पाउने ठहरेको विगो रु.८,५०,०००/-(आठलाख पचास हजार) र सो को कानून बमोजिमको ब्याज समेत प्रतिवादीबाट भराई पाँउ भनी वादीको यस अदालतमा दरखास्त परी यस अदालतबाट प्रस्तुत मुद्दाको कारबाहीको क्रममा तपाईका नाममा जारी भएको म्याद मिति २०७४/७/१५ मा बेपत्ते तामेल भई आएको हुँदा प्रतिवादी तपाईका नाउँको म्याद राष्ट्रीय स्तरको पत्रिकामा म्याद प्रकाशित गरी पाँउ भनी वादीले दिएको निवेदन अनुसार तपाईका नाउमा राष्ट्रीय स्तरको दैनिक पत्रिकामा म्याद प्रकाशन गर्नु भन्ने यस अदालतबाट मिति २०७४/१२/१६ का आदेशानुसार जिल्ला अदालत नियमावली २०५२, को नियम २२(क) बमोजिम तपाईका नाउको यो म्याद सूचना प्रकाशित गरीएको छ। यो म्याद प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ (पैतिस) दिन भित्र उल्लेखित विगो सहित यस अदालतमा हाजिर हुन आउनु होला । नआई म्याद गुजारी बसेमा कानून बमोजिम हुनेछ। पछी तपाइको कुनै उजुरी लाग्ने छैन। ईति सम्वत २०७४ चैत्र २६ गते रोज २ शुभम...........

श्री
**मुद्दा नं. ०७३-CB-००६८** — **उच्च अदालत पाटन, ललितपुरबाट जारी भएको** — **फाँट- वाणिज्य-२**
**म्याद**
**एन.वि. ग्रुप (नेपाल) प्रा.लि.....................................................................निवेदक**
**विरुद्ध**
**विष्णु प्रसाद धिताल समेत.....................................................................विपक्षी**
**मुद्दाः कम्पनी ऐन, २०६३ को दफा १५९ र १६३ बमोजिमको क्षतिपुर्ति दिलाई पाउँ ।**

**तत्कालिन नेपाल क्रेडिट एण्ड कमर्श बैंक ईन्फ्रास्ट्रक्चर डेभलपमेण्ट बैंक लि,. ईन्टरनेशनल डेभलपमेण्ट बैंक लि., सुप्रिम डेभलपमेण्ट बैंक लि. र एपेक्स डेभलपमेण्ट बैंक लि. विच मर्जर प्रक्रियाको लागी DDA गर्न कार्यमा संलग्न काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१ बानेश्वर हाइट, प्रवचन मार्ग, एमबिएमएस विल्डिङ्गमा अवस्थित एमबिएमएस एण्ड एशोसिएट्स चार्टर्ड एकाउण्टेण्टस्का चार्टर्ड एकाउण्टेण्ट मनिष राज उप्रेतीका नामको ७(सात) दिने म्याद...........................।**
उप्रान्त निवेदक एन.वि. ग्रुप (नेपाल) प्रा.लि. समेत विरुद्ध तपाईं समेत भएको क्षति पुग्न गएको रकम असुल उपर गरी पाउँ भन्ने निवेदन इजलास समक्ष पेश हुँदा "यसमा के कसो भएको हो ? निवेदकको निवेदन माग बमोजिम आदेश जारी हुनु नपर्ने हो ? निवेदन माग अनुसारको आदेश जारी हुनु नपर्ने भए आधार, कारण एवं प्रमाण सहित म्याद सुचना तामेल भएको मितिले वाटाका म्याद बाहेक ७(सात) दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ प्रस्तुत गर्नुहोला भनी विपक्षीका नाउँमा प्रस्तुत आदेश र निवेदनको प्रतिलिपी साथै राखी म्याद सुचना पठाई लिखित जवाफ प्राप्त भएपछि वा अवधि व्यतित भएपछि पेश गर्नु" भन्ने यस अदालतका **मिति २०७४/०३/२०** गतेका आदेशानुसार तपाईंका नाउँमा आदेश र निवेदनको प्रतिलिपी साथै राखी म्याद जारी गरी पठाउँदा तामेल हुन नसकी वेपत्ते तामेल भई आएको र मिति २०७४/११/२३ गतेका आदेशानुसार निवेदकले विपक्षीहरुको वतन खुलाउन सक्दैन निजहरुका नाउँको म्याद पत्रिकामा प्रकाशित गरी पाउँ भनी निवेदन दिएको हुँदा निवेदन माग अनुसार विपक्षीहरुका नामको म्याद राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु भन्ने मिति २०७४/११/३० गते रजिष्ट्रार ज्यूबाट भएका आदेशानुसार तपाईंका नाउँको म्याद पत्रिकामा प्रकाशित गरीएको छ, म्याद प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक ७(सात) दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु होला । नआई म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम भई जानेछ पछि तपाईंको कुनै उजुर बाजुर लाग्ने छैन ।
ईति सम्बत् २०७४ साल चैत्र महिना ०२ गते रोज ६ शुभम्...........................................

श्री
**मुद्दा नं. ०७३-CB-००६८** — **उच्च अदालत पाटन, ललितपुरबाट जारी भएको** — **फाँट- वाणिज्य-२**
**म्याद**
**एन.वि. ग्रुप (नेपाल) प्रा.लि.....................................................................निवेदक**
**विरुद्ध**
**विष्णु प्रसाद धिताल समेत.....................................................................विपक्षी**
**मुद्दाः कम्पनी ऐन, २०६३ को दफा १५९ र १६३ बमोजिमको क्षतिपुर्ति दिलाई पाउँ ।**

**तत्कालिन एपेक्स विकास बैं लि.का संचालक समितिका सदस्य का.जि.का.म.न.पा. वडा नं. १६ बालाजु बस्ने सुवर्ण राजभण्डारीका नामको ७(सात) दिने म्याद.......................................।**
उप्रान्त निवेदक एन.वि. ग्रुप (नेपाल) प्रा.लि. समेत विरुद्ध तपाईं समेत भएको क्षति पुग्न गएको रकम असुल उपर गरी पाउँ भन्ने निवेदन इजलास समक्ष पेश हुँदा "यसमा के कसो भएको हो ? निवेदकको निवेदन माग बमोजिम आदेश जारी हुनु नपर्ने हो ? निवेदन माग अनुसारको आदेश जारी हुनु नपर्ने भए आधार, कारण एवं प्रमाण सहित म्याद सुचना तामेल भएको मितिले वाटाका म्याद बाहेक ७(सात) दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ प्रस्तुत गर्नुहोला भनी विपक्षीका नाउँमा प्रस्तुत आदेश र निवेदनको प्रतिलिपी साथै राखी म्याद सुचना पठाई लिखित जवाफ प्राप्त भएपछि वा अवधि व्यतित भएपछि पेश गर्नु" भन्ने यस अदालतका **मिति २०७४/०३/२०** गतेका आदेशानुसार तपाईंका नाउँमा आदेश र निवेदनको प्रतिलिपी साथै राखी पटक-पटक म्याद जारी गरी पठाउँदा तामेल हुन नसकी वेपत्ते तामेल भई आएको र निवेदकले विपक्षीहरुको वतन खुलाउन सक्दैन निजहरुका नाउँको म्याद पत्रिकामा प्रकाशित गरी पाउँ भनी निवेदन दिएको हुँदा निवेदन माग अनुसार विपक्षीहरुका नामको म्याद राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नँ भन्ने मिति २०७४/११/३० गतेका आदेशानुसार तपाईंका नाउँको म्याद पत्रिकामा प्रकाशित गरीएको छ, म्याद प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक ७(सात) दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु होला । नआई म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम भई जानेछ पछि तपाईंको कुनै उजुर बाजुर लाग्ने छैन ।
ईति सम्बत् २०७४ साल चैत्र महिना ०२ गते रोज ६ शुभम्...........................................

श्री
**मुद्दा नं. ०७३-CB-००६८** — **उच्च अदालत पाटन, ललितपुरबाट जारी भएको** — **फाँट- वाणिज्य-२**
**म्याद**
**एन.वि. ग्रुप (नेपाल) प्रा.लि.....................................................................निवेदक**
**विरुद्ध**
**विष्णु प्रसाद धिताल समेत.....................................................................विपक्षी**
**मुद्दाः कम्पनी ऐन, २०६३ को दफा १५९ र १६३ बमोजिमको क्षतिपुर्ति दिलाई पाउँ ।**

**तत्कालिन एपेक्स विकास बैं लि.का संचालक समितिका सदस्य का.जि.का.म.न.पा. वडा नं. २६ सामाखुसी बस्ने ईच्छा बहादुर गुरुङका नामको ७(सात) दिने म्याद .......................................।**
उप्रान्त निवेदक एन.वि. ग्रुप (नेपाल) प्रा.लि. समेत विरुद्ध तपाईं समेत भएको क्षति पुग्न गएको रकम असुल उपर गरी पाउँ भन्ने निवेदन इजलास समक्ष पेश हुँदा "यसमा के कसो भएको हो ? निवेदकको निवेदन माग बमोजिम आदेश जारी हुनु नपर्ने हो ? निवेदन माग अनुसारको आदेश जारी हुनु नपर्ने भए आधार, कारण एवं प्रमाण सहित म्याद सुचना तामेल भएको मितिले वाटाका म्याद बाहेक ७(सात) दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ प्रस्तुत गर्नुहोला भनी विपक्षीका नाउँमा प्रस्तुत आदेश र निवेदनको प्रतिलिपी साथै राखी म्याद सुचना पठाई लिखित जवाफ प्राप्त भएपछि वा अवधि व्यतित भएपछि पेश गर्नु" भन्ने यस अदालतका **मिति २०७४/०३/२०** गतेका आदेशानुसार तपाईंका नाउँमा आदेश र निवेदनको प्रतिलिपी साथै राखी म्याद जारी गरी पठाउँदा तामेल हुन नसकी वेपत्ते तामेल भई आएको र मिति २०७४/११/२३ गतेका आदेशानुसार निवेदकले विपक्षीहरुको वतन खुलाउन सक्दैन निजहरुका नाउँको म्याद पत्रिकामा प्रकाशित गरी पाउँ भनी निवेदन दिएको हुँदा निवेदन माग अनुसार विपक्षीहरुका नामको म्याद राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु भन्ने मिति २०७४/११/३० गते रजिष्ट्रार ज्यूबाट भएका आदेशानुसार तपाईंका नाउँको म्याद पत्रिकामा प्रकाशित गरीएको छ, म्याद प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक ७(सात) दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु होला । नआई म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम भई जानेछ पछि तपाईंको कुनै उजुर बाजुर लाग्ने छैन ।
ईति सम्बत् २०७४ साल चैत्र महिना ०२ गते रोज ६ शुभम्...........................................

श्री
**मुद्दा नं. ०७३-CB-००६८** — **उच्च अदालत पाटन, ललितपुरबाट जारी भएको** — **फाँट- वाणिज्य-२**
**म्याद**
**एन.वि. ग्रुप (नेपाल) प्रा.लि.....................................................................निवेदक**
**विरुद्ध**
**विष्णु प्रसाद धिताल समेत.....................................................................विपक्षी**
**मुद्दाः कम्पनी ऐन, २०६३ को दफा १५९ र १६३ बमोजिमको क्षतिपुर्ति दिलाई पाउँ ।**

**तत्कालिन एपेक्स विकास बैं लि.का संचालक समितिका सदस्य हाल नागरिक लगानी कोष नयाँ बानेश्वरमा कार्यरत चिरञ्जिवि अधिकारीका नामको ७(सात) दिने म्याद .......................................।**
उप्रान्त निवेदक एन.वि. ग्रुप (नेपाल) प्रा.लि. समेत विरुद्ध तपाईं समेत भएको क्षति पुग्न गएको रकम असुल उपर गरी पाउँ भन्ने निवेदन इजलास समक्ष पेश हुँदा "यसमा के कसो भएको हो ? निवेदकको निवेदन माग बमोजिम आदेश जारी हुनु नपर्ने हो? निवेदन माग अनुसारको आदेश जारी हुनु नपर्ने भए आधार, कारण एवं प्रमाण सहित म्याद सुचना तामेल भएको मितिले वाटाका म्याद बाहेक ७(सात) दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ प्रस्तुत गर्नँहोला भनी विपक्षीका नाउँमा प्रस्तुत आदेश र निवेदनको प्रतिलिपी साथै राखी म्याद सुचना पठाई लिखित जवाफ प्राप्त भएपछि वा अवधि व्यतित भएपछि पेश गर्नु" भन्ने यस अदालतका **मिति २०७४/०३/२०** गतेका आदेशानुसार तपाईंका नाउँमा आदेश र निवेदनको प्रतिलिपी साथै राखी म्याद जारी गरी पठाउँदा तामेल हुन नसकी वेपत्ते तामेल भई आएको र मिति २०७४/११/२३ गतेका आदेशानुसार निवेदकले विपक्षीहरुको वतन खुलाउन सक्दैन निजहरुका नाउँको म्याद पत्रिकामा प्रकाशित गरी पाउँ भनी निवेदन दिएको हुँदा निवेदन माग अनुसार विपक्षीहरुका नामको म्याद राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु भन्ने मिति २०७४/११/३० गते रजिष्ट्रार ज्यूबाट भएका आदेशानुसार तपाईंका नाउँको म्याद पत्रिकामा प्रकाशित गरीएको छ, म्याद प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक ७(सात) दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु होला । नआई म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम भई जानेछ पछि तपाईंको कुनै उजुर बाजुर लाग्ने छैन ।
ईति सम्बत् २०७४ साल चैत्र महिना ०२ गते रोज ६ शुभम्...........................................

# विश्व



**पद त्याग**

सन् २००६ मा बिरामी दाजु फिडेल क्यास्त्रोको स्थानमा राष्ट्रपति बनेका राउल क्यास्त्रोले हिजो राति पद त्याग गरेका छन् ।



**वर्खास्त**

जिम्वावे सरकारले हडतालमा उत्रेका दस हजार भन्दा बढि नर्सलाई जागिरबाट निकालेको छ ।



विश्व २ मिनेट

**अमेरिका**

## फर्जी अकाउन्ट

लसएन्जलस, (एजेन्सी)

फेसबुक र ट्विटर जस्ता सामाजिक सञ्जालमा कुनै फर्जी अकाउन्ट पत्तालगाउन अब सम्भव हुने भएको छ। सफ्टवेयर निर्माताहरुले यस्ता अकाउन्टको पहिचान गर्ने नयाँ तरिकाको धारणामा आधारित एग्लोरिथम विकसित गरेका छन्। यसमा फर्जी अकाउन्टका माध्यमबाट सञ्जालमा रहेका अन्य प्रयोगकर्तालाई अनाठो लिंक पठाउने गरिरहेको हुन्छ, जसलाई नयाँ सफ्टवेयरले चिन्ने आधार बनाएको बताइएको छ। इजरायली बेन गुरियोन युनिभर्सिटीका प्रमुख शोधकर्ता डिमा कगानले हालका दिनमा प्रयोगकर्ताको निजी आँकडाको सुरक्षा गर्न असफल हुनु चिन्ताको विषय भएको बताएका छन्।

**पाकिस्तान**

## सुपरबग खतरनाक

इस्मावाद, (एजेन्सी)

पाकिस्तानमा हालैका दिनमा फैलिएका टाइफाइड सुपरबगमाथि कुनै पनि औषधिले काम नगरेको चिचित्सकहरुले बताएका छन्। उपचारमा कुनै पनि एन्टिबायोटिक औषधिले काम नगर्ने यो रोग विश्वभरि फैलिन सक्नेमा चिन्ता व्यक्त गरिएको छ। यो सुपरबगले ५ प्रकारका एन्टिबायोटिक्ससँग प्रतिरोधी क्षमता विकसित गरिसकेको छ। सन् २०१६ देखि अहिलेसम्ममा कम्तीमा ८ सय ५० यो सुपरबगबाट संक्रमित भएको पाइएको छ। यद्यपि एकमात्र खाने एन्टिबायोटिक यो सुपरबगविरुद्ध प्रभावकारी रहेको शोधकर्ताहरुले बताए। अबको एक आनुवंशिक परिवर्तनले यो रोगको उपचार हुन नसक्ने उनीहरुले बताए।

**जिम्वावे**

## नर्सहरु वर्खास्त

हरारे, (एजेन्सी)

जिम्वावे सरकारले सोमवार देखि हडतालमा रहेका १० हजार भन्दा बढि नर्सलाई वर्खास्त गरेर श्रम अस्थिरता दवाउन कडा नीति अपनाएको छ । उप राष्ट्रपति कोन्स्टान्टिनो चिवेन्गाले तलब वृद्धीका लागि १ करोड ७० लाख अमेरिकी डलर निकासा गरिदा पनि नर्सहरुले काममा फर्कन अस्विकार गरेको बताएका छन् । उनले मानिसको जिवन बचाउने काममा नफर्केकोमा तिनीहरुको आलोचना गरेका छन् । हालसालै मात्र डाक्टरहरुको हडताल तोड्न तलव वृद्धिका लागि सहमति जनाएका राष्ट्रपति इमर्मसन नान्गावा सामु स्वास्थ क्षेत्र चुनौतीको रुपमा देखा परेको छ ।

**अमेरिका**

## हेलीको स्पष्टिकरण

वासिंगटन, (एजेन्सी)

संयुक्त राष्ट्र संघका लागि अमेरिकी राजदुत निक्की हेलीले रसिया माथि लगाइने नयाा नाकावन्दिलाई लिएर आफु अलमलिएको अभिव्यक्ति दिएको भनी व्हाइट हाउसले लगाएको आरोपको बुधवार खण्डन गरेकी छिन् । उनले फोक्स न्युज टेलिभिजनलाई आफु कुनै पनि हालतमा त्यो खवर थाहापाएर अलमलमा नपरेको स्पष्ट पारेकी छिन् । राष्ट्रपति भवन व्हाइट हाउसका आर्थिक सल्लाहकार लार्री कुड्लोले उनी माथि सो आरोप लगाएका थिए । आइतवार मात्र हेलीले अमेरिकाले रसिया मागि अर्को कडा नाकावन्दि लगाउने योजना बनाइरहेको जानकारी दिएकी थिइन् ।

### ट्रम्पद्वारा किमसँग प्रत्यक्ष वार्ताको खुलासा

# सीआईए प्रमुख र किमबीच भेट

वासिङ्टन, (एजेन्सी)



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाको उत्तर कोरियाली नेता किम जोङ उनसँग प्रत्यक्ष वार्ता भएको बताएका छन्। यद्यपि ट्रम्पले अमेरिकाको तर्फबाट कसले किमसँग वार्ता गरेको हो भन्ने विषयमा खुलासा गरेका छैनन्।

शुरुमा राष्ट्रपति ट्रम्प र किम जोङ उनबीच प्रत्यक्ष वार्ता भएको समाचार आइरहेको थियो। तर, वासिङ्टन पोस्टको एक समाचारमा सीआईए (अमेरिकी गुप्तचर एजेन्सी) का निर्देशक माइक पोम्पियोले इस्टको अवसरमा उत्तर कोरियाको गोप्य भ्रमण गरेको उल्लेख गरिएको छ। समाचार अनुसार भ्रमणका क्रममा माइक पोम्पियोको किम जोङ उनसँग भेटघाट भएको थियो।

ट्रम्पले दुई देशका नेताबीचको भेटवातालाई ऐतिहासिक बनाउन उत्तर कोरियाली अधिकारीहरुसँग अमेरिकी अधिकारीहरुको कुराकानी भइरहेको पनि बताएका छन्।

उनले भने- 'हामीले अत्यन्त उच्चस्तरमा सीधा वार्ता गरेका छौं।'

राष्ट्रपति ट्रम्पले उत्तर कोरियाका नेता किमसँग भेटवार्ताका लागि ५ स्थानमा विचार भइरहेको बताए।



### जापानको सुरक्षा चिन्ता

राष्ट्रपति ट्रम्पले उक्त कुरा जापानका प्रधानमन्त्री सिन्जो आबेको उपस्थितिमा आयोजित पत्रकार सम्मेलनमा बताएका हुन्। प्रधानमन्त्री आबे ट्रम्पसँग वार्ताका लागि फ्लोरिडा पुगेका थिए।

आबेले भने- 'यो वार्ताका क्रममा कोरियाली प्रायद्विपमा जापानको सुरक्षाको चिन्तालाई विचार गरिनेछ भन्ने अपेक्षा गर्दछु।'

जापानमा राष्ट्रपति ट्रम्पले उत्तर कोरियासँग वार्ताका लागि जापानलाई पन्छाउन सक्ने आशंका रहेको छ। जापान, अमेरिकाका प्रमुख सहयोगी र उत्तर कोरियाका छिमेकी मुलुक हो।

राष्ट्रपति ट्रम्पले गत महिना अन्तर्राष्ट्रिय समुदायलाई आश्चर्यमा पार्दै उनले उत्तर कोरियाको तर्फबाट आएको प्रत्यक्ष वार्ताका प्रस्तावलाई स्वीकृत गरेको बताएका थिए।

राष्ट्रपति ट्रम्पले उत्तर कोरियाका नेता किम जोङ उनले जुन वा त्योभन्दा पहिला भेटवार्ता हुन सक्ने बताएका छन्।

# सिरिया द्वन्द्वले अस्ट्रेलियालाई ऊर्जा संकट



सिड्नी, (एजेन्सी)

सिरिया संकटमा अमेरिकाको पक्षमा उभिएको अस्ट्रेलिया त्यहाँको सम्भावित द्वन्द्वलाई लिएर चिन्तित रहेको जनाइएको छ। यदि सिरियामा कुनै विध्वंशकारी हमला भएमा अस्ट्रेलिया पनि संकटको चपेटामा आउनेछ।

यस द्वन्द्वले अस्ट्रेलिया नराम्रोसँग ऊर्जा संकटमा फस्ने र उसको अर्थव्यवस्था ठप्प हुने बताइएको छ। शीतयुद्धको अन्त्यपछि पहिलो पटक सिरियाको विषयलाई लिएर रुस र पश्चिमी शक्तिबीच मुठभेडको स्थिति बनेको छ।

द अस्ट्रेलियन अखबारले सिरिया रणभूमि बनेमा अस्ट्रेलियामा ४३ दिनपछि तेल समाप्त हुने उल्लेख गरेको छ। अस्ट्रेलिया तेलका लागि पूर्णरूपमा मध्यपूर्वमा निर्भर रहेको छ।' 'अस्ट्रेलियाले पारवहन इन्धनको ९१ प्रतिशत सिरियाको मार्गबाट ल्याउने गरेको छ। अस्ट्रेलियामा कुनै सरकारी भण्डारण छैन। अस्ट्रेलियको कुनै योजना पनि छैन। यदि सिरियामा युद्ध भएमा हाम्रो उद्योग र अर्थव्यवस्था ठप्प हुनेछ।' -पूर्वसैन्य वरिष्ठ अधिकार जोन ब्लाकबर्नले अखबारलाई बताए।

अस्टेलियासँग कम्तीमा ९० दिनका लागि सुरक्षित ऊर्जा हुनुपर्ने तर ४१ दिनका लागि मात्र रहेको बताइएको छ। अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका सदस्य देशमा अस्ट्रेलिया त्यस्तो देशमा पर्छ जोसँग तेल भण्डार अत्यन्त न्यून छ।

# अलविदा अमेरिकी पुर्व प्रथम महिला वारवरा बुश

वासिंगटन,(एजेनसी)

अमेरिकी पुर्व प्रथम महिला तथा साक्षरताका अभियन्ता वारवारा बुसको ९२ वर्षको उमेरमा निधन भएको छ । उनका पति जर्ज एचडब्ल्यु बुश र छोरा जर्ज डब्ल्यु बुश दुवै अमेरिकाका राष्ट्रपति भएका थिए । अमेरिकाभरिका राजनीतिक खेमाबाट उनको निधनमा गहिरो समवेदना प्रकट गरिएको छ ।

वारवाराका पुत्र तथा पुर्व राष्ट्रपति जर्ज डब्ल्यु बुशले एक विज्ञप्ति जारी गर्दै बताएका छन् , ... मेरी आमाको ९२ वर्षको उमेरमा निधन भएको छ । लउरा , वारवारा , जेन्ना र म निकै दुखित छौं । लाखौंलाई खुशी , माया र साक्षरता बाा्ड्ने उनी अमुल्य प्रथम महिला हुनुहुन्थ्यो ।

उहाले हामी सबैलाई अन्तिम अवस्था सम्म हासाइरहनु भएको थियो । उहाा मेरी आमा हुनुभएकोमा म आफुलाइ निकै भाग्यमानी ठान्छु । हाम्रो परिवारले उहाालाई सदैव मायाले सम्झी रहनेछ । हामी सबै तपाईंहरुको प्रार्थना र सदभावका लागि धन्यवाद दिन चाहनछौं । 

केहि समय अघि देखि निकै बिरामी अवस्थामा रहेकी अमेरिकी पुर्व प्रथम महिला वारवारा बुशले केहि दिन अघि मात्र आफ्नो थप चिकित्सकीय उपचार गराउन अस्विकार गर्दै आफ्नो परिवारसंग ... आराम स्याहार  केन्द्रमा जिवनको बााकी समय बिताउन चाहेको बताएकी थिइन् । पछिल्लो समयमा पटक पटक उपचारका लागि अस्पताल भर्ना भएकी वारवारा बुशले सो निर्णय गरेको उनका पति जर्ज एचडब्ल्यु बुशका कार्यालयले एक विज्ञप्ति मार्फत जानकारी गराएको हो ।



प्रथम महिला रहेकोबेला श्रीमती बुशले अन्य व्यक्तिहरुसंग मिलेर प्रौढ साक्षरता लगायतका अन्य अभियानमा निकै सक्रिय भुमिका निभाएकी थिइन् । हाल ९३ वर्ष पुगेका उनका पति अमेरिकाको इतिहासमै सबैभन्दा लामो समय बााच्ने राष्ट्रपतिको रुपमा चिनिन्छन् ।

एचडब्ल्यु बुश अमेरिकाको एकचालिसौं राष्ट्रपति बनेका थिए । उनको पनि अहिले स्वास्थ अवस्था नाजुक भइसकेको छ । न्युमोनियाबाट पिडित भएपछि गतवर्ष उनलाई लामा समय सम्म सघन उपचार कक्षमा राखेर उपचार गरिएको थियो ।

सन् १९८९ देखि १९९३ सम्म अमेरिकी राष्ट्रपति रहेका बुशले भने पार्किन्सन रोगबाट ग्रस्त भएकाले व्हिलचियर प्रयोग गने गरेका छन् । बुश दम्पतीका ७३ वर्षअघि विवाह भएको थियो । तिनीहरुका पुत्र जर्ज डब्ल्यु बुशले सन् २००० मा निर्वाचित भएर ४३ औं राष्ट्रपतिको हैसियतले दुई कार्यकाल पूरा गरेका थिए ।

नागरिक अधिकारका कट्टर समर्थक वारवारा बुशले पतिको रिपब्लिकन पार्टीको समर्थनमा गर्भपतन अधिकार सम्बन्धमा आफ्नो उदार विचार प्रकट गरेकी थिइन् । अमेरिकी राष्ट्रपति भवन व्हाइट हाउसबाट प्रकासित एक विज्ञप्तिमा राष्ट्रपति डोनाल्ड ट्रम्पले राष्ट्र र आफ्नै परिवारका लागि पनि बुशले गरेको महत्वुपुर्ण योगदानलाई सदैव स्मरण गरिने बताएका छन् । यसैगरी पुर्व राष्ट्रपति वाराक ओवामा र विल क्लिन्टनले पनि उनको निधन प्रति गहिरो समवेदना प्रकट गरेका छन् ।

# बलात्कार काण्डमा १२ पक्राउ

पाकिस्तान, (एजेन्सी)



पाकिस्तानको पन्जाब राज्यमा एक बलात्कारीको अपराध माफ गर्न बदलामा पीडित महिलाका दाइलाई आरोपीकी बहिनीमाथि बलात्कार गर्न अनुमति दिएको घटना बाहिर आएको छ।

पन्जाबको प्रहरीले बदलाका लागि बलात्कारको यस मामिलामा १२ जनालाई गिरफ्तार गरिसकेको छ। डन न्युजका अनुसार राज्यको टोबा सिंह जिलाका एक व्यक्तिले गत मार्च २० मा एक महिलालाई बलात्कार गरेका थिए। आरोपीका परिवारले पीडितका परिवारसँग माफी मागेको थियो। पीडित परिवारले माफी दिन मानेको तर उनीहरुले त्यसका लागि सर्त राखेका थिए। सर्तमा पीडितका दाइले आरोपीका बहिनीसँग पनि त्यही कृत्य गरिनेछ जुन उसको बहिनीसँग भएको थियो।

अखबारले दिएको समाचारमा पीडित महिलाका दाजुले आरोपीका बहिनीलाई मार्च २१ मा बलात्कार गरेका थिए। त्यसपछि दुवै परिवारले कानुनी दस्तावेजमा एक-अर्कामाथि आरोप नलगाउने सहमति समावेश गरेको प्रहरी अधिकारीहरुले भेटाएपछि घटना बाहिर आएको हो। त्यसपछि आरोपीका बहिनीसहित १२ जनालाई गिरफ्तार गरिएको प्रहरीले बताए।

पन्जाब राज्यमा बदलाका लागि बलात्कारको यो दास्रो घटना हो। गत वर्ष जुलाईमा पनि एउटा गाउँ पञ्चायतले १६ वर्षकी एक किशोरीलाई बलात्कारका लागि अनुमति दिएको थियो। किनभने उनका दाजुले पनि एक १२ वर्षीय बालिकालाई बलात्कार गरेका थिए। उक्त बलात्कार पीडित किशोरीका परिवार सदस्य र पञ्चायत गरी ४० जनाको अगाडि नै भएको थियो।

{ ९९ वर्ष ९ महिना ९ दिन ९ घडी ९ पला पुगेको अवसरमा गरिने दिव्यरथारोहण गरिएको हो। उहाँका ज्वाइँ विकास महर्जनका अनुसार प्रजापति उमेरले १ सय १ वर्ष पुगिसक्नुभएको छ।

समाचार संक्षेप

## कांग्रेसको सचेतकमा भुषाल

काठमाडौं, (नेस)

नेपाली कांग्रेसले संघीय संसदको सचेतकमा युवा नेतृ पुष्पा भुषाललाई नियुक्त गरेको छ।

पार्टी सभापति देउवाले भुषाललाई सचेतकमा नियुक्त गरेको पत्र संघीय संसदलाई बुझाउनुभएको छ।

## रक्षा सचिव सैनिक मुख्यालयमा

काठमाडौं, (नेस)

रक्षासचिव विष्णुप्रसाद लम्सालले जंगी अड्डाको निरीक्षण भ्रमण गर्नुभएको छ। उहाँलाई नेपाली सेनाका बलाध्यक्ष रथी हेमन्तराज कुँवरले जंगी अड्डामा स्वागत गर्नुभएको थियो।

रक्षा सचिव लम्साललाई वर्तमान बस्तुस्थिति, नेपाली सेनाको संगठनात्मक संरचना, जिम्मेवारी, अपरेसनल गतिविधि, कल्याणकारी कार्यलगायत नेपाली सेनासम्बन्धी अन्य विविध विषयमा सम्बन्धित विभागका रथीबृन्द तथा अधिकृतहरूबाट प्रस्तुतीकरण भएको थियो।

## दलित विद्यार्थीलाई छात्रवृत्ति

कपिलवस्तु, (नेस)

नेपाल आदर्श नमुना माध्यमिक विद्यालय शिवपुरले ३४ जना दलित छात्राहरूलाई छात्रवृत्ति वितरण गरेको छ। कक्षा ११ र १२ मा अध्ययनरत विपन्न दलित छात्राहरूलाई अध्ययन अध्यापनमा थप सहयोग पुग्ने उद्देश्यले विद्यालयले छात्रवृत्ति वितरण गरेको हो।

आर्थिक वर्ष २०७४।०७५ मा जिल्ला शिक्षा कार्यालयबाट प्राप्त १ लाख २ हजार रकम वितरण गरिएको प्रधानाध्यापक मुक्तिनाथ पोखरेलले जानकारी दिनुभयो। ११/१२ मा अध्ययनरत दलित छात्रामा पनि गरिब विपन्न छनोट जनही ३ हजारका दरले छात्रवृत्ति वितरण गरिएको प्रअ पोखरेलले बताउनुभयो। विद्यालयमै एक कार्यक्रमको आयोजना गरी विद्यालय व्यवस्थापन समिति अध्यक्ष बालाराम बुढा र प्रअ पोखरेलले संयुक्त रूपमा छात्रवृत्ति रकम वितरण गरिएको लेखा अधिकृत माधव पाण्डेयले जानकारी दिनुभयो।

छात्रवृत्ति रकमले विद्यालयमा अध्ययनरत बालबालिकाहरूको शैक्षिक उपलब्धीमा ठूलो टेवा पुग्ने व्यवस्थापन समिति अध्यक्ष बालाराम बुढाले विश्वास व्यक्त गर्नुभयो। छात्रवृत्ति रकमले विद्यार्थीहरूको स्टेसनरी तथा पोसाक खरिदमा थोरै भए पनि सहयोग पुग्ने अध्यक्ष बुढाको विश्वास छ। यसबाट विद्यार्थीमा पढाइप्रति अभिरुचीसमेत बढ्ने उहाँले दाबी गर्नुभयो। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक स्टाफ तथा अभिभावकहरूको समेत सहभागिता रहेको थियो।

## घुसहित लालबाबु पण्डित पक्राउ

महोत्तरी, (नेस)

महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिकामा २ जना कर्मचारीलाई अख्तियारको टोलीले बुधबार विद्युत्को मिटर जडान गरेबापत ठूलो रकमसहित रंगेहात पक्राउ गरेको छ।

पक्राउ पर्ने मनरासिस्वा नगरपालिका १ निवासी लालबाबु पण्डित र सोही नपा २ निवासी बाबुसाहेब सिंह रहेका छन्। पक्राउ पर्ने कर्मचारी नेपाल विद्युत् प्राधिकरण जलेश्वर वितरण शाखाका प्राविधिक तेस्रो तहका लालबाबु पण्डित र चौथो तहका बाबुसाहेब सिंह विद्युत्को मिटर जडान गरेबापत ३० हजार रूपियाँ घुस लिएको रकमसहित पक्राउ परेको हो।

यता अख्तियार दुरूपयोग अनुसन्धान आयोग बर्दिबासका शाखा अधिकृत प्रकाश थापाले दुवै कर्मचारीहरूले विभिन्न ठाउँमा विद्युत्को थ्री फेज लाइनको मिटर जडान गरिदिएबापत ३० हजार घुस लिएको उजुरीको आधारमा अख्तियारको टोलीले एक हप्ताअघिदेखि नै उनलाई पछ्याउँदै आएकाले सदरमुकाम जलेश्वर २ मा पक्राउ पर्न सफल भएको बताउँदै उनले पीडितहरूले दिएको उजुरीका आधारमा हामीहरूको १० जनाको टोलीले पछ्याउँदै जाँदा जलेश्वरबाट पक्राउ गर्न सफल भएको बताए। साथै सो दुवैजना कर्मचारीहरूबाट रकम प्राप्त कसरी भयो भन्ने विषय अहिले खुलाउन नमिल्ने बताउँदै यस सम्बन्धमा पछि छानविनपश्चात थप जानकारी दिने बताए।

# १० अर्बमा बन्दै छन् त्रिविका भवन

ईश्वरराज ढकाल, काठमाडौं

त्रिभुवन विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष, डीनको कार्यालयलगायतका भवनको संरचना पुन: निर्माणका लागि करिब १० अर्ब रुपियाँ खर्च हुने भएको छ।

उपकुलपति प्राडा. तीर्थ खनियाँले विभिन्न निकाय र सरकारको सहयोगमा संकलन भएको सोही रकमको आधारमा ध्वस्त भएका संरचनाहरू पुनर्निर्माण भइरहेको जानकारी दिनुभयो।

उहाँका अनुसार उपकुलपतिको कार्यकक्ष र शिक्षाध्यक्ष भवन तयार भएको छ भने अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिक स्नातकोत्तर कार्यालय भवन, डिन कार्यालयहरूको परीक्षा भवन, शिक्षण अस्पताल वेसिक साइन्स भवन, स्कुल अफ म्याथम्याटिकल साइन्स भवन निर्माण सकिने क्रममा रहेको छ।

यसै क्रममा उपकुलपति खनियाँ र शिक्षाध्यक्ष प्राडा. सुधा त्रिपाठी बुधबार नयाँ भवन प्रवेश गर्नुभयो। रजिष्ट्रार भवन निर्माण दुई महिनाभित्रै शुरु गर्ने बताइएको छ।

२०७३ सालदेखि एक अर्बमा विभिन्न निकायका १० वटा भवन पुनर्निर्माण थालेको त्रिविले डेढ वर्षभित्र ३ वटा भवन र मुलगेट तयार भएको जनाएको छ। तीमध्ये केही भवन अन्तिम चरणमा पुगेका छन्। ती भवनहरूमा शिक्षाध्यक्षको कार्यालय, एग्रो बायो मेटेरियल, सेवा आयोग गेट र मोटर ग्यारेज रहेका छन्।

व्यवस्थापन डिनको कार्यालय, अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिक स्नातकोत्तर कार्यालय, डिन कार्यालयहरूको परीक्षा, शिक्षण अस्पताल वेसिक साइन्स र स्कुल अफ म्याथम्याटिकल साइन्स भवन सम्पन्न हुने क्रममा रहेका छन्। अन्य आंगिक क्याम्पसले आफैं भवन निर्माण गर्ने भएका छन्।

त्रिविअन्तर्गतका विभिन्न कार्यालयका सबै संरचनाहरू २०७२ साल वैशाख १२ गते गएको भूकम्पबाट ध्वस्त भएका थिए। ध्वस्त भएका मुख्यालयसहित करिब ६० वटा निकाय पाल, प्रिफाइब र सामान्य आधारमा चलिरहेको अवस्थामा पुनर्निर्माण कार्यमा तिव्रता दिइएको हो।

३० वर्षदेखि त्रिविका ३ पदाधिकारी उपकुलपति, रेक्टर र रजिस्टार एउटै भवनमा बस्ने व्यवस्था भएकोमा अहिले यी भवन पनि छुट्टाछुट्टै बनाइएको छ।

विश्वविद्यालय अनुदान आयोगको तथ्यांकअनुसार उपकुलपति कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, सेवा आयोग, विज्ञान, शिक्षा, व्यवस्थापन, मानविकी संकायका डिनको कार्यालय, शिक्षण अस्पताल कार्यालयको भवन क्षति भएको विवरण सरकारलाई बुझाइएको थियो।

भूकम्पले उपत्यकाका परीक्षा नियन्त्रण, नेपाल ल, नेपाल कमर्स, पाल्पा, पाटन संयुक्त, शंकरदेव, स्वयम्भूमा रहेको प्राकृतिक संग्रहालय, विज्ञान प्रयोगशाला, अस्कल, ललितकला, जनप्रशासन, पाटन संयुक्त, गोरखा, वीरेन्द्र बहुमखीलगायत क्याम्पसको भवन क्षतिग्रस्त भएको थियो।

त्रिविले भूकम्प गएको करिब २ सातापछि विपद् कोष खडा गरी त्रिविका पदाधिकारीसहित सबैको तलब बापत १५ करोड रुपियाँ छुट्याएको थियो। सो रकम पनि पुनर्निर्माणमा खर्च भइरहेको जनाइएको छ।

## ४३ महिनादेखि...

'पहिलो कुरा दोषी हो भन्ने टुंगो लागेपछि कारबाहीको प्रक्रिया अघि बढाउनुपर्छ, अपराध गर्नेले राजनीतिक संरक्षण पाउनुहुँदैन', अर्यालले भन्नुभयो- 'व्यक्ति को पर्छ र कुन पार्टीलाई घाटा होला भनेर न्यायको निर्णय गर्न मिल्दैन, अपराध गर्नेलाई उल्टै प्रोत्साहन गर्ने वातावरणले प्रश्रय पाउनु सदाका लागि दुर्भाग्य हुनेछ।'

अर्यालले यस्तै परिस्थिति अघि बढ्ने हो भने गंगामायाको मृत्यु पनि अस्पतालमै हुने खतरा रहेको बताउनुभयो। गंगामाया वीरको क्याबिनमा हुनुहुन्छ। उहाँलाई नेपाल प्रहरी, सशस्त्र प्रहरी, अनुसन्धानका सुरक्षाकर्मीले सुरक्षा दिने गरेका छन्,। कसैले गंगामायालाई भेट्न गए नाम लेखाउनुपर्छ।

द्वन्द्वकालमा घटेका घटनाको छानविन गरी न्याय उपलब्ध गराउनका लागि सरकारले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गरेको छ।

अन्तरिम संविधान २०६३ अनुसार स्थापना भएका यी आयोगले समयमा काम गर्न नसकेपछि कार्यकाल थप गरिएको छ। संघीय संसद्का दुवै सदनले 'बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग (पहिलो संशोधन) अध्यादेश, २०७४ सर्वसम्मतले पारित गरेको छ। बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले त्यस बेला (द्वन्द्वको अवधि) को अवधिभर दुवै पक्षबाट भएका बेपत्ताको मात्र अभिलेख राख्ने गरेको छ भने अरू घटनाहरू सत्य निरूपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित छन्। मेलमिलाप आयोगमा ५२ हजार निवेदन परेको सदस्य डा. माधवी भट्टले जानकारी दिनुभयो।

पूर्व कानुन न्याय तथा संसदीय मामिला मन्त्री यज्ञबहादुर थापाले न्यायका लागि लामो समयसम्म अनशन बस्नु र ज्यान नै जोखिम पार्नु लज्जाको विषय भएको टिप्पणी गर्नुभयो।

थापाले जुनसुकै सरकार आए पनि जनताले न्याय पाउने हक भएकाले सरकारको चासो त्यतातर्फ बढी हुनुपर्ने बताउनुभयो। कानुन न्याय तथा संसदीय मामिलामन्त्री शेरबहादुर तामाङले सबै खाले समस्याको समाधान गर्न सरकारले पहल गर्ने बताउनुभयो। 'सरकार सबैलाई न्याय गर्ने पक्षमा छ, कानुनी राज्यको महसुस गराउँछौं' -मन्त्री तामाङले भन्नुभयो।

सय वर्षको सुख

# प्रजापतिको दिव्यरथारोहण

सुनील महर्जन, ललितपुर



ललितपुर इमाडोल निवासी भाइचा कुमाः (प्रजापति) लगभग १ सय वर्षको पुगिसक्दा पनि खासै रोगव्याधिको कष्ट सहनुपरेको छैन। सामान्यतया ४० कटेपछि देखिने उच्चरक्त चाप र मधुमेह त परैको कुरो हो, प्रजापतिले अहिलेसम्म औषधि खानुपरेको पनि छैन।

नेवारीमा कुमाः माटोको भाँडाकुँडा बनाउने पेसा पुस्तौंदेखि गर्दै आएकोलाई चिनाउने थर अर्थात् प्रजापति। यससँगै खेतीपातीमा जीवन बिताएका प्रजापतिको बुधबार दिव्यरथारोहण (चौथो ज्या:जंकु) गरियो। दिव्यरथारोहण गरिरहँदा निरोगी हुनुको सूत्र के हो भन्ने जिज्ञासामा प्रजापतिले भन्नुभयो- 'खानामा संयम, सकारात्मक सोच र सक्रिय जीवन।' नेवारी परम्परा अति दुर्लभ मानिने दिव्यरथारोहण गर्न पाउनु सोही सूत्रको प्रतिफलका रूपमा उहाँले लिनुभएको छ।

सामान्य किसान परिवारमा जन्मिएका प्रजापतिको हिजो बुधबार ९९ वर्ष ९ महिना ९ दिन ९ घडी ९ पला पुगेको अवसरमा गरिने दिव्यरथारोहण गरिएको हो। उहाँका ज्वाइँ विकास महर्जनका अनुसार प्रजापति उमेरले १ सय १ वर्ष पुगिसक्नुभएको छ। 'शुरुमा यो कुरा परिवारका सदस्य कसैलाई थाहा थिएन, पछि चिना हेरपछि त चौथों जंकु गर्ने समय बितिसकेको थाहा पाएँ', महर्जनले भन्नुभयो- 'पछि ज्योतिषीसँग सल्लाह गरेर जंकु गर्न अक्षय तृतीयाको साइत निकालेको हुँ।'

'चोथो जंकु चाहेर मात्र गर्न पाउने कार्य होइन, यसका लागि भाग्य चाहिन्छ', महर्जनले भन्नुभयो- 'धार्मिक विधि पूरा गर्न पनि निकै कठिन छ।' आफ्ना सयौं नातिनातिनी र पनाति, टोलबासी, शुभेच्छुक आफन्त गरी हजारौंमाझ दुर्लभ देवरथारोहण गर्न पाउँदा खुसीले गद्गद् भएका थिए। देवरथारोहणलाई दीर्घ र स्वस्थ जीवनको सुखका रूपमा अर्थ्याउँदै प्रजापतिले जीवनलाई सकारात्मक कार्यमा सक्रिय बनाउनुपर्ने सल्लाह दिनुभयो।

नेवारी परम्परामा मानिस ७७ वर्ष ७ महिना र ७ दिन ७ पला पुगेको देवरथारोहण (पहिलो ज्या: जंकु), ८३ वर्षमा अर्थात १ हजारपटक चन्द्रमाको दर्शन गरिसकेको मानेर सहस्र चन्द्ररथारोहण (दोस्रो ज्या:जंकु) र ८८ वर्ष ८ महिना ८ दिनमा देवरथारोहण (तेस्रो ज्या:जंकु) गरिन्छ। यी तीनवटै रथारोहण गरी सकेका प्रजापतिको चौथौ जंकु गरिएको थियो।

'चौथो जंकुलाई नेवारी परम्परामा मान्छेको जीवन चक्र पूरा भई नयाँ जन्म भएको मानिन्छ। प्रजापतिको हिजो पुनर्जन्म भएको प्रतीकस्वरूप ठूलो घ्याम्पोबाट निकालेर पूजा गरियो। धार्मिक शास्त्रअनुसार चौथों जंकुलाई आमाबुबाको सहवासबिना हुने जन्मका रूपमा लिइन्छ। त्यसले यसलाई दिव्यरथारोहण भनिएको हो' -चोथों जंकुको धार्मिक विधि पुऱ्याउने वज्राचार्य गुरुजु माइला गुरुजुले नेपाल समाचारपत्रसँग भन्नुभयो। सोहीअनुरूप प्रजापतिलाई घ्याम्पोबाट निकालेर मान्छे जन्मेदेखि विवाहसम्म गरिने १० कर्म संस्कार गरिएको थियो।

त्यसपछि दशकर्म संस्कारअन्तर्गत न्वारण, पास्नी, नामकरणलगायत कर्मसंस्कारहरू गरिएको थियो। यस कार्यमा माइला बाबु गुरुजुलाई विक्रम वज्राचार्य र शान्तमान वज्राचार्यले सघाएका थिए।

उमेर सय वर्ष भए पनि निकै प्रजापति निकै जोसिला र फूर्तिला रहेका छन्। देख्न र सुन्ने शक्ति अझै पनि घटेको छैन। वैशाख १२ गतेको भूकम्प आउन पाँच, छ महिनाअघि आफ्नो कुल घर ओकबुहालबाट उहाँ इमाडोल सर्नुभएको थियो।

'अहिलेसम्म बिहान चिया खाने बानी छैन। रक्सी न घटी पिउनुहुन्छ। न बढी नै। खानामा संयम्। सकारात्मक सोच र ऊर्जाशील भएको परिवारलाई हेरविचार गर्न निकै सहज रहेको छ' -बाजेका विषयमा नाति पूर्ण प्रजापतिको भनाइ थियो। राणाकालमा घटेका घटनाहरू आफ्नो मनमस्तिष्कमा अझै तरोताजा रहेको बताउने प्रजापतिको खानपिनमा खासै बार्ने बानी छैन। प्रजापतिका छोराछोरी कोही नभएकाले उहाँका ९२ वर्षीय भाइ पारसि महर्जनसहितको परिवारले चोथो जंकुको बन्दोबस्तो मिलाएको थियो।

## नेपालीलाई जुवा खेलाउने सञ्चालक पक्राउ

काठमाडौं, (नेस)

त होटल सोल्टीमा रहेको माजोङ क्यासिनोमा जुवा खेलिरहेका ६ जना नेपाली जुवाडेहरू तथा नेपालीलाई क्यासिनोमा प्रवेश गराई जुवा खेलाउने सञ्चालक र मेनेजरलाई महानगरीय प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरी टोलीले मंगलबार राति पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा क्यासिनोका एमडी काठमाडौं महानगरपालिका-२९ बस्ने बिनोद श्रेष्ठ, चिफ एक्ज्युकेटिभ अफिसर काठमाडौं महानगरपालिका-३२ बस्ने ओम कर्माचार्य, मकवानपुर हेटौंडा उपमहानगरपालिका-८ बस्ने बिकल्प पोखरेल, ललितपुर महानगरपालिका-४ बस्ने शंखर पौडेल , काठमाडौं महानगरपालिका- १५ स्वंयम्भू बस्ने तेन्जिङ मेलेक, बौद्ध बस्ने रञ्जित खड्गी, ललितपुर महानगरपालिका-४ बस्ने अरूण सेढाइँ र मुस्ताङ मुक्तिनाथ गाउँपालिका-५ वस्ने सांगे पासाङ ठकुरी रहेका छन्।

## अनलाइन मार्केटिङको नाममा ठगी

काठमाडौं, (नेस)। आईबोस ग्लोबल मार्केटिङ प्रालिको नामबाट अनलाइन व्यवसाय तथा विभिन्न माध्यमबाट सर्वसाधारणलाई सदस्य बनाउने भन्दै नेटवर्क व्यवसायको नाममा गैरकानुनी तवरले सदस्यताबापत ठूलो रकम लिई नेटवर्कमा आवद्ध गराई पिरामिड संरचनामा सदस्यहरूलाई ठगी गरेको कसुरमा पक्राउ परेका ७ जना उपर ठगी कानुनबमोजिम प्रहरीले अनुसन्धान कारबाही अगाडि बढाएको छ।

# लायन्समा चुनावी सरगर्मी





पोखरा, (नेस)

भोलि र पर्सि पोखरामा हुन लागेको लायन्स क्लब इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ बि १ नेपालको छैटौं महाधिवेसन मिति नजिकिएसँगै प्रतिस्पर्धीहरूले चुनावी अभियानलाई तिव्र बनाएका छन्। विशेष गरी सेकेन्ड भाइस डिस्ट्रिक्ट गभर्नर पदका लागि २ जना उम्मेदवारबीच प्रतिस्पर्धा हुने भएपछि चुनावी अभियानले तिव्रता पाएको हो।

उम्मेदवार मन रोका र मणिश्री रत्न वज्राचार्यले आ-आफ्ना सहयोगीका साथमा चुनावी अभियानलाई तिव्रता दिइरहेका छन्। दुवैले लायन्स क्लब तथा लायन सदस्यहरूका बीचमा प्रचार-प्रसार गरिरहेका छन्। सामाजिक सञ्चालमा पनि पक्ष र विपक्षमा बहस गर्दै लायनहरूले चुनावी प्रचारप्रसार गरिरहेका छन्।

चुनावी मिति नजिकिएसँगै क्लब तथा लायन्स लिडरहरू पनि पक्ष र विपक्षमा खुल्ने क्रम बढेको छ। पूर्वमल्टिपल काउन्सिल चियरपर्सन, पूर्वगभर्नरदेखि डिस्ट्रिक्टका प्राय: लायन लिडरहरू पक्ष र विपक्षमा लागेका छन्। कतिपयले खुलेर आ-आफ्नो पक्षका उम्मेदवारलाई भोट मागिरहेका छन् भने कतिपयले गोप्य रूपमा लबिङ गरिरहेका छन्। २ पक्षबीचको चुनावी अभियानले लायन्सभित्र विभाजन ल्याउने त होइन भन्ने प्रश्नसमेत उठेको छ।

मणिश्री अघिल्लोपटक इन्दू लम्सालसँग द्वितीय गभर्नरमा उम्मेदवार बनेर पराजित भएका थिए भने मन रोका चिफ एडभाइजर हुँदै पहिलो पटक गभर्नरको लाइनमा आउन प्रतिस्पर्धामा उत्रिएका छन्। मन र मणि दुवैले आफूले चुनाव जित्ने दाबी गरेका छन्। पोखरा सभागृह हलमा हुने महाधिवेशनअन्तर्गत ७ गते उद्घाटन र ८ गते मतदान हुँदै छ।

**हेटौंडा उपमहानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**
**३ नं. प्रदेश, नेपाल**

**उपमहानगरपालिका क्षेत्र भित्रको नगर फोहर व्यवस्थापन गरी फोहरबाट ऊर्जा उत्पादन गर्नको लागि योग्य आवेदक (लगानीकर्ता) छनौट गर्ने सम्बन्धि सुचना**

**प्रथम पटक प्रकाशित मितिः २०७५/१/६**

१) नेपाल सरकारले विश्व वैंकबाट Scaling Up Renewable Energy Program (SREP):Extended Biogas Project को लागि अनुदान प्राप्त गरेको र सो को केही अंश यस उपमहानगरपालिका भित्र उत्पादन हुने फोहरलाई व्यवस्थित गरी ऊर्जा उत्पादन गर्ने कार्यका लागि अनुदान स्वरुप खर्च गर्न चाहेको हुँदा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा विश्व वैंकबाट स्वीकृत विधी एवं प्रक्रिया बमोजिम देशका सम्पूर्ण योग्य लगानी कर्ताहरुको लागि यस उपमहानगरपालिकाबाट योग्यता सम्बन्धी यो सुचना आह्वान गरिएको छ ।
२) हेटौडा उपमहानगरपालिका, ३ नं प्रदेश अन्तर्गतको एक उपमहानगरपालिका हो, जहाँ बाक्लो बस्ती र व्यापारिक गतिविधिहरु मौजुदा रहेका छन् । यसबाट दैनिक रुपमा उल्लेखनीय परिमाणमा बिभिन्न प्रकृतिको फोहर उत्पादन भैरहेको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ र फोहरमैला व्यवस्थापन ऐन २०६८ले उपमहानगरपालिकालाई यस्तो फोहरको व्यवस्थापन गर्ने अधिकार दिएको छ, तदनुसार यस उपमहानगरपालिकाले नगर क्षेत्रमा उत्पन्न फोहरबाट ऊर्जा उत्पादन गर्ने लक्ष्य लिई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग सहकार्य गरेको छ ।
३) यस प्रक्रियामा सहभागी हुन इच्छुक आवेदकहरुले हेटौडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, हेटौडा २ बाट लिखित निवेदन पेश गरी योग्यता सम्बन्धि कागजातहरु प्राप्त गर्न सक्नेछन् । निवेदनको साथमा कम्पनी/फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रहरुको प्रतिलिपि पेश गर्नुपर्नेछ । योग्यता सम्बन्धी कागजातहरु यो सुचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात २०७५।२।४ गते कार्यालय समय भित्र उपमहानगरपालिका कार्यालयवाट रु १०००/०० (एक हजार) मा खरिद गर्नु पर्नेछ ।
४) यस कार्यको पूर्व बोलपत्र वैठक मिति २०७५/१/२५ गते का दिन २:०० बजे उपमहानगरपालिका कार्यालयको सभाहलमा हुनेछ ।
५) योग्यता सम्बन्धी आवेदन तथा कागजातहरु सीलबन्दी रुपमा मिति २०७५/२/६ गतेका दिनको १२:०० बजे भित्र उपमहानगरपालिका कार्यालयमा बुझाउनुपर्नेछ । ढिलो गरी प्राप्त कागजातहरु उपर कारवाही गरिने छैन ।
६) सीलबन्दी गरिएका कागजातहरु उपस्थित हुन चाहेका आवेदकहरुको रोहवरमा मिति २०७५/२/६ का दिन २:०० बजे उपमहानगरपालिका कार्यालयमा खोलिनेछ । योग्यताका कागजातहरु खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि मान्य हुनेछन् ।
७) योग्यता सम्बन्धि मूल्यांकनका आधारहरु योग्यता सम्बन्धि कागजातमा स्पष्ट उल्लेख गरिएको छ ।
८) योग्यता सम्वन्धि कागजातहरु पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन सोही स्थान र समयमा खोलिनेछ ।
९) कुनै वा सबै योग्यताका कागजातहरु स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार उपमहानगरपालिका कार्यालयमा रहनेछ ।
१०) यस सम्बन्धि थप जानकारी उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालयको निम्न उल्लिखित ठेगानामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

**हेटौंडा उपमहानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
फोन नं : ०५७-५२३०४५, ०५७-५२२८७६
इमेलः info@hetaudamun.gov.np
वेवसाइटः www.hetaudamun.gov.np

# अर्थ

आवेदनकर्ताको खातामा आवेदन गर्दाको बखत आवश्यक रकम उपलब्ध भएमा माग आवेदन स्वीकार गरी आवेदन रकम रोक्का गर्न, सेवाग्राहीलाई सी-आस्बा सेवा सम्बन्धमा जानकारी प्रदान गर्न पर्याप्त प्रचारप्रसार गर्न तथा सी-आस्बा सेवा अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित कर्मचारीलाई तालिम प्रदान गर्न धितोपत्र बोर्डले सी-आस्बाका सदस्यलाई परिपत्र गरेको छ।

2018, APR
Thursday
19


ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।



JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम
JAGDAMBA E

| स्थानहरु / साइज | ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८.३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाण्डौं | ८६।५० | ८३।५० | ८६।५० | ८६।५० |
| सिमरा, बिरगंज, कलैया | ८४।९० | ८१।९० | ८४।९० | ८४।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८५।९० | ८२।९० | ८५।९० | ८५।९० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८७४५ | ८४।४५ | ८७४५ | ८७४५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८५।६० | ८२।६० | ८५।६० | ८५।६० |
| पोखरा, स्याङ्जा | ८६।१० | ८३।१० | ८६।१० | ८६।१० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ वैशाख ६, अप्रिल १९, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०४।७६ | १०५।३६ |
| युरो १ को रू. | १२९।७७ | १३०।५१ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४८।८५ | १४९।७१ |
| स्विस फ्रन्क १ को रू. | १०८।३१ | १०८।९३ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।३१ | ८१।७७ |
| क्यानाडियन डलर १ को रू. | ८३।३१ | ८३।७९ |
| सिङ्गापुर डलर १ को रू. | ७९।९२ | ८०।३८ |
| जापानी यन १० को रू. | ९।७७ | ९।८३ |
| चिनियाँ युआन १ को रू. | १६।६७ | १६।७७ |
| साउदी अरब रियाल १ को रू. | २७।९४ | २८।१० |
| कतारी रियाल १ को रू. | २८।७७ | २८।९४ |
| थाई भाट १ को रू. | ३।३५ | ३।३७ |
| सं. अरब इमिरट दिराम १ को रू. | २८।५२ | २८।६९ |
| मलसियन रिङ्गिट १ को रू. | २६।९४ | २७।०९ |
| दक्षिण कारियन वन १०० को रू. | ९।८३ | ९।८९ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।४८ |
| डेनिस क्रानर १ का रू. | १७।४२ |
| हङकङ डलर १ का रू. | १३।३५ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## नेप्सेमा उच्च अंकको वृद्धि
# धेरैपछि अर्बमाथिको कारोबार

नेपाल समाचारपत्र
काठमाडौं

साताको चौथो दिन नेप्से परिसूचक ३१ दशमलव ८३ अंकले बढेर १ हजार ३ सय ६३ दशमलव शून्य १ अंक कायम भएको छ। परिसूचक बढेसँगै कारोबार रकम पनि एक अर्ब नाघेको छ। बुधबार १ सय ६५ वटा कम्पनीको २४ लाख ४० हजार १ सय ५ कित्ता शेयर खरिद बिक्री हुँदा १ अर्ब १२ करोड ६७ लाख १६ हजार १७ रुपियाँ बराबरको कारोबार भएको छ।

१ हजार २ सय अंकभन्दा तल झरेको नेप्से परिसूचक पछिल्लो केही सातादेखि निरन्तर उकालो देखिएको छ। बुधबारको कारोबारमा सबै समूहका उपसूचकहरू उकालो लागेका छन्। जलविद्युत् समूहको उपसूचक सबैभन्दा धेरै १ सय ७ दशमलव ७३ अंक बढेको छ। बैंकिङ समूहको उपसूचक ३२ दशमलव ८९ अंक, व्यापार समूहको उपसूचक ४ दशमलव ३९ अंक, होटल समूहको उपसूचक ३७ दशमलव ६५ अंक र विकास बैंक समूहको उपसूचक ६५ दशमलव ३७ अंक बढेको छ।

त्यसैगरी फाइनान्स समूह १३ दशमलव ६९ अंक, बीमा समूह ६३ दशमलव ५१ अंक, उत्पादन समूह २८ दशमलव ३५ अंक, अन्य समूह ७ दशमलव ८१ र लघुवित्त ५ दशमलव ३९ अंक बढेका छन्।

कारोबार रकमका आधारमा बुधबार सबैभन्दा धेरै युनाइटेड इन्स्योरेन्स कम्पनीको सबैभन्दा धेरै ५ करोड ९२ लाख रुपियाँ बराबरको कारोबार भएको छ। चिलिमे हाइड्रोपावर, सानिमा बैंक, सूर्या लाइफ इन्स्योरेन्सलगायत कम्पनीको शेयर कारोबार पनि उच्च देखिएको छ। सबैभन्दा धेरै कमाउनेमा डादी ग्रुप पावर, हिमालयन पावर पार्टनर र नयाँ नेपाल लघुवित्तका शेयरधनीले प्रतिकित्ता १० प्रतिशतका दरले कमाएका छन् भने सबैभन्दा बढी गुमाउनेमा एसियन लाइफ इन्स्योरेन्सका शेयरधनीले प्रतिकित्ता ४ दशमलव २६ प्रतिशतका दरले गुमाएका छन्।

बुधबार शेयर कारोबार भएका कम्पनीमा ३६ वटा कम्पनीका शेयरधनीले आफ्नो लगानी गुमाएका छन्। यस दिन 'क' वर्षका कम्पनीहरूको कारोबार मापन गर्ने सिन्सेटिभ इन्डेक्स ६ दशमलव २७ अंकले बढे र २८८ दशमलव ८५ अंका पुगेको छ।

## खातामा रकम भएकाको मात्रै सी-आस्बाबाट आवेदन लिन परिपत्र

काठमाडौं, (नेस)

नेपाल धितोपत्र बोर्डले सी-आस्बा सेवालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ।

सी-आस्बा प्रणाली लागू गर्न बोर्डबाट अनुमति प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाका कतिपय शाखा कार्यालयबाट प्रदान गरिने सेवा प्रभावकारी नरहेको, लगानीकर्ताहरूको खातामा धितोपत्र खरिद आवेदनमा उल्लेख भए बमोजिम यथेष्ट रकम उपलब्ध भए नभएको एकीन नगरिकनै आवेदन बुझिलिने गरेको, चेकसमेत बुझिलिने गरेको जस्ता गुनासोहरू आएको भन्दै प्रभावकारी कार्यान्वयन गर्न जोड दिएको हो।

बोर्ड उक्त सेवालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन बोर्डले आस्बा सदस्यलाई चार बुँदे परिपत्र पनि गरेको छ। बोर्डले सार्वजनिक निष्काशनमा शेयर खरिदका लागि प्राप्त आवेदन सी-आस्बा सफ्वेयरमा रुजु गरी ग्राहकको पहिचान एकीन गरेपश्चात मात्रै बुझिलिन बोर्डले परिपत्र गरेको छ। त्यस्तै आवेदनकर्ताको खातामा आवेदन गर्दाको बखत आवश्यक रकम उपलब्ध भएमा माग आवेदन स्वीकार गरी आवेदन रकम रोक्का गर्न, सेवाग्राहीलाई सी-आस्बा सेवा सम्बन्धमा जानकारी प्रदान गर्न पर्याप्त प्रचारप्रसार गर्न तथा सी-आस्बा सेवा अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित कर्मचारीलाई तालिम प्रदान गर्न धितोपत्र बोर्डले सी-आस्बाका सदस्यलाई परिपत्र गरेको छ।

## SHARE MARKET

18 APRIL THURSDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 17497.00 | 354.00 | 337.00 | 345.00 | 8.00 |
| 2 | Api Power Company Ltd. | 22627.00 | 336.00 | 300.00 | 320.00 | 14.00 |
| 3 | Arun Kabeli Power Ltd. | 7701.00 | 301.00 | 269.00 | 291.00 | 17.00 |
| 4 | Arun Valley Hydropower Dev. Co. Ltd. | 39437.00 | 190.00 | 172.00 | 186.00 | 8.00 |
| 5 | Asian Life Insurance Co. Limited | 19435.00 | 890.00 | 827.00 | 830.00 | -37.00 |
| 6 | Bank of Kathmandu Ltd. | 16440.00 | 366.00 | 335.00 | 350.00 | 14.00 |
| 7 | Barun Hydropower Co. Ltd. | 80.00 | 187.00 | 181.00 | 187.00 | 9.00 |
| 8 | Best Finance Company Ltd. | 200.00 | 127.00 | 127.00 | 127.00 | 2.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 1650.00 | 149.00 | 146.00 | 149.00 | 3.00 |
| 10 | Bishal Bazar Company Limited | 176.00 | 1836.00 | 1800.00 | 1836.00 | 52.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 140.00 | 6435.00 | 6067.00 | 6435.00 | 245.00 |
| 12 | Butwal Power Company Limited | 15163.00 | 502.00 | 460.00 | 476.00 | 7.00 |
| 13 | Central Finance Co. Ltd. | 349.00 | 128.00 | 124.00 | 128.00 | 6.00 |
| 14 | Century Commercial Bank Ltd. | 31845.00 | 192.00 | 173.00 | 183.00 | 7.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 7496.00 | 1060.00 | 1002.00 | 1045.00 | 17.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 10.00 | 160.00 | 160.00 | 160.00 | 3.00 |
| 17 | Chilime Hydropower Company Limited | 39260.00 | 865.00 | 778.00 | 856.00 | 69.00 |
| 18 | Citizen Bank International Limited | 46522.00 | 275.00 | 263.00 | 265.00 | 4.00 |
| 19 | Citizen Investment Trust | 4476.00 | 2765.00 | 2690.00 | 2760.00 | 90.00 |
| 20 | Civil Bank Ltd | 41903.00 | 170.00 | 155.00 | 158.00 | 3.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 660.00 | 897.00 | 831.00 | 895.00 | 79.00 |
| 22 | Corporate Development Bank Limited | 1230.00 | 130.00 | 125.00 | 130.00 | 4.00 |
| 23 | Deprosc Development Bank Limited | 10558.00 | 899.00 | 839.00 | 876.00 | 24.00 |
| 24 | Deva Bikas Bank Limited | 21875.00 | 155.00 | 142.00 | 153.00 | 9.00 |
| 25 | Dibyashwori Hydropower Ltd. | 80.00 | 133.00 | 129.00 | 133.00 | 4.00 |
| 26 | Everest Bank Limited | 13786.00 | 870.00 | 800.00 | 819.00 | 15.00 |
| 27 | Everest Bank Limited Con. Pref. | 5724.00 | 663.00 | 626.00 | 663.00 | -13.00 |
| 28 | Everest Insurance Co. Ltd. | 3347.00 | 1500.00 | 1470.00 | 1475.00 | -19.00 |
| 29 | Excel Development Bank Ltd. | 2701.00 | 356.00 | 345.00 | 356.00 | 13.00 |
| 30 | First Micro Finance Dev. Bank Ltd. | 35201.00 | 630.00 | 590.00 | 618.00 | 16.00 |
| 31 | Forward Comm.Mi. Bittiya Sanstha Ltd. | 2942.00 | 2200.00 | 2060.00 | 2130.00 | -14.00 |
| 32 | Gandaki Bikas Bank Limited | 11632.00 | 266.00 | 243.00 | 250.00 | 8.00 |
| 33 | Garima Bikas Bank Limited | 19449.00 | 210.00 | 192.00 | 196.00 | 3.00 |
| 34 | Global IME Bank Limited | 67775.00 | 330.00 | 314.00 | 319.00 | 5.00 |
| 35 | Global IME Lag. Bittiya Sanstha Ltd. | 1427.00 | 1334.00 | 1240.00 | 1334.00 | 99.00 |
| 36 | Global IME Samunnat Scheme-1 | 25000.00 | 9.00 | 9.00 | 9.00 | 0.18 |
| 37 | Goodwill Finance Co. Ltd. | 466.00 | 143.00 | 139.00 | 143.00 | 6.00 |
| 38 | Green Development Bank Ltd. | 10.00 | 173.00 | 173.00 | 173.00 | 3.00 |
| 39 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 3000.00 | 157.00 | 154.00 | 157.00 | 6.00 |
| 40 | Gurans Life Insurance Company Ltd. | 21301.00 | 1012.00 | 945.00 | 975.00 | 20.00 |
| 41 | Gurkhas Finance Ltd. | 1960.00 | 129.00 | 121.00 | 129.00 | 4.00 |
| 42 | Hamro Bikas Bank Ltd. | 10281.00 | 166.00 | 153.00 | 163.00 | 12.00 |
| 43 | Hathway Finance Company Limited | 3390.00 | 159.00 | 143.00 | 159.00 | 14.00 |
| 44 | Himalayan Bank Limited | 5636.00 | 652.00 | 605.00 | 652.00 | 42.00 |
| 45 | Himalayan Distillery Limited | 1540.00 | 1219.00 | 1150.00 | 1200.00 | 50.00 |
| 46 | Himalayan General Insurance Co. Ltd | 38566.00 | 550.00 | 525.00 | 528.00 | 2.00 |
| 47 | Himalayan Power Partner Ltd. | 22008.00 | 319.00 | 285.00 | 319.00 | 29.00 |
| 48 | ICFC Finance Limited | 9392.00 | 204.00 | 195.00 | 200.00 | 6.00 |
| 49 | IME General Insurance Ltd. | 4685.00 | 1045.00 | 1000.00 | 1010.00 | 25.00 |
| 50 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 58604.00 | 178.00 | 157.00 | 170.00 | 8.00 |
| 51 | Janaki Finance Ltd. | 667.00 | 190.00 | 190.00 | 190.00 | 3.00 |
| 52 | Janata Bank Nepal Ltd. | 49539.00 | 180.00 | 165.00 | 171.00 | 6.00 |
| 53 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 332.00 | 2800.00 | 2700.00 | 2800.00 | 57.00 |
| 54 | Jebils Finance Ltd. | 2045.00 | 117.00 | 115.00 | 115.00 | -2.00 |
| 55 | Jyoti Bikas Bank Limited | 14382.00 | 166.00 | 150.00 | 160.00 | 8.00 |
| 56 | Kabeli Bikas Bank Limited | 34.00 | 267.00 | 267.00 | 267.00 | 5.00 |
| 57 | Kailash Bikas Bank Ltd. | 16408.00 | 252.00 | 230.00 | 248.00 | 16.00 |
| 58 | Kalika Microcredit Dev. Bank Ltd. | 2307.00 | 1428.00 | 1350.00 | 1370.00 | 15.00 |
| 59 | Kamana Sewa Bikas Bank Limited | 22922.00 | 172.00 | 155.00 | 165.00 | 8.00 |
| 60 | Kanchan Development Bank Limited | 331.00 | 210.00 | 207.00 | 208.00 | 0.00 |
| 61 | Kankai Bikas Bank Ltd. | 1232.00 | 147.00 | 141.00 | 147.00 | 7.00 |
| 62 | Karnali Development Bank Limited | 2722.00 | 134.00 | 122.00 | 134.00 | 12.00 |
| 63 | Khanikhola Hydropower Co. Ltd. | 180.00 | 130.00 | 128.00 | 130.00 | 4.00 |
| 64 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 360.00 | 1543.00 | 1513.00 | 1513.00 | 0.00 |
| 65 | Kumari Bank Limited | 94258.00 | 279.00 | 253.00 | 268.00 | 9.00 |
| 66 | Lalitpur Finance Ltd. | 600.00 | 180.00 | 180.00 | 180.00 | 2.00 |
| 67 | Laxmi Bank Limited | 9189.00 | 263.00 | 246.00 | 263.00 | 15.00 |
| 68 | Laxmi Equity Fund | 1400.00 | 8.98 | 8.80 | 8.98 | 0.08 |
| 69 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 2986.00 | 1314.00 | 1240.00 | 1255.00 | -35.00 |
| 70 | Laxmi Value Fund-1 | 6100.00 | 11.32 | 11.09 | 11.09 | -0.01 |
| 71 | Life Insurance Co. Nepal | 9470.00 | 1810.00 | 1662.00 | 1775.00 | 58.00 |
| 72 | Lumbini Bikas Bank Ltd. | 26218.00 | 172.00 | 155.00 | 169.00 | 12.00 |
| 73 | Lumbini General Insurance Co. Ltd. | 32034.00 | 665.00 | 621.00 | 629.00 | -13.00 |
| 74 | Machhapuchhre Bank Limited | 29415.00 | 260.00 | 237.00 | 255.00 | 18.00 |
| 75 | Mahalaxmi Bikas Bank Ltd. | 16332.00 | 205.00 | 190.00 | 195.00 | 3.00 |
| 76 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 1581.00 | 829.00 | 740.00 | 786.00 | 16.00 |
| 77 | Mahuli Samudayik Lag. Sanstha Ltd. | 592.00 | 2703.00 | 2576.00 | 2576.00 | -74.00 |
| 78 | Manjushree Finance Ltd. | 5062.00 | 142.00 | 136.00 | 142.00 | 6.00 |
| 79 | Mero Microfinance Bittiya Sanstha Ltd. | 2586.00 | 1255.00 | 1196.00 | 1196.00 | -35.00 |
| 80 | Mirmire Microfinance Dev. Bank Ltd. | 880.00 | 2860.00 | 2750.00 | 2751.00 | -49.00 |
| 81 | Mission Development Bank Ltd. | 500.00 | 200.00 | 200.00 | 200.00 | -1.00 |
| 82 | Miteri Development Bank Limited | 1446.00 | 316.00 | 295.00 | 310.00 | 10.00 |
| 83 | Mithila LaghuBitta Bikas Bank Ltd. | 24.00 | 1173.00 | 1173.00 | 1173.00 | 22.00 |
| 84 | Muktinath Bikas Bank Ltd. | 37190.00 | 439.00 | 411.00 | 434.00 | 21.00 |
| 85 | Nabil Bank Limited | 21999.00 | 1050.00 | 999.00 | 1040.00 | 38.00 |
| 86 | NABIL Bank Limited Promotor Share | 27604.00 | 848.00 | 800.00 | 840.00 | 32.00 |
| 87 | Nabil Equity Fund | 966.00 | 9.80 | 9.80 | 9.80 | 0.17 |
| 88 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 1396.00 | 2392.00 | 2298.00 | 2391.00 | 91.00 |
| 89 | National Hydro Power Co. Limited | 74040.00 | 102.00 | 92.00 | 98.00 | 5.00 |
| 90 | National Life Insurance Co. Ltd. | 12444.00 | 1377.00 | 1320.00 | 1350.00 | -6.00 |
| 91 | National Mi. Bittiya Sanstha Ltd. | 1443.00 | 2320.00 | 2156.00 | 2156.00 | -58.00 |
| 92 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 140.00 | 2256.00 | 2092.00 | 2256.00 | 205.00 |
| 93 | Neco Insurance Co. Ltd. | 34762.00 | 653.00 | 621.00 | 628.00 | -9.00 |
| 94 | Nepal Bangladesh Bank Limited | 64543.00 | 258.00 | 237.00 | 250.00 | 9.00 |
| 95 | Nepal Bank Limited | 60836.00 | 359.00 | 334.00 | 346.00 | 11.00 |
| 96 | Nepal Credit & Comm. Bank Ltd. Pro. Share | 2600.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 97 | Nepal Credit And Comm. Bank Limited | 43771.00 | 290.00 | 263.00 | 279.00 | 9.00 |
| 98 | Nepal Doorsanchar Comapany Limited | 7990.00 | 775.00 | 750.00 | 750.00 | 0.00 |
| 99 | Nepal Grameen Bikas Bank Ltd. | 19815.00 | 670.00 | 623.00 | 652.00 | -3.00 |
| 100 | Nepal Hydro Developers Ltd. | 140.00 | 208.00 | 190.00 | 204.00 | 9.00 |
| 101 | Nepal Insurance Co. Ltd. | 34798.00 | 813.00 | 726.00 | 726.00 | -14.00 |
| 102 | Nepal Investment Bank Limited | 28679.00 | 695.00 | 662.00 | 662.00 | -5.00 |
| 103 | Nepal Investment Bank Ltd. Pro. Share | 19232.00 | 601.00 | 582.00 | 587.00 | 7.00 |
| 104 | Nepal Life Insurance Co. Ltd. | 17273.00 | 1227.00 | 1190.00 | 1200.00 | -9.00 |
| 105 | Nepal SBI Bank Limited | 6019.00 | 595.00 | 561.00 | 574.00 | 11.00 |
| 106 | Nerude Laghubita Bikas Bank Limited | 10208.00 | 816.00 | 735.00 | 783.00 | 4.00 |
| 107 | Ngadi Group Power Ltd. | 1623.00 | 231.00 | 206.00 | 231.00 | 21.00 |
| 108 | NIBL Samriddhi Fund 1 | 16100.00 | 11.78 | 11.45 | 11.78 | 0.46 |
| 109 | NIC Asia Bank Ltd. | 17142.00 | 348.00 | 328.00 | 338.00 | 8.00 |
| 110 | Nirdhan Utthan Bank Limited | 4308.00 | 1267.00 | 1220.00 | 1230.00 | 11.00 |
| 111 | NLG Insurance Company Ltd. | 5771.00 | 994.00 | 941.00 | 941.00 | -34.00 |
| 112 | NMB Microfinance Bittiya Sanstha Ltd. | 4704.00 | 1605.00 | 1518.00 | 1568.00 | 19.00 |
| 113 | NMB Bank Limited | 16845.00 | 479.00 | 450.00 | 457.00 | 1.00 |
| 114 | NMB Hybrid Fund L-1 | 13315.00 | 9.83 | 9.75 | 9.83 | 0.19 |
| 115 | NMB Sulav Investment Fund-1 | 105000.00 | 12.90 | 12.75 | 12.90 | 0.25 |
| 116 | Om Development Bank Ltd. | 19345.00 | 210.00 | 192.00 | 204.00 | 7.00 |
| 117 | Oriental Hotels Limited | 11240.00 | 634.00 | 585.00 | 600.00 | -3.00 |
| 118 | Pokhara Finance Ltd. | 2300.00 | 166.00 | 160.00 | 163.00 | 3.00 |
| 119 | Prabhu Bank Limited | 36882.00 | 232.00 | 217.00 | 223.00 | 5.00 |
| 120 | Prabhu Insurance Ltd. | 28049.00 | 790.00 | 740.00 | 750.00 | -20.00 |
| 121 | Premier Insurance Co. Ltd. | 17095.00 | 1225.00 | 1168.00 | 1180.00 | -34.00 |
| 122 | Prime Commercial Bank Ltd. | 23615.00 | 326.00 | 298.00 | 300.00 | 1.00 |
| 123 | Prime Life Insurance Company Limited | 17186.00 | 784.00 | 735.00 | 745.00 | -6.00 |
| 124 | ProgressiveFinance Limited | 100.00 | 151.00 | 151.00 | 151.00 | 2.00 |
| 125 | Prudential Insurance Co. Ltd. | 9070.00 | 879.00 | 811.00 | 815.00 | -32.00 |
| 126 | Purnima Bikas Bank Ltd. | 769.00 | 217.00 | 212.00 | 217.00 | 8.00 |
| 127 | Radhi Bidyut Company Ltd | 5500.00 | 218.00 | 196.00 | 218.00 | 19.00 |
| 128 | Rastriya Beema Company Limited | 1442.00 | 11837.00 | 10800.00 | 11700.00 | 939.00 |
| 129 | Rastriya Beema Co.Limited Pro. Share | 2041.00 | 11326.00 | 10087.00 | 11322.00 | 1025.00 |
| 130 | Reliance Finance Ltd. | 3443.00 | 130.00 | 129.00 | 130.00 | 2.00 |
| 131 | Ridi Hydropower Dev. Company Ltd. | 7820.00 | 149.00 | 134.00 | 142.00 | 6.00 |
| 132 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 12212.00 | 918.00 | 835.00 | 875.00 | 34.00 |
| 133 | Rural Microfinance Dev. Centre Ltd. | 8589.00 | 705.00 | 660.00 | 671.00 | -7.00 |
| 134 | Sagarmatha Insurance Co. Ltd. | 6199.00 | 1465.00 | 1390.00 | 1430.00 | -13.00 |
| 135 | Sahayogi Bikas Bank Limited | 1190.00 | 222.00 | 205.00 | 222.00 | 14.00 |
| 136 | Sana Kisan Bikas Bank Ltd | 6645.00 | 1270.00 | 1201.00 | 1230.00 | -10.00 |
| 137 | Sanima Bank Limited | 74759.00 | 380.00 | 355.00 | 369.00 | 12.00 |
| 138 | Sanima Equity Fund | 2000.00 | 9.50 | 9.35 | 9.35 | -0.30 |
| 139 | Sanima Mai Hydropower Ltd. | 72101.00 | 374.00 | 336.00 | 361.00 | 21.00 |
| 140 | Saptakoshi Development Bank Ltd. | 4358.00 | 144.00 | 133.00 | 144.00 | 8.00 |
| 141 | Shangrila Development Bank Ltd. | 14599.00 | 200.00 | 185.00 | 196.00 | 10.00 |
| 142 | Shikhar Insurance Co. Ltd. | 7567.00 | 1164.00 | 1105.00 | 1135.00 | 17.00 |

Total Amount Rs. 1,126,716,017 Total Quantity 2,440,105 Total No of Transactions 11,503

## PRESS RELEASE

### टेलिकमद्वारा मुगुम कर्मारोङ गाउँमा सेवा विस्तार

काठमाडौं, (नेस)

नेपाल टेलिकमले चीनसँग सीमाना जोडिएको मुगुको अति विकट स्थानमा भिस्याट प्रविधिमार्फत् जीएसएम मोबाइल सेवा सञ्चालनमा ल्याएको छ। कम्पनीले काठमाडौंको बलम्बुमा अवस्थित सगरमाथा अर्थ स्टेसनमार्फत् मुगुको मुगुम कर्मारोङ गाउँपालिकामा अवस्थित भिस्याट प्रविधिलाई लिंक गरी सेवा सञ्चालनमा ल्याएको हो।

मुगुम कर्मारोङ जिल्लाको सबैभन्दा विकट र दुर्गम स्थानमा रहनुका साथै चीनको सीमाना तत्कालीन मुगु गाविसको मुगु गाउँ नाक्च्या लाग्नासँग जोडिएको गाउँपालिका हो। यो करिब ३ हजार मिटर उचाईमा अवस्थित छ। मुगु सदरमुकाम गमगढी र रारातालदेखि तीन दिन पैदल हिँडेर सो स्थानमा पुग्न सकिन्छ। उक्त क्षेत्रमा यस अघि कुनै पनि किसिमको दूरसञ्चार सेवा पुगेको थिएन। स्थानीय बासिन्दाहरू करिब ३ घण्टा हिँडेर मोबाइल सेवा उपभोग गर्ने गरेका थिए। अब भने उनीहरूले घर आँगनमै मोबाइल सेवा प्रयोग गर्न पाउने भएका छन्। अब यो सेवाबाट त्यस स्थानका करिब २ सय घरधुरीका बासिन्दा तथा यस क्षेत्रमा आउने पर्यटकहरू लाभान्वित हुने छन्।

दुर्गम तथा अति विकट क्षेत्रका ग्रामीण तहसम्म दूरसञ्चार सेवाको पहुँच विस्तार गर्ने सरकारको नीतिअनुसार कम्पनीले सो क्षेत्रमा सेवा विस्तार गरेको हो। प्रतिफल कम आउने र तुलनात्मकरूपमा लगानी बढी हुने स्थानमा समेत समान रूपमा दूरसञ्चार सेवा विस्तार गर्ने क्रमलाई निरन्तरता दिँदै सो स्थानमा हालै उपकरण जडान गरी नेपाल टेलिकमले सेवा सञ्चालनमा ल्याएको हो।

### सेञ्चुरी बैंक र युनियन लाइफ इन्स्योरेन्सबीच सम्झौता

काठमाडौं, (नेस)

सेञ्चुरी कमर्सियल बैंक र युनियन लाइफ इन्स्योरेन्स कम्पनीबीच बैंकास्योरेन्स सम्झौता भएको छ। सम्झौताअनुसार ग्राहकहरूले सेञ्चुरी कमर्सियल बैंकबाट उक्त कम्पनीको बीमा लेख प्राप्त गर्न, प्रिमियम भुक्तानी गर्न, दाबी भुक्तानीलगायतका सेवा प्राप्त गर्न सक्नेछन्।




उक्त सम्झौतापत्रमा बैंकका कामु प्रमुख कार्यकारी अधिकृत जीवन भट्टराई र युनियन लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार लाल कर्णले हस्ताक्षर गरेका छन्।

बैंकले काठमाडौं उपत्यकामा ११ शाखा र ५ वटा एक्स्टेन्सन काउन्टर र उपत्यका बाहिर ८२ शाखा र ३ वटा एक्सटेन्सन काउन्टरका साथै १० वटा शाखारहित बैंकिङ सेवा गरी १११ स्थानबाट कारोबार सञ्चालन गरिरहेको छ।

### एभरेस्ट बैंकको बाँसगढीमा नयाँ शाखा खुल्यो



काठमाडौं, (नेस)

एभरेस्ट बैंकले बर्दियाको बाँसगढीमा नयाँ शाखा खोलेको छ।

बाँसगढी शाखाको उद्घाटन बाँसगढी नगरपालिकाका मेयर शालिकराम अधिकारी र बैंकका प्रमुख कार्यकारी अधिकृत सोमेश्वर सेठले संयुक्त रूपमा गर्नु भएको थियो।

एभरेस्ट बैंकले हाल आफ्ना ८० वटा शाखा, ७ एक्सटेन्सन काउन्टर, २८ राजस्व संकलन काउन्टर र ११३ एटीएममार्फत् सेवा प्रदान गर्दै आइरहेको छ।

### ओम डेभलपमेन्ट बैंकको घान्द्रुकमा शाखारहित बैंकिङ सेवा




काठमाडौं, (नेस)

ओम डेभलपमेन्ट बैंकले कास्कीको घान्द्रुकमा शाखारहित बैंकिङ सेवा शुरू गरेको छ। कार्यक्रमका प्रमुख अतिथी अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले मेश्रम बाराह माविका विद्यार्थीलाई छात्रावृत्ति प्रदान गरी शाखारहित बैंकिङ सेवाको उद्घाटन गर्नुभएको हो।

विकास बैंकहरूमा शाखारहित बैंकिङ सेवा प्रदान गर्ने ओम पहिलो विकास बैंक भएको छ। बैंकको सञ्जाल बिस्तार गरी ग्राहकहरूलाई थप सुविधा प्रदान गर्ने उदेश्यका साथ शाखा रहित बैंकिङ सेवा शुरू गरिएको र यसबाट बैंकिङ सेवा पुग्न नसकेका घान्द्रुक, छोमरोम र आसपासका क्षेत्रका बासिन्दाहरू लाभान्वित हुने प्रमुख कार्यकारी अधिकृत विश्वमोहन अधिकारीले बताउनुभयो। यस सेवाअन्तर्गत ग्राहकले बैंकको बायोम्याट्रिक्स ट्याब्लेट मेसिनबाट प्रतिदिन २ लाख रुपियाँसम्म निक्षेप जम्मा गर्न र १ लाख रुपियाँसम्म निक्षेप तथा रेमिटेन्सको भुक्तानी लिन र ग्राहकहरूबाट कर्जाको फाइल संकलन गर्नेछ। मर्चेन्ट पेमेन्ट सुविधा अन्तर्गत डिस होमको रिचार्ज गर्न, मोबाइलको बिल भुक्तानी तथा रिचार्ज गर्न सक्नेछन्। बैंकले चैत्र मसान्तसम्म १९ अर्ब १२ करोड निक्षेप संकलन गरी १७ अर्ब ९ करोड कर्जा लगानी गरेको छ।

२२ गते संयुक्त संघर्ष समिति बैठकपछि आन्दोलनका थप कार्यक्रम गर्ने र २७ गतेदेखि संयुक्त संघर्ष समितिबाट अर्को जानकारी नआएसम्म सार्वजनिक सवारी साधन घर, ग्यारेजमा थन्काउने आन्दोलनका कार्यक्रममा उल्लेख छ।

# व्यापारघाटा आठ महिनामा ७ खर्ब नाघ्यो

**नेपाल समाचारपत्र**

काठमाडौं

निर्यातको तुलनामा आयात हुने वस्तुको परिणाम उच्च हुँदा नेपालको वैदेशिक व्यापारको अवस्थामा सन्तुलन कायम हुन सकेको छैन। चालू आर्थिक वर्षको आठ महिना अवधिमा व्यापारघाटा ७ खर्ब १३ अर्ब रुपियाँ नाघ्यो छ। यस अवधिमा मुलुकले गरेको कुल वैदेशिक व्यापारमा ९३ दशमलव ५ प्रतिशत आयात र ६ दशमलव ५ प्रतिशत मात्र निर्यातको योगदान रहेको छ।

भन्सार विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्षको फागुन मसान्तसम्ममा कुल निर्यातको अनुपातका आयात १४ दशमलव ४ गुणाले बढी देखिएको छ। यस अवधिमा ८ खर्ब २० अर्ब ७८ करोड रुपियाँ बराबरको कुल वैदेशिक व्यापारमा ७ खर्ब १३ अर्ब ९३ करोड रुपियाँ बराबरको आयात र ५३ अर्ब ४२ करोड रुपियाँ बराबरको मात्र निर्यात भएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात २२ दशमलव २८ प्रतिशतले बढेको छ भने निर्यात १० दशमलव ९६ प्रतिशतले बढेको छ। गत आर्थिक वर्ष २०७३/७४ को आठ महिना अवधिमा मुलुकको व्यापारघाटा ५ खर्ब ७९ अर्ब ३८ करोड रुपियाँ बराबर थियो भने चालू आर्थिक वर्षको सोही अवधिमा उक्त अनुपात २३ दशमलव २२ प्रतिशतले बढेर ७ खर्ब रुपियाँ नाघेको छ।

नेपालले छिमेकी मुलुक भारतसँग मात्र ५ खर्ब ३२ अर्ब ७६ करोड ७५ लाख रुपियाँ बराबरको व्यापार गरेको छ। जुन परिमाण नेपालले चालू आर्थिक वर्षको ८ महिना अवधिमा गरेको कुल वैदेशिक व्यापारको ६४ दशमलव ९० प्रतिशत बराबर हो। भारतसँग ५ खर्ब २ अर्ब २३ करोड रुपियाँ बराबरको आयात र ३० अर्ब ५३ करोड रुपियाँ बराबरको निर्यात गर्दा व्यापारघाटा ४ खर्ब ७१ अर्ब ७० करोड पुगेको छ।

त्यसैगरी अर्को छिमेकी मुलुक चीनसँग १ खर्ब १ अर्ब रुपियाँ बराबरको आयात र १ अर्ब ८६ करोड रुपियाँ बराबरको निर्यात गर्दा ९९ अर्ब १२ करोड रुपियाँ व्यापारघाटा देखिएको छ।

कुल आयातमा भारतबाट ६५ दशमलव ४ प्रतिशत, चीनबाट १३ दशमलव २ प्रतिशत, इन्डोनेसियाबाट १ दशमलव १ प्रतिशत, भियतनामबाट १ दशमलव १ प्रतिशत र अन्य मुलुकबाट १९ दशमलव २ प्रतिशत अन्य मुलुकबाट आयात भएको छ। त्यसैगरी नेपालले गरेको कुल निर्यातमा ५७ दशमलव २ प्रतिशत भारतसँग, १० दशमलव ८ प्रतिशत अमेरिकासँग, ५ दशमलव ८ प्रतिशत टर्कीसँग, ३ दशमलव ८ प्रतिशत जर्मनीसँग र बाँकी २२ दशमलव ४ प्रतिशत अन्य मुलुकमा निर्यात भएको छ।

यस अवधिमा मुलुकले इन्धन आयातमा मात्र १ खर्ब १६ अर्ब २८ करोड रुपियाँ खर्चेको छ। इन्धनजन्य वस्तु नेपालले निर्यात नगर्ने हुँदा उक्त रकम शतप्रतिशत घाटा हो। फलाम तथा स्टील, सवारीसाधन, इलेक्ट्रोनिक वस्तु तथा घरायसी सामानको आयात उच्च छ। निर्यातमा भने चिया र कफीको निर्यात सबैभन्दा बढी देखिएको छ। फागुन मसान्तसम्ममा मुलुकले ६ अर्ब ४७ करोड रुपियाँ बराबरको चिया कफी निर्यात गरेको छ। त्यसैगरी सोही अवधिमा ५ अर्ब १४ करोड रुपियाँ बराबरको पश्मिना, ४ अर्ब ६५ करोड रुपियाँ बराबरको उनी गलैंचा र कार्पेट, ४ अर्ब २० करोड रुपियाँ बराबरको लुगा कपडा तथा धागो र ३ अर्ब ३३ करोड रुपियाँबराबरको फलाम तथा स्टिलका सामान निर्यात भएको छ।

# सरकार र व्यवसायी वारपारको लडाइँमा

काठमाडौं, (नेस)

सरकारले यातायात क्षेत्रमा रहेको सिन्डिकेट खारेज गर्ने निर्णयविरुद्ध यातायात व्यावसायी आन्दोलित भएका छन्। सिन्डिकेट अन्त्य गर्ने कदमको स्वागत गरेको बेला यातायात व्यावसयी भने आन्दोलनको तयारी गरेका छन्।

व्यवसायीले बुधबार काठमाडौंलगायत सातै प्रदेशमा पत्रकार सम्मेलन गरी अनिश्चितकालीन यातायात बन्दसहितका आन्दोलनका कार्यक्रम घोषणा गरेका छन्। सरकारले यातायात व्यवसायीको सबै खाले संघसंस्थाको मंगलबार खारेज गरेसँगै व्यवसायीले सरकारले आफू अनुकुल निर्णय गरेको भन्दै हड्ताल गर्ने निर्णय गरेका हुन्। सरकारले भने जस्तोसुकै हड्ताल गरे पनि प्रहरी प्रशासन प्रयोग गरेर यातायात सञ्चालन गर्ने तयारी थालेको छ। तत्अनरूप गृहमन्त्री रामबहादुर थापाले त्यससम्बन्धी तयार रहन मातहतका निकायलाई निर्देशन दिएका छन्। सरकारले आफूहरूसँग छलफलसमेत नगरी एकलौटी ढंगले यातायात संघसंस्थाको दर्ता र नवीकरण जिल्ला प्रशासन कार्यालयबाट नगर्ने निर्णय गरेपछि त्यसको विरोधमा आन्दोलनको कार्यक्रम घोषणा गर्नु परेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको दाबी छ। यातायात व्यवसायीले सरकारले आफ्नो निर्णय फिर्ता नलिए कडा आन्दोलनमा जान बाध्य हुने चेतावनीसमेत दिएका छन्।

## यातायात क्षेत्रको सिन्डिकेट मुद्दा चर्कियो

व्यवसायीले घोषणा गरेको आन्दोलनका कार्यक्रमअनुसार वैशाख ८ गते सबै सार्वजनिक गाडीमा कालो झण्डा राख्ने, वैशाख ९ गते यातायातसँग सम्बन्धित नेताहरूलाई ज्ञापनपत्र बुझाउने, वैशाख १० र ११ गते प्रदेशमा कोणसभा गर्ने कार्यक्रम तय गरेका छन्। वैशाख १४ र १५ गते क्युफ्री गर्ने, वैशाख १६ गते यातायात कार्यालय घेराउ, वैशाख १७, १८ र १९ गते प्रचारप्रसार गर्ने तथा वैशाख २१ गते आआफ्ना गाडी घर/ग्यारेजमा थन्काउने निर्णय यातायात व्यवसायीले गरेका छन्।

# प्रदेश नम्बर १ को बजेट पारित

**नेपाल समाचारपत्र**

विराटनगर

प्रदेश नम्बर १ को प्रदेशसभाले आर्थिक वर्ष २०७४/७५ को बाँकी अवधिको बजेट विनियोजन विधेयक पारित गरेको छ। बुधबार बसेको प्रदेश सभाको २०औं बैठकले विनियोजन विधेयक २०७४ सर्वसहमतिले पारित गरेको हो।

आर्थिक मामिला तथा योजनामन्त्री इन्द्र आङम्बोले प्रदेश सभाको १८औं बैठकमा विधेयक प्रस्तुत गर्नुभएको थियो। विधेयकमाथि प्रदेश सांसदहरूले उठाएका प्रश्नको विभागीय मन्त्री आङम्बोले जवाफ दिएपछि विधेयक पास भएको हो। बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री आङम्बोले विनियोजन विधेयक पारित गरियोस् भनि गरेको प्रस्ताव ध्वनी मतका आधारमा पारित भएको हो।

विधेयक पास भएसँगै चालू आर्थिक वर्षको बाँकी अवधिका लागि १ नम्बर प्रदेशअन्तर्गतका निकायले गर्ने सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार प्राप्त भएको छ। प्रदेशसभाको १२औं बैठकले आर्थिक कार्यविधि विधेयक पास गरिसकेको छ। १ नम्बर प्रदेशका लागि आर्थिक वर्ष २०७४/७५ का लागि १ अर्ब १ करोड ९४ लाख ६५ हजार रुपियाँको बजेट ल्याएको थियो। बजेटसँग सम्बन्धित अन्य विधेयक पास हुने प्रक्रियामा छन्।


## ललितपुर जिल्ला अदालत

लगनखेल, ललितपुर

फाँट नं : ५ मुद्दा नं.-०७४ Pc ०२२१

**ललितपुर जिल्ला अदालतबाट जारी भएको**

उप्रान्त वादी रश्मी खड्का समेतले तपसिलमा उल्लेखित तपाई प्रतिवादीहरूका नाउँमा मिति २०७४/०६/३० मा जालसाजी मुद्दाको फिरादपत्र यस अदालतमा दायर गर्नुभए पश्चात् यस अदालतबाट तपाईहरूका नाउँमा म्याद जारी गरी पठाउँदा बेपत्ते ब्यहोराले तामेल भई आएकाले यस अदालतको मिति २०७५/०१/०३ गतेका आदेशानुसार जिल्ला अदालत नियमावली २०५२ को नियम २२ (क) १ को देहाय (ख) नं. बमोजिम तपाईंहरूका नाउँमा यो म्याद सूचना प्रकाशित गरिएको छ। यो म्याद प्रकाशित भएका मितिले बाटाका म्यादबाहेक ३० (तीस) दिनभित्र तपाईंहरू आफैं वा कानुन बमोजिमका वारिस वा कानुन व्यवसायीमार्फत आफ्नो भएको प्रमाणसहित प्रतिउत्तरपत्र लिई आउनुहोला। नआई म्याद गुजारी बसे मुद्दा कानुन बमोजिम हुनेछ, पछि तपाईंको उजुर लाग्ने छैन।

**तपसिल**

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २९ ठमेल बस्ने भक्तिदास श्रेष्ठको नाति गोविन्द दास श्रेष्ठको छोरा वर्ष ४७ को गोपालदास श्रेष्ठ ....................१

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १० वस्ने कृष्णबहादुर खड्काको नातिनी पदमबहादुर खड्काको छोरी वर्ष ४८ की पविना खड्का ....................२

ऐऐ बस्ने पदमबहादुर खड्काकी छोरी पूर्णप्रसाद ब्राह्मणको बुहारी जगदीश शर्माको श्रीमती वर्ष ५२ की सविना खड्का ....................३

ईति सम्वत् २०७५ साल बैशाख ३ गते रोज २ शुभम्



## कल्याण उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्रि गरिने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशित मिति २०७५/०१/०६ गते बिहिबार

तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले यस संस्थाबाट लिएको कर्जाको सावाँ तथा सोको ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर रकम समेत संस्थासंग गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरि/नबुझाई कर्जा सम्बन्धि शर्त कबुलियतको उल्लंघन गरेको तथा संस्थाले पटक-पटक लिखित, मौखिक एवं स्थलगत भेटघाट आदिबाट तरताकेता गर्दा समेत भुक्तानी गर्न नआएकोले लिईएको कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा कर्जा चुक्ता भुक्तान नगर्नु भएकोले सो कर्जाको सुरक्षण वापत यस संस्थामा रहेको तपसिल बमोजिमको अचल सम्पत्तिको लिलाम बिक्रिका लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ३६ औं दिनमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०४९, यस संस्थाको कर्जा लगानी तथा अशुली सम्बन्धि नियमावली २०६३ तथा प्रचलित नियम, कानून तथा कार्यबाही बमोजिम लिलाम बिक्रि गरी संस्थाले आफ्नो लेना रकम अशुल उपर गरी लिने ब्यहोरा यसै सूचना मार्फत सम्बन्धित ऋणी सदस्य, साक्षी एवं धन जमानी बसिदिने व्यक्तिहरु तथा सम्बन्धित अन्य सबै पक्षहरुलाई जानकारी गराईन्छ। साथै तपशिलको सुरक्षण बापतको सम्पत्ति जे जस्तो अवस्थामा छ सो अवस्थामा लिलाम बिक्रि गरी कर्जा असुल उपर गर्नुपर्ने भएकोले सो लिलाम बिक्रिमा उक्त सम्पत्ति सकार गरी लिन ईच्छुक संघ, संस्था, कम्पनी तथा महानुभावहरुलाई समेत जानकारीको लागि अनुरोध छ। कथम कदाचित धितोमा रहेको सम्बन्धित चल अचल सम्पत्तिबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नियम अनुसारले ऋणी, जमानीकर्ता र निजहरुका एकासगोलका परिवारका अन्य चल अचल सम्पत्ति पत्ता लगाई सोबाट समेत नपुग रकम असुल उपर गरिनेछ।

| क्र.सं. | ऋणी सदस्यको बिबरण | व्यक्तिगत घनजमानी कर्ता एवं साक्षी बस्नेको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १. | नाम : शान्तीमान कार्कि<br>बाबु: भैर बहादुर कार्कि<br>बाजे: टेक बहादुर कार्कि<br>ठेगाना: सिन्धुली जिल्ला महादेबडाडा गा.बि.स. वडा नं ०६  | | काठमाण्डौं जिल्ला चुनीखेल गा.बि.स. बडा नं. ०१, कित्ता नं २९२, २९५ क्षेत्रफल : ०-३-३-२, ०-०-२-२ र सो जग्गा लगायत जग्गामा रहेको संम्पुर्ण लिग लिगापात समेत। |
| २. | नामः राम बहादुर शाह<br>बाबु: कृष्ण बहादुर शाह<br>बाजे: पदम बहादुर शाह<br>ठेगाना: काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ०८  | नामः हरिमान लामा<br>बाबु: गोपाल लामा<br>बाजे: गणेश बहादुर लामा<br>ठेगाना: साबिक काठमाण्डौं जिल्ला स्युचाटार गा.बि.स. बडा न. ०९ हाल काठमाण्डौं जिल्ला नागर्जुन ना.पा. वडा न. ०७ <br>नामः मेरीना शाह<br>पतिः राम बहादुर शाह<br>ससुरा: कृष्ण बहादुर शाह<br>ठेगाना: काठमाण्डौं जिल्ला का.न.पा. वडा नं. ०८  | झापा जिल्ला लखनपुर गा.बि.स. बडा नं. ०२ कित्ता नं. २४, २६८ क्षेत्रफल : ०-११-५-०, ०-३-१-० तथा मोरङ्ग जिल्ला राजधाट गा.बि.स. वडा नं. ०८ कित्ता नं. १३८ क्षेत्रफल : ०-१६-५-० र सो जग्गा लगायत जग्गामा रहेको संम्पुर्ण लिग लिगापात समेत। |

**लिलाम बिक्रि सम्बन्धी अन्य शर्तहरु :**

१. प्रस्तुत सूचना प्रकाशित मितिले ३६ औं दिन अर्थात मिति २०७५/०२/१० गते बिहिबारका दिन (उक्त दिन सार्वजनिक बिदा परे सोको लगत्तै भोलिपल्ट) दिनको ४ बजे संस्थाको जावलाखेल-१३, ललितपुर स्थित मुख्य कार्यालयमा सरकारी प्रतिनिधिहरुको रोहबरमा लिलाम बिक्रि सम्बन्धी कार्य हुनेछ।
२. रकम कबुल गर्दा कबुल गर्नेले शर्त राख्न पाउने छैन।
३. लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्तिले आफूले कबुल गरेको रकमको १०% ले हुन आउने रकम नगदै धरौटी बापत तत्काल संस्थामा जम्मा गर्नुपर्नेछ। धरौटी रकममा ब्याज दिईने छैन। प्रस्ताव स्वीकृत गर्ने वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुनेछैन।
४. लिलामीमा सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्तिलाई धितोमा रहेको सम्पत्ति बिक्रि गर्ने/नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार संस्थासंग सुरक्षित रहनेछ।
५. लिलामीमा भाग लिई लिलामीमा स्वीकृती पाएको मितिले ७ दिन भित्र धरौटी बाहेकको रकम संस्थामा बुझाई सम्पत्ति नामसारी गरी नलिएमा धरौटी बापतको रकम जफत हुनेछ।
६. अचल सम्पत्ति सकार गरी लिनेले दा.खा. नामसारी गर्न लाग्ने लगायतका शुल्कहरु निज स्वयंले ब्यहोर्नु पर्नेछ।
७. लिलाम विक्रि हुने अचल सम्पत्तिहरुको सम्बन्धित कागजातहरु हेर्न चाहनुहुने महानुभावहरुले संस्थामा सम्पर्क राख्न सक्नुहुनेछ।
८. सहकारी ऐन, नियमावली तथा संस्थाको कर्जा नीति नियम अनुसार लिलाम गर्नुपर्ने जाय जेथा लिलाम बिक्रि गर्दा कसैले नसकारेमा संस्थाले नै उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
९. लिलाम विक्रि गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयमले ब्यहोर्नु पर्नेछ।
१०. अन्य कुरा प्रचलित नियम, कानुन तथा कार्यवाही अनुसार हुनेछ।

अन्य थप जानकारी चाहिएमा संस्थामा सम्पर्क राख्न सकिने छ।

**कल्याण उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**

**KALYAN UPAKAR SAVING & CREDIT CO-OPERATIVE LTD.**

केन्द्रीय कार्यालयः जावलाखेल-१३, ललितपुर, फोन : ०१-५५२३३०७,५५२२३०८, फ्याक्स नं.५५५४०००

साविक कल्याण से.ए.क्रे.को-अप.लि., ललितपुर र उपकार से.ए.क्रे. को-अप. लि., काठमाडौं एकिकरण भएको संस्था


# फलेबास नगरपालिकामा यान्त्रिकरण अभियान

पर्वत, (नेस)

फलेवास नगरपालिकाका कृषकलाई व्यावसायिक बनाउन कृषि कर्ममा आवश्यक उपकरण अनुदानमा वितरण गरिएको छ। नगरपालिकाले चालू आर्थिक वर्षको बजेटमार्फत् कृषकहरूलाई खेत जोत्ने हाते ट्याक्टर, घाँस काट्ने मेसिन, कुटानी पिसानी मिल, मकै छर्ने मेसिन वितरण गरेको हो। नगरपालिकाले एक कार्यक्रमको आयोजना गरी अनुदानका यान्त्रिक सामग्री वितरण गरेको छ। नगरपालिकाका अनुसार हाते ट्याक्टर ११ वटा, कुटानी मेसिन १४, घाँस काट्ने मेसिन १ वटा वितरण गरिएको फलेबास नगरपालिकाका कृषि शाखा प्रमुख नारायण शर्मा पौडेलले जानकारी दिनुभयो।

कृषकको मागको आधारमा अनुदानमा सामग्री वितरण गरिएको उहाँले बताउनुभयो। गएको कार्तिकमा सूचना प्रकाशित गरेर नगरपालिकाले माग संकलन गरेको थियो। सोही मागका आधारमा अनुदानमा सामग्री प्रदान गरिएको फलेबास नगरपालिकाका मेयर पदमपाणि शर्माले जानकारी दिनुभयो। कृषिमा यान्त्रिककरण र परम्परागत कृषि प्रणालीमा आधुनिककरण गर्न नगरपालिकाले अनुदानका विभिन्न कार्यक्रम ल्याएको छ। नगरपालिकाले चालू आर्थिक वर्षमा १ करोड ६० लाख रुपियाँको अनुदान सम्झौता गरिसकेको छ। अनुदान सम्झौता भएका कृषकलाई किस्ता किस्तामा सामग्री र आवश्यकीय सहयोग दिँदै जाने योजना रहेको मेयर शर्माले बताउनुभयो।

उपकरण पाएका कृषकहरूले नगरपालिकाले गरेको सहयोगप्रति खुशी व्यक्त गरेका थिए। कृषि उपजको बजारीकरणको समस्या समाधान गर्न पनि नगरपालिकाले सहयोग गर्नुपर्ने आवश्यक रहेको कृषकहरूले बताएका छन्। नगरपालिकाका ११ वटै वडाका कृषकलाई सामग्री वितरण गरिएको थियो।


## एलियन बचत तथा ऋण सहकारी संस्था लिमिटेड
बसन्तपुर २३, काठमाडौं

### कर्जा चुक्ता गर्न ३५ दिने सूचना

यस सहकारी संस्थाबाट ऋण कर्जा लिनुभएका तपसिल बमोजिम सदस्य ऋणीहरुले कर्जाको भाका नाघेको तथा कर्जा लिंदाको समयमा गरेको सम्झौता एवं तमसुक बमोजिम संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा,ब्याज,हर्जाना समेत नतिरि नबुझाई बाँकी राख्नु भएको र निजहरुलाई संस्थाको तर्फबाट पटक पटक लिखित तथा मौखिक रुपमा ताकेता गर्दा समेत निजहरुले कर्जा भुक्तानी गर्ने तर्फ कुनै पहल नगरेकोले तपाई ऋणीहरुको नाममा यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पुर्ण कर्जाको साँवा,ब्याज,हर्जाना समेत चुक्ता गर्नु होला अन्यथा संस्थाको विनियम, सहकारी ऐन तथा प्रचलित कानुन बमोजिम असुल उपर गरिने व्यहोरा अवगत गराईन्छ तथा तपाई ऋणीहरुको चल अचल,एकासगोलको सम्पत्तिबाट समेत संस्थाले लिनुपर्ने रकम प्रचलित कानुन बमाजिम असुल उपर गरिने व्यहोरा यसै सुचना द्वारा जानकारी गराईन्छ। साथै धन जमानी कर्तालाई पनि यसै सुचनाबाट अवगत गराईन्छ।

**तपसिल**

| ऋणीको नाम ठेगाना तीन पुस्ते | | जमानी कर्ताको नाम ठेगाना तीन पुस्ते |
|---|---|---|
| नाम : मधुवन लाल रंजितकार<br>बुबा : गोविन्द लाल रंजितकार<br>बाजे : रत्न लाल रंजितकार<br>ठेगाना : का.जि.का.म.न.पा.२३ ओमवाहाल काठमाडौं<br>ना.प्रं.न : ९१८८ |  | नाम : गिता देवी रंजितकार<br>बुबा: द्वरिका मान रंजितकार<br>बाजे : कान्छा मान रंजितकार<br>पति : मधुवन लाल रंजितकार<br>ठेगाना : का.जि.का.म.न.पा.२३ ओमवाहाल काठमाडौं<br>ना.प्र.नं.:८४६२ |
| नामः गिता देवी रंजितकार<br>बुबा : द्वारिका मान रंजितकार<br>बाजे: कान्छा मान रंजितकार<br>ठेगाना : का.जि.का.म.न.पा. २३ ओमवाहाल काठमाडौं<br>ना.प्र.नं.: ८४६२ |  | नामः मधुवन लाल रंजितकार<br>बुबा : गोविन्द लाल रंजितकार<br>बाजे : रत्न लाल रंजितकार<br>ठेगाना : का.जि.का.म.न.पा.२३ ओमवाहाल काठमाडौं<br>ना.प्र.नं: ९१८८ |
| नामः राजेश श्रेष्ठ<br>बुबाः राजेन्द्र कुमार श्रेष्ठ<br>बाजे : राम भक्त श्रेष्ठ<br>ठेगानाः का.जि.का.म.न.पा.२३ मञ्जु श्री टोल काठमाडौं<br>ना.प्र.नं. : २४३६ |  | नाम : मधुवन लाल रंजितकार<br>बुबा : गोविन्द लाल रंजितकार<br>बाजे : रत्न लाल रंजितकार<br>ठेगाना : का.जि.का.म.न.पा.२३ ओमवाहाल काठमाडौं<br>ना.प्र.नं.: ९१८८ |
| नाम : सारदा श्रेष्ठ<br>बुबाः नारायण बहादुर श्रेष्ठ<br>बाजेः राम काजी श्रेष्ठ<br>ठेगानाः का.जि.का.म.न.पा.१४ कलंकी , काठमााडौं<br>ना.प्र.नं.: २१००६ |  | नामः संजय श्रेष्ठ<br>बुबा : रत्न गोपाल श्रेष्ठ<br>बाजे : शिव गोपाल श्रेष्ठ<br>ठेगानाः का.जि.का.म.न.पा. १४कलंकी , काठमाडौं<br>ना.प्र.नं. : २४१७३८ |
| नाम : प्रमिला मुल्मी<br>बुबा : राम कुमार मुल्मी<br>बाजे : ललित लाल मुल्मी<br>ठेगाना : का.जि.का.म.न.पा.१४ कुलेश्वर , काठमाडौं<br>ना.प्र.नं.: २७१०६०/८६६८ |  | नामः छिने छिरेङ्ग घले<br>बुबा : फुर्पु वाङदी घले<br>ठेगाना : टिमुरे - ५ रसुवा<br>ना.प्र.नं. : २३१००५/२५<br><br>नाम : शान्ति मर्हजन<br>बुबा : कृष्ण लाल मर्हजन<br>बाजे : कृष्ण मर्हजन ठेगानाः लायकु-५<br>ना.प्र.नं.: २८१७/१२२८८ |
| नामः पन्च तारा श्रेष्ठ<br>बुबा : साधु राम श्रेष्ठ<br>ठेगाना :का.जि.का.म.न.पा.२३ चिकंमुगल ,काठमाडौं<br>ना.प्र.नं.:२५५२ |  | नामः मन्टु गुप्ता<br>बुबाः पन्ना लाल गुप्ता<br>ठेगाना : का.जि.का.म.न.पा.२३ चिकंमुगल , काठमाडौं<br><br>नाम : सुभद्रा रंजित<br>बुबा : द्धारिका मान रंजित<br>बाजे : कान्छा रंजित<br>ठेगाना : का.जि.का.म.न.पा.२३ जैसीदेवल , काठमाडौं |
| नामः अनिल बहादुर प्रधान<br>बुबा : इन्द्र बहादुर प्रधान<br>बाजे : निर बहादुर प्रधान<br>ठेगाना : का.जि.का.म.न.पा.२९ ठमेल , काठमाडौं<br>ना.प्र.नं.: ६६०२ |  | नाम : मुग देवी श्रेष्ठ (प्रधान)<br>बुबा : रत्न प्रसाद श्रेष्ठ<br>ठेगाना : का.जि.का.न.पा.२९ ठमेल , काठमाडौं |

# भलिबल टोली फाइनल पुगे लाख इनाम पाउने



नेपाल समाचारपत्र

काठमाडौं

इम रानामगरको कप्तानीमा रहेको नेपाली भलिबल टोलीले एसियाली सेन्ट्रल जोन भलिबल प्रतियोगिताको उपाधि जिते २ लाख नगद पाउने भएको छ।

बुधबार बिदाइ कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव केशवकुमार विष्टले उपाधि जितेमा टोलीलाई २ लाख नगद दिने घोषणा गरेका हुन्। सदस्य सचिव विष्टले उपविजेता भएको खण्डमा पनि जनही १ लाख रुपियाँ पुरस्कार प्रदान गरिने जानकारी दिए।

आगामी अप्रिल २१ देखि २८ तारिखसम्म बंगलादेशको राजधानी ढाकामा हुने प्रतियोगितामा नेपाल र घरेलु टोली बंगलादेशसँगै साविक विजेता कीर्गिस्तान, तुर्कमेनिस्तान, माल्दिभ्स र अफगानिस्तानको सहभागिता रहनेछ। नेपाल अघिल्लो संस्करणमा तेस्रो भएको थियो, जुन नेपाली भलिबल इतिहासमा अहिलेसम्मकै ठूलो उपलब्धि पनि हो। नेपालले यसपटक स्वर्ण जित्ने लक्ष्य लिएको छ। टिमका कप्तान इम रानाले यसपटकको तयारी राम्रो रहेकाले फाइनलसम्मको यात्रा तय गरी उपाधि जित्ने टिमको लक्ष्य रहेको बताए। उनले सेटरको भूमिका निर्वाह गर्नेछन्।

त्यस्तै अन्य खेलाडीमा दीपकराज जोशी, हरि अधिकारी, सुरेन्द्रबहादुर बम, धनबहादुर भट्ट, मानबहादुर श्रेष्ठ, कुलबहादुर थापा, नरेन्द्र गिरी, राजु शेरचन, दिनेशराज गिरी, ईश्वर थापा र विनोदबहादुर चन्द रहेका छन्। टिमको प्रशिक्षकको भूमिकामा बलराम क्षेत्री र जगदीश भट्ट रहेका छन्। क्वीक स्पाइकरको रूपमा दीपक जोशी र सुरेन्द्र बमसँगै ५ खेलाडीले पहिलोपटक राष्ट्रिय टिममा स्थान बनाएका छन्।

नेपाली टोलीका मुख्य स्पाइकर मानबहादुर श्रेष्ठले यसपटक धैरै राम्रो तयारी भएकाले प्रतियोगिताको उपाधि जित्ने लक्ष्य लिइएको बताए। 'लामो समयसम्म क्याम्पमा रहेर तयारी गर्न पायौं, तर, केही मुख्य खेलाडी चोटग्रस्त हुनुले समस्या पारेको छ। नयाँ खेलाडी प्रतिभावान् छन्। पक्कै पनि राम्रो हुनेछ।' -श्रेष्ठले भने।

# साफ सुजुकी कपमा नेपाल समूह 'ए'मा

काठमाडौं, (नेस)

साफ सुजुकी कप फुटबल प्रतियोगिताको ड्र बुधबार सार्वजनिक भएअनुसार नेपाल समूह 'ए'मा परेको छ।

ढाकामा भएको ड्रअनुसार नेपालले आयोजक बंगलादेश, पाकिस्तान र भुटानविरुद्ध प्रतिस्पर्धा गर्नेछ। नेपालले ४ सेप्टेम्बरमा पहिलो खेल पाकिस्तानसँग खेल्नेछ। त्यस्तै ६ सेप्टेम्बरमा नेपालको खेल भुटानसँग हुनेछ। आयोजक बंगलादेशसँग नेपालले ८ सेप्टेम्बरमा प्रतिस्पर्धा गर्नेछ।

बंगलादेशमा सेप्टेम्बर ४ देखि १५ तारिखसम्म हुने प्रतियोगिताका डिफेन्डिङ च्याम्पियन भारत समूह 'बी'मा रहेको छ।

सो समूहमा माल्दिभ्स र श्रीलंका अन्य टोली हुन्। प्रतियोगिताअन्तर्गत समूहका शीर्ष दुईमा रहेमा नेपालले सेमिफाइनलमा प्रवेश पाउनेछ। आयोजक राष्ट्रका अनुसार सबै खेल ढाकास्थित बंगबन्धु नेसनल स्टेडियममा सञ्चालन हुनेछन्।




## धरहरा

# मौसम भर्नाको



जता हेर्‍यो उतै हुलका हुल मानिस छन्। सबैलाई भ्याइनभ्याई छ। वैशाखको महिना किताब पसलेलाई यस्तै हतारो। निजी विद्यालयलाई त भनिसाध्य छैन, मंसिर लागेको छ विद्यार्थी भित्र्याउन। तँछाडमछाड छ, लुछाचुँडी छ, तानातान छ, कसैका रित्तो भए, कसैका भरिएर ठाउँ छैन। नभरिनेको मुहार मलिन छ, भरिनेको चुरीफुरी बेग्लै।

अभिभावक पनि उस्तै। कुकुरको पुच्छर १२ वर्षसम्म ढुंग्रोमा हाल्यो बाङ्गाको बाङ्गै भन्याजस्तो। जति चर्को शुल्क लियो उति राम्रो ठान्ने रहेछन्। कम शुल्क लिएका त विद्यालय नै होइनन् भनेजस्तो ठान्ने।

यता सरकार भर्ना अभियान चलाएर अभिभावकत्व ग्रहण गर्न हिँडिरहेको छ। हिजो बुधबार त प्रधानमन्त्रीले सिरहाका दुई जनालाई अभिभावकत्व ग्रहण गर्नुभयो। यता सरकार विद्यार्थी खोज्दै गाउँघर शहरबजार घुम्दै छ भने उता निजी विद्यालयमा छानाछान फालाफाल छ। शिक्षाको नतिजा हेर्ने हो भने सामुदायिकभन्दा निजी अघि छ, सरकारको लगानीचाहिँ सामुदायिकमा छ।

अस्ति एउटा कार्यक्रममा उपमेयरज्यू कराउँदै हुनुहुन्थ्यो- तलबभन्दा बढी कसरी भर्ना फी तिर्ने भनेर। धरहराको सुझाव छ- तलबभन्दा बढी भर्ना फी होइन नि:शुल्क सामुदायिक विद्यालयमा आफ्ना बच्चा पढाऔं। अनि त टन्टा नै खत्तम कि कसो, पाठकवृन्द!

# बूढानीलकण्ठ सेमिफाइनलमा



बूढानीलकण्ठका विराज राना बलर्जविरुद्ध बल अगाडि बढाउँदै।

काठमाडौं, (नेस)

बूढानीलकण्ठ प्रथम मनमोहन स्मृति खुला बास्केटबल प्रतियोगिताको पुरुषतर्फ बुधबार सेमिफाइनलमा प्रवेश गरेको छ।

बूढानीलकण्ठले बलर्जलाई ८६-५१ ले पराजित गर्‍यो। बूढानीलकण्ठका विराज रानाले १८ अंक जोडे। जितसँगै बूढानीलकण्ठ समूह 'ए'को उपविजेता बन्यो। यो समूहबाट नेपाल आर्मी 'ए' विजेताका रूपमा यसअघि नै अन्तिम चारमा पुगिसकेको छ। नेपाल खेलकुद महासंघ, काठमाडौं-४ द्वारा आयोजित प्रतियोगिताको पुरुषकै अन्य खेलमा आर्मी 'बी' र एसडीसी हाउन्ड्सले जित हात पारे।

हाउन्ड्सले जेभियर इन्टरनेसनलमाथि ११२-१०८ ले पन्छायो। निर्धारित समयको खेल १००-१०० बराबरीमा सकिएपछि खेल अतिरिक्त समयतर्फ लम्केको थियो। अतिरिक्त समयमा हाउन्ड्सले जेभियरलाई १२-८ ले पछि पार्दै जित सुनिश्चित गर्‍यो।

# चोई मेमोरियल तेक्वान्दो शुरू

काठमाडौं, (नेस)

नेपाल आईटीएफको वार्षिक कार्यक्रमअनुसार तेक्वान्दोको जन्मदाता स्वर्गीय जनरल चोइ होङ हीको स्मृतिमा सर्लाहीको लालबन्दीमा शुरू भएको छ।

उद्घाटनपछिको खेलमा महिला ४०-४५ केजी तौल समूहमा नेपाल आर्मीकी निस्मा बस्याल पहिलो, पूर्वाञ्चलकी वर्षा सुनुवार दोस्रो र एपीएफकी अप्साना तामाङ र मध्यमाञ्चलकी सोनी खड्का तेस्रो भए।

# नेयमारको विश्वकप खेल्ने आशा



लन्डन, (एजेन्सी)

ब्राजिलका अन्तर्राष्ट्रिय फुटबलर नेयमारले आगामी विश्वकपका लागि स्वस्थ हुने आशा गरेका छन्। उनले १७ मेमा ट्रेनिङमा फर्कने पनि बताए। गत २५ फेब्रुअरीमा फ्रेन्चलिगअन्तर्गत एक खेलमा पेरिस सेन्ट जर्मेन (पीएसजी)का फरवार्डले खुट्टाको औंलाको हड्डी भाँचिदिएपछि शल्यक्रिया गर्नुपरेको थियो।

ब्राजिलले विश्वकपमा पहिलो खेल स्विजरल्यान्डविरुद्ध १७ जुनमा खेल्नेछ। जुन खेलका लागि करिब दुई महिना समय बाँकी छ। २६ वर्षीय खेलाडी नेयमारले भने- 'त्यतिबेलासम्म स्वस्थ हुने आशा गरेको छु।'

नेयमार गत अगस्टमा बार्सिलोनाबाट पीएसजीमा आबद्ध हुँदा विश्वकै सबैभन्दा महँगो फुटबलर भएका थिए। उनले फ्रेन्च टोलीका लागि १६ एसिस्टसँगै २५ गोल गरेका छन्। उनले साओ पाउलोमा भएको पत्रकार सम्मेलनमा बताए- 'मैले १७ मेमा अन्तिम जाँच गराउनेछु। त्यसमा म खेल्न स्वतन्त्र हुनेछु। मैले गत साता पनि जाँच गराइसकें। सबै ठीक छ। राम्रो सुधार भइरहेको छ। त्यसैले मैले यस्तै निरन्तरता पाएमा म छिटोभन्दा छिटो मैदानमा हुनेछु।'

उनले दिनहुँ उपचार गराइरहेको पनि बताएका छन्। उनले भने- 'दिनहुँ उपचार पाइरहेको छु। यो विश्वकप हो। मैले विश्वकपमा खेल्न चार वर्ष पर्खेको छु। यो निकट हुँदै छ।'

नेयमारले ब्राजिलका लागि आफ्नै राष्ट्रमा हुँदा खेलेका थिए। तर उनले चोट बेहोर्दै नखेल्दा ब्राजिलले सेमिफाइनलमा जर्मनीसँग ७-१ गोलअन्तरले हार्नुपरेको थियो।

यसको बाबजुद आगामी रुसमा हुने विश्वकपमा ब्राजिललाई च्याम्पियन जर्मनीसँगै उपाधि दाबेदारमा राखिएको छ। पाँचपटकको विश्व च्याम्पियन ब्राजिलले विश्वकपअन्तर्गत समूह 'ई'मा स्विजरल्यान्ड, कोस्टारिका र सर्बियासँग खेल्नेछ।

# माइभ्याली गोल्डकप आजबाट

इलाम, (नेस)

२०७५ सालमा मोफसलमा पहिलो प्रतियोगिताअन्तर्गत इलाममा गोल्डकप फुटबल प्रतियोगिता बिहीबारबाट शुरू हुँदै छ। तेस्रो संस्करणसम्म धुले खेलमैदानमा अन्तर्राष्ट्रिय माइभ्याली गोल्डकप प्रतियोगिता भएको थियो। तर आजबाट हुने चौथो संस्करणको प्रतियोगिता घाँसे मैदानमा हुँदै छ। मैदानको तीनतिर बाँसको अस्थायी प्याराफिटबाट दर्शकले बसेर खेलको मज्जा लिइने व्यवस्था आयोजकले मिलाएको छ। प्रतियोगिताको उद्घाटन खेलमा आयोजक माइभ्याली फुटबल क्लब इलाम र कास्की-११ बीच प्रतिस्पर्धा हुनेछ।

प्रतियोगितामा नेपाल, भारत र बंगलादेशका गरी बाह्र चर्चित फुटबल क्लबहरूले प्रतिस्पर्धा गर्दै छन्। प्रतियोगिताका विजेताले ५ लाख र उपविजेताले ३ लाख, सर्वाधिक गोलकर्ताले २५ हजार र म्यान अफ दि म्याचले १० हजार रुपियाँ प्राप्त गर्नेछन्। त्यस्तै सर्वोत्कृष्ट खेलाडीले यमाहाको १५० सीसीको मोटरसाइकल पाउनेछन्।

# तेक्वान्दो टोली जापान जाने

काठमाडौं, (नेस)

१६औं डब्ल्यूएटीए आईसीटीओ अन्तर्राष्ट्रिय तेक्वान्दो च्याम्पियनसिपमा सहभागी हुन ३० सदस्यीय नेपाली टोली बिहीबार जापानको ओसाका प्रस्थान गर्दै छ। अप्रिल २१ देखि २२ तारिखसम्म हुने प्रतियोगितामा विवेक श्रेष्ठ, चन्दु शाही, तिलक लामा, नन्दु विष्ट, प्रदीप आले मगर, सिद्धार्थराज प्रधान, जुनसाङ लामा तामाङ, अभय थापा, आयुश मगर, सौजन न्यासुर, विनोद थापा, आर्यन पौडेल, गौरव वरुण, परागदास गोर्खाली, जयराम कहर, दीपेन्द्रबुद्ध पृथी, भूमिश्वर भुसाल, सुनील सिंह, उज्ज्वल श्रेष्ठ, जय सुवेदी र कासिफ मियाले प्रतिस्पर्धा गर्नेछन्।

टिम प्रशिक्षकमा अशोक खड्का, अमिन तामाङ, प्रकाशमान राजभण्डारी, कोसिसबहादुर खड्का र रोशन खान तथा व्यवस्थापकमा निरज कुइँकेल, दिल महर्जन, राजकुमार पाण्डे र हरिराम सापकोटा रहेका छन्।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ